# प्रशासनिक सरोकार

मासिक

वर्ष ११ | अंक ५ | पुस, २०८० | मूल्य रु. १००/- | www.prashasaniksarokar.com




## सार्वजनिक प्रशासनमा प्रविधि र डिजिटलीकरण



## 'संघीय शासन व्यवस्थामा एउटा निकायले मात्रै सबै व्यवस्थापन गर्न सक्ने अवस्था छैन'

■ प्रमुख जिल्ला अधिकारी, धादिङ

लोकसेवा विशेष

# नीलकण्ठ नगरपालिकाको अनुरोध

- जन्म, मृत्यु, विवाह, बसाइसराइं जस्ता व्यक्तिगत घटना घटेको ३५ दिनभित्र आफ्नो वडा कार्यालयमा अनिवार्यरुपमा दर्ता गरौं ।
- नगरपालिकाका क्षेत्रभित्र रहेका सडक अतिक्रमण गरी बनाइएका घर, टहरा तथा अन्य संरचना यथाशीघ्र खाली गरी सार्वजनिक सडक तथा खाली जग्गा संरक्षण गर्ने अभियानमा जुटौं ।
- नगरपालिकाबाट स्वीकृत भवन निर्माण तथा सहरी योजना आधारभूत मापदण्डलाई पालना गरौं, भवन निर्माण तथा जग्गा प्लानिङ गर्दा अनिवार्य स्वीकृति तथा इजाजत लिएर मात्र गरौं ।
- हामीले तिरेको कर हाम्रै निम्ति हो, त्यसैले कर तिरौं । विकास निर्माणमा सहभागी बनौं ।
- घर/पसलबाट निस्किएको फोहोर नाला वा सडकमा नफालौं । नगरलाई सफा र सुन्दर बनाउन आ–आफ्नो ठाउँबाट लागौं ।
- नगरपालिका क्षेत्रभित्र रहेका पर्यटकीय क्षेत्र, ताल, तलैया र ऐतिहासिक सम्पदाको संरक्षण एवं सम्वर्द्धन गरौं ।
- महिला हिंसामुक्त समाजको निर्माण गरौं ।
- आफ्नो घर वरपर बोटविरुवा रोपी हरियाली बनाऔं ।
- घर बाहिर निस्कँदा अनिवार्यरुपमा मास्कको प्रयोग गरौं । सामाजिक दुरी कायम राखौं र नियमितरुपमा साबुनपानीले हात धुने बानी बसालौं ।

**नीलकण्ठ नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
धादिङबेसी, धादिङ, बागमती प्रदेश

---

# मालपोत कार्यालय चन्द्रनिगाहपुरको अनुरोध

- तपाईं मालपोत कार्यालयमा कुनै काम लिएर आउँदै हुनुहुन्छ भने, आफ्नो सक्कल नागरिकताको प्रमाण–पत्र, पासपोर्ट साइजको फोटो, सक्कल जग्गाधनी दर्ता प्रमाण पुर्जा, घर जग्गा लिँदाको लिखत, चालु आ.व. को मालपोत तिरेको तिरो रसिद र काम अनुसारको आफु बसेको वडाको सिफारिससमेत अनिवार्यरुपमा साथमा लिएर आउनुपर्छ ।
- मालपोत कार्यालयमा पेश गर्नुपर्ने लिखत फारम र निवेदनहरु सामान्य लेखपढ गर्न सक्नेहरुले भर्न सक्ने गरी तयार गरिएको छ । सरलीकृत निवेदन र फारमहरु भूमि व्यवस्थापन तथा अभिलेख विभागको वेवसाईट www.dolma.gov.np बाट डाउनलोड गर्नुहोस् ।
- फारम भर्न कुनै अलमलमा पर्नुभएको छ भने सहजिकरणको लागि मालपोत कार्यालयको सहायता कक्षबाट सहयोग लिनुहोस् ।

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
**मालपोत कार्यालय चन्द्रनिगाहपुर**
रौतहट




**१४ आवरण**

# सार्वजनिक प्रशासनमा प्रविधि र डिजिटलीकरण



**६**

अन्तर्वार्ता

**'संघीय शासन व्यवस्थामा एउटा निकायले मात्रै सबै व्यवस्थापन गर्न सक्ने अवस्था छैन'**

**बद्रीनाथ गैरे**
प्रमुख जिल्ला अधिकारी, धादिङ

**साथमा**

संघीय नेपालमा विकास व्यवस्थापनः समस्या, चुनौती एवम् अवसरहरू
– गोगनबहादुर हमाल / २४
नेपालमा श्रमशक्तिको वर्तमान अवस्था र स्थिति
– गम्भीरबहादुर हाडा / ३४
लोकसेवा विशेष / ३७ – ४०



**१०**

अन्तर्वार्ता

**'नगरपालिका भनेको नागरिकको घर हो'**

**पुरुषोत्तम सुवेदी**
प्रमुख प्रशासकीय अधिकृत
नीलकण्ठ नगरपालिका, धादिङ



**२०**

अन्तर्वार्ता

**'नागरिकको जीवनस्तर सुधार्ने विषयमा स्थानीय सरकारले ध्यान दिनुपर्छ'**

**मानबहादुर बराल**
प्रमुख प्रशासकीय अधिकृत
थाक्रे गाउँपालिका, धादिङ



**२६**

अन्तर्वार्ता

**'विकास र सेवा प्रवाहलाई एकैसाथ अगाडि लिएर गएका छौं'**

**राजु अधिकारी**
प्रमुख प्रशासकीय अधिकृत
गजुरी गाउँपालिका, धादिङ



**३०**

अन्तर्वार्ता

**'नेत्रावती डबजोङमा सुशासनसहितको विकासलाई तीव्रता दिएका छौं'**

**हरेराम साह**
प्रमुख प्रशासकीय अधिकृत
नेत्रावती डबजोङ गाउँपालिका, धादिङ

द्रष्टव्यः यस पत्रिकामा प्रकाशित लेख-रचनाहरुमा व्यक्त गरिएका विचारहरु सम्बन्धित लेखकका निजी हुन्।
ती विभिन्न विचारहरुले यस संस्थाको आधिकारिक रुपमा प्रतिनिधित्व गर्दैनन्। – प्रधान सम्पादक

**संस्थागत वार्षिक ग्राहक शुल्क रू. १,५००/-**

**प्रशासनिक सरोकार**

जि.प्र.का. काठमाडौं द.नं. ४७/०६९/०७०






**प्रकाशक/प्रधान सम्पादक:**
सुरेशराज बराल

**सम्पादक:**
सरोज घिमिरे

**कार्यकारी सम्पादक:**
कश्यप बराल

**समाचार प्रमुख:**
समुन्द्र अधिकारी

**प्रदेश संयोजकहरू:**
प्रियंका पोखरेल (गण्डकी)
रुपक ढकाल (लुम्बिनी)
यशोदा कोइराला (कोशी)
राजेन्द्र घिमिरे (कर्णाली)
ईश्वर चन्द (सुदूरपश्चिम)

**ठेगाना:**
का.म.न.पा. १०, काठमाडौं
prashasaniksarokar@gmail.com

**मधेश प्रदेश कार्यालय:**
लालबन्दी, सर्लाही
**संयोजक: कमला अर्याल**

**बागमती प्रदेश कार्यालय:**
हेटौंडा, मकवानपुर
**संयोजक: विजय ढुंगेल**

**मुद्रण:**
ग्रिष्मा ग्राफिक प्रा.लि.
बागबजार, काठमाडौं
E-mail: grishmagraphic@gmail.com


सम्पादकीय |

# नागरिकको ज्यान लिने दोषी उपर कारबाही गर

रोजगारी अनुमति प्रणाली (इपीएस) अन्तर्गत भाषा परीक्षामा सफल भई कोरिया रोजगारीका लागि जाने तरखरमा रहेका युवाको कोरिया रोजगारीको सपना राज्यको निर्मम व्यवहारसँगै चकनाचुरमात्र भएन उनीहरूले यस संसारबाट विदा लिनुपर्‍यो । पानी जहाजसँग सम्बन्धित कामका लागि संचालित परीक्षामा सामेल भएकाहरू उत्पादनमूलक कामका लागि भनी लिने परीक्षामा सामेल हुन पाउनुपर्ने सामान्य माग थियो युवाहरूको । त्यसै गरी सर्लाहीको बरहथवामा स्वास्थ्य संस्थाको स्तरोन्नतीको विषयमा विवाद हुँदा भएको झडपमा प्रहरीको गोली लागि विवादमा असंलग्न युवाको मृत्यु भएको छ । यी घटनामा राज्यले संयमता प्रदर्शन गर्न नसकेको देखिन्छ ।

अर्कोतर्फ यातायात व्यवस्था प्रभावकारी हुन नसक्दा दिनहुँजसो सवारी दुर्घटनामा परी नागरिकको मृत्यु भइरहेको छ । सडकको दयनीय अवस्था प्रमुख कारकको रूपमा देखिएको छ । थोत्रा सवारी हुन वा चालकको योग्यताको प्रश्न सधैं उठिरहेको देखिन्छ । नियमनको जिम्मा लिएका सरकारी निकायहरू निकम्मा बन्दा नागरिकले अनाहकमै ज्यान गुमाउनु परेको छ ।

नागरिकको जीवनमा गुणात्मक सुधारको सपना देखाउँदै गरिएका आन्दोलनमा कयौं नेपालीले सहादत प्राप्त गरे । व्यवस्था परिवर्तनका नाममा पटक पटक गरिने यस्ता आन्दोलनको प्रतिफल आमनागरिकले प्राप्त गर्न भने सकेका छैनन । व्यवस्थासँगै अवस्थामा परिवर्तन हुनु पर्ने थियो । तर सत्ता केन्द्रित राजनीतिले हाम्रो अवस्था जहाँको तहीँ छ ।

रोजगारीको अवसर नेपालमा नहुँदा विदेशिन बाध्य छन् युवाहरू । तोकिएको विधि र प्रक्रिया पुरा गरी वैदेशिक रोजगारीमा जान पाउँ भन्ने युवाहरूमाथि गरिएका यस्ता बर्बर घटनाका दोषिलाई कडाभन्दा कडा कारबाही हुन जरूरी छ । छानविनका नाममा दोषिलाई उम्काउने हो भने यस्ता घटना गर्ने गराउनेमा हौसला बढ्न जान्छ । आन्दोलन तथा तोडफोड नगरी नागरिकका माग वा आवाज नसुन्ने राज्यको प्रवृत्तिले पनि यस्ता घटनामा मलजल गरिरहेको छ । यस्तो अवस्थामा मृत्युपश्चात् दस लाख दिने, परिवारसँग सम्झौता गर्ने सजिलो मार्ग रोज्नुले सरकार नागरिक को जीउज्यानप्रति संवेदनशील छैन भन्ने नै देखाउँदछ ।

# दक्षिणकाली नगरपालिकाको अनुरोध

- गर्मी मौसममा मलेरिया, कालाजार, डेंगु, हैजालगायतका विभिन्न संक्रामक रोगहरु फैलिन सक्दछन् । संक्रामण रोग फैलाउने झिँगा, लामखुट्टे, भुसुना आदिको नियन्त्रण गरौं । शुद्ध र उमालेका पानी पिउने गरौं ।
- जन्म, मृत्यु, विवाह, बसाइसराईं जस्ता व्यक्तिगत घटना घटेको ३५ दिनभित्र अनिवार्यरुपमा दर्ता गरौं ।
- नगरपालिका क्षेत्रभित्र रहेका सडक अतिक्रमण गरी बनाइएका घर, टहरा तथा अन्य संरचना यथाशीघ्र खाली गरी सार्वजनिक सडक तथा खाली जग्गा संरक्षण गर्ने अभियानमा जुटौं ।
- नगरपालिकाबाट स्वीकृत भवन निर्माण तथा सहरी योजना आधारभूत मापदण्डलाई पालना गरौं, भवन निर्माण तथा जग्गा प्लानिङ गर्दा अनिवार्य स्वीकृति तथा इजाजत लिएर मात्र गरौं ।
- हामीले तिरेको कर हाम्रै निम्ति हो, त्यसैले कर तिरौं । विकास निर्माणमा सहभागी बनौं ।
- घर/पसलबाट निस्किएको फोहोर नाला वा सडकमा नफालौं । नगरलाई सफा र सुन्दर बनाउन आ–आफ्नो ठाउँबाट लागौं ।
- नगरपालिका क्षेत्रभित्र रहेका पर्यटकीय क्षेत्र, ताल, तलैया र ऐतिहासिक सम्पदाको संरक्षण एवं सम्वर्द्धन गरौं ।
- घर बाहिर निस्कँदा अनिवार्यरुपमा मास्कको प्रयोग गरौं । सामाजिक दुरी कायम राखौं र नियमितरुपमा साबुनपानीले हात धुने बानी बसालौं ।

**दक्षिणकाली नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

फर्पिङ, काठमाडौं, बागमती प्रदेश

---

# सडक डिभिजन कार्यालय चन्द्रनिगाहपुरको अनुरोध

सडक हामी सबैको साझा सम्पत्ति हो । यसको संरक्षण गर्नु हाम्रो दायित्व हो । सडक निर्माण गर्दा राज्यको ठूलो धनराशी खर्च हुन्छ । त्यसैले निर्माण भइसकेको सडक संरचनामा प्रतिकूल असर पर्ने गरी निम्न क्रियाकलापहरु नगरीदिनु हुन विनम्र अनुरोध गर्दछौं ।

- निर्माणाधीन सडकको सीमा अतिक्रमण गरी घर टहरा निर्माण नगरौं ।
- सडक तथा सडकमा निर्माण सामग्री राखी यातायात तथा पैदल यात्रीहरुलाई अवरोध नगरौं ।
- सडक क्षमताभन्दा बढी भार प्रयोग नगरौं ।
- सडकमा गाडी धुने, सडकको नाली पुरी फोहोर गर्ने, सडक नालीमा ढल मिसाउने जस्ता कार्य नगरौं ।
- सडकको पानी कुनै किसिमबाट निकास गरौं ।

नेपाल सरकार

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

**सडक विभाग**

**सडक डिभिजन चन्द्रनिगाहपुर**

रौतहट

# विभिन्न २५ वटा आवश्यक सेवामा हड्ताल गर्न निषेध

सरकारले विभिन्न २५ वटा आवश्यक सेवामा हड्ताल गर्न निषेध गरेको छ । आवश्यक सेवा सञ्चालन ऐन २०१४ को दफा ३ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गर्दै गृह मन्त्रालयले विभिन्न २५ वटा आवश्यक सेवामा हड्ताल गर्न निषेध गरेको सूचना राजपत्रमा प्रकाशित गरेको हो ।

यसमा डाँक, तार वा टेलिफोन सेवा, जल, स्थल वा हवाई मार्गबाट यात्री वा मालसामान ओसारपसार गर्ने यातायात सेवा, हवाई अड्डा वा हवाई जहाजको देखभाल, त्यसको सञ्चालन वा मर्मत गर्ने कामसँग सम्बन्धित सेवा रहेका छन् ।

त्यस्तै प्रिन्ट वा सरकारी छापाखानासम्बन्धी सेवा, सञ्चार सेवा, आन्तरिक सुरक्षा कार्यसँग सम्बन्धित सेवा, खानेपानीको सञ्चालन तथा वितरण सेवा, अस्पताल तथा स्वास्थ्य केन्द्र सञ्चालनसम्बन्धी




सेवा (एम्बुलेन्सलगायत) छन् ।

औषधि निर्माण तथा बिक्री वितरणसम्बन्धी सेवा, बैंकिङ सेवा, बीमा सेवा, विद्युत सेवा, मास्कसम्बन्धी सेवा, ह्याण्ड सेनिटाइजरसम्बन्धी सेवा, भेटेरिनरी सेवा, कन्सुलर सेवा विभागबाट प्रदान हुने सेवा, राहदानी विभागबाट प्रदान हुने सेवा, इन्टरनेट सेवामा पनि हड्ताल गर्न निषेध गरिएको छ ।

## ३२ करोडमा बन्यो चाँगुनारायणको अत्याधुनिक भवन



**चाँगुनारायण** नगरपालिकाको नयाँ भवन सञ्चालनमा आएको छ । नगरप्रमुख जीवन खत्रीले नगरपालिकाको सुविधासम्पन्न भवनको उद्घाटन गरेका हुन् । चाँगुनारायण नगरपालिका-५ छालिङ्ङमा २१ रोपनी तीन आना क्षेत्रफलमा ३२ करोड ७३ लाख ७७ हजार आठ सय १९ मा निर्माण भएको हो । त्यस अवसरमा नगरप्रमुख खत्रीले नगरको विकासमा नयाँ भवनबाट नगरवासीलाई सेवा प्रवाह गर्न सहज हुने बताए ।

नयाँ भवन निर्माणका लागि जिल्ला समन्वय समिति भक्तपुरले तीन करोड, केन्द्र सरकारबाट सात करोड ५० लाख प्राप्त भएको र बाँकी रकम नगरपालिकाको आन्तरिक स्रोतबाट व्यवस्थापन गरिएको थियो ।

## गोलन्जोर गाउँपालिकाको प्रशासकीय भवन निर्माणको शिलान्यास

**गोलन्जोर** गाउँपालिकाले आफ्नो सुविधा सम्पन्न प्रशासकीय भवन निर्माण सुरू गरेको छ । पालिकाको केन्द्र ग्वाल्टारमा करिब ४ रोपनी क्षेत्रफल जमिनमा निर्माण गरिने भवनको आइतबार एक कार्यक्रमका बीच अध्यक्ष शंकरराज बरालले शिलान्यास गरे ।

भवन शिलान्यास गर्दै अध्यक्ष बरालले भवन निर्माणपछि गाउँपालिका सबै शाखा एउटै भवनबाट संचालन हुने हुँदा सेवा प्रवाहसमेत प्रभावकारी हुने बताए । हाल गाउँपालिका भवन साँघुरो भएकोले एउटै कोठाबाट २ भन्दाबढी शाखा सञ्चालन हुँदै आएकामा नागरिकले सहज सेवा पाउन सकेका थिएनन् । अध्यक्ष बरालले निर्धारित समयभित्रै निर्माण सम्पन्न गर्न सबैजनाको भुमिका उत्तिकै रहने हुँदा सहयोगको लागि सबैसँग आग्रहसमेत गरे ।

सिन्धुलीका ९ मध्ये ८ स्थानीय तहले आफ्नै प्रशासनिक भवनको निर्णाण गरी सेवा प्रवाह सुरूवात गरिसकेका छन् । तर गोलन्जोर गाउँपालिकाले भने अहिलेसम्म



पनि आफ्नै प्रशासकीय भवनसमेत बनाउन सकेको थिएन । अब बन्ने ४ तल्ले भवनमा पार्किङसहित ३८ कोठा रहने छन् । दुई वर्षभित्रमा निर्माण सम्पन्न हुने भवनको अनुमानित लागत ६ करोड ११ लाख ११ हजार २ सय ५७ रूपैयाँ रहेको छ ।

सो अवसरमा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत ठाकुरप्रसाद दाहालले विकाससँग जोडिएको प्रशासकीय भवन निर्माणका लागि सबैको सहयोग र साथ आवश्यक रहेको बताएका थिए ।

# डिभिजन वन कार्यालयको अनुरोध

*'वन डढेलो नियन्त्रण गरौं, जैविक विविधता संरक्षणमा योगदान गरौं'*

वन डढेलोको कारण वन, वन्यजन्तु, वनस्पतिलगायत मानव जीवनसँग प्रत्यक्ष सरोकार राख्ने जैविक विविधताको नष्ट हुनुका साथै सामाजिक, आर्थिक तथा वातावरणीय समस्या समेत सिर्जना हुने हुँदा बेलैमा सचेत बनी निम्न कार्य गरी गराई वन डढेलो नियन्त्रणमा योगदान गरी सचेत नागरिकको कर्तव्य निर्वाह गरौं

- सुख्या समयमा वन क्षेत्रबाट ज्वलनशिल वस्तु हटाउने वा नियन्त्रित डढेलो लगाउने
- वन डढेलोबाट हुने क्षतिको विषयमा जनचेतना वृद्धि गरौं ।
- वन डढेलोको कारण उत्पन्न हुन सक्ने प्रतिकुलताका बारेमा आफु पनि बुझौं र अरुलाई पनि बुझाऔं ।
- वनमा आगो लगाउनु वन ऐन बमोजिम दण्डनीय क्रियाकलाप हो, साथै यस कसुरबाट लाखौं जीवजन्तु ढढेर खरानी हुने भएकोले धार्मिक हिसाबले पाप लाग्ने कुरा मनन गरौं । धार्मिक तथा कानुनी हिसाबले समेत दण्डनीय रहेको वन डढेला लगाउने निकृष्ट कार्य कोही कसैले नगरौं ।
- घरबारीमा हरियाली बढाऔं, स्वच्छ, शितल र स्वस्थ वातावरण कायम राखौं, जलवायु परिवर्तनको बढ्दो तापबाट बचौं ।

प्रदेश सरकार
मधेश प्रदेश
**उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय**
**प्रदेश वन निर्देशनालय**

## डिभिजन वन कार्यालय

चन्द्रनिगाहपुर, रौतहट



# गजुरी गाउँपालिकाको अनुरोध

- जन्म, मृत्यु, विवाह, बसाइसराई जस्ता व्यक्तिगत घटना घटेको ३५ दिनभित्र आफ्नो वडा कार्यालयमा अनिवार्यरुपमा दर्ता गरौं ।
- गाउँपालिकाका क्षेत्रभित्र रहेका सडक अतिक्रमण गरी बनाइएका घर, टहरा तथा अन्य संरचना यथाशीघ्र खाली गरी सार्वजनिक सडक तथा खाली जग्गा संरक्षण गर्ने अभियानमा जुटौं ।
- गाउँपालिकाबाट स्वीकृत भवन निर्माण तथा सहरी योजना आधारभूत मापदण्डलाई पालना गरौं, भवन निर्माण तथा जग्गा प्लानिङ गर्दा अनिवार्य स्वीकृति तथा इजाजत लिएर मात्र गरौं ।
- हामीले तिरेको कर हाम्रै निम्ति हो, त्यसैले कर तिरौं । विकास निर्माणमा सहभागी बनौं ।
- घर/पसलबाट निस्किएको फोहोर नाला वा सडकमा नफालौं । नगरलाई सफा र सुन्दर बनाउन आ–आफ्नो ठाउँबाट लागौं ।
- गाउँपालिका क्षेत्रभित्र रहेका पर्यटकीय क्षेत्र, ताल, तलैया र ऐतिहासिक सम्पदाको संरक्षण एवं सम्वर्द्धन गरौं ।
- महिला हिंसामुक्त समाजको निर्माण गरौं ।
- आफ्नो घर वरपर बोटविरुवा रोपी हरियाली बनाऔं ।
- घर बाहिर निस्कँदा अनिवार्यरुपमा मास्कको प्रयोग गरौं । सामाजिक दुरी कायम राखौं र नियमितरुपमा साबुनपानीले हात धुने बानी बसालौं ।

## गजुरी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

गजुरी, धादिङ, बागमती प्रदेश



▌बद्रीनाथ गैरे
प्रमुख जिल्ला अधिकारी
धादिङ

# ‘संघीय शासन व्यवस्थामा एउटा निकायले मात्रै सबै व्यवस्थापन गर्न सक्ने अवस्था छैन’

**अहिले तीनै तहका सरकार मुलुकमा कायम छन् । अहिलेको संघीय शासन व्यवस्थामा कुनै एउटा निकायले मात्रै सबै व्यवस्थापन गर्न सक्ने अवस्था छैन । सबै तहका सरकारका सबै निकायहरू, सरोकारवालाहरू सबैको समग्र प्रयासबाट नै जिल्लामा शान्ति सुरक्षा, भ्रष्टाचार, अनियमितता न्यूनिकरणलगायतका क्षेत्रमा सुधार गर्न सक्ने अवस्था हुन्छ । त्यसैले सबैको सहयोग प्राप्त हुनुपर्ने देखिन्छ ।**

**बागमती प्रदेशअन्तर्गत पर्ने धादिङ जिल्लाको प्रमुख जिल्ला अधिकारीमा हाल सहसचिव *बद्रीनाथ गैरे* हुनुहुन्छ । २०६३ सालमा नेपालको निजामति सेवामा प्रवेश गर्नुभएका सहसचिव गैरेले यसभन्दा अगाडि नुवाकोट र मकवानपुरमा सहायक प्रमुख जिल्ला अधिकारी तथा कालिकोट, रूकुम पश्चिम र प्युठानमा प्रमुख जिल्ला अधिकारीको रूपमा कुशलतापूर्वक कार्यसम्पादन गर्दै आफ्नो जिम्मेवारी पूरा गरिसक्नु भएको छ । २०७९ सालमा सहसचिव भएपछि भने अहिले धादिङ जिल्लाको प्रमुख जिल्ला अधिकारीका रूपमा कार्यसम्पादन गरिरहनु भएको छ । कार्यसम्पादनका हिसाबले अब्बल र कुशल प्रशासकका रूपमा चिनिनुहुने प्रजिअ गैरे अहिले धादिङ जिल्लाको सार्वजनिक सेवा प्रवाहलाई चुस्त, दुरूस्त, सरल र सहज बनाउन प्रतिबद्ध भएर लाग्नु भएको छ । सहसचिव गैरेसँग धादिङ जिल्लाको शान्तिसुरक्षा, सार्वजनिक सेवा प्रवाह, विकास निर्माणलगायतका कार्यमा जिल्लास्थित प्रजिअको कार्यालयले खेल्न सक्ने भूमिकाका सम्बन्धमा केन्द्रित भएर प्रधान सम्पादक *सुरेशराज बराल*ले गरेको कुराकानी प्रस्तुत छः**

**धादिङ जिल्लामा मातहतका निकायबाट प्रवाह हुने सेवालाई आफ्नो कार्यअवधिमा गुनासो रहित, नागरिक मैत्री र जवाफदेहिताका लागि सुधारका विषयमा कत्तिको जोड दिइरहनु भएको छ ?**

हामीले जिल्ला प्रशासन कार्यालयका साथसाथै जिल्लाका अन्य कार्यालयहरूबाट प्रवाह हुने सेवालाई सहज बनाउनका लागि सेवामा नागरिकको पहुँच सजिलै पुग्ने बनाउनका लागि, त्यसपछि कार्यप्रक्रियामा सरलीकरण गर्नको लागि, त्यसैगरेर सेवाग्राहीहरूका गुनासाहरूलाई तत्काल सम्बोधन गर्नको लागि आवश्यक व्यवस्थाहरू मिलाएका छौं । मासिकरूपमा कार्यालय प्रमुखहरूको बैठक पनि बस्छौं । त्यसबाट पनि विभिन्न निर्णहरू गरेर सबै कार्यालयलाई निर्देशन पनि दिएका छौं । त्यसैगरेर कार्यालयहरूको दैनिक अनुगमन गर्दै आउने समस्याहरूलाई छलफलमार्फत सहजीकरण गर्ने गरेका छौं । त्यस्तै हरेक कार्यालयहरूमा गुनासो सुन्ने अधिकारीको व्यवस्था गरिएको छ । त्यहीँबाट तत्काल गुनासो सम्बोधन गर्ने र उहाँहरूबाट सम्बोधन हुन नसकेका गुनासहरूचाहिँ जिल्ला प्रशासन कार्यालयबाट सम्बोधन गर्दै पनि आइरहेका छौं । कार्यालयसँग सम्बन्धित सूचनाहरू सहज ढंगले उपलब्ध गराउनका लागि कार्यालयमा सूचना अधिकारी तोक्ने, फेसबुकलगायतका सामाजिक संजाल, वेवसाइटसहित अन्य उपयुक्त माध्यमहरूबाट सूचनाहरू प्रवाह गर्ने कार्यहरू पनि गर्दै आइरहेका छौं ।

**जिल्ला प्रशासन कार्यालयबाट नागरिकले प्राप्त गर्ने नागरिकता, राष्ट्रिय परिचय पत्र, राहदानीलगायतका विषयलाई सहजरूपमा वितरण गर्ने व्यवस्था मिलाउन के कस्ता सुधारका प्रयास भइरहेका छन् ?**

जिल्ला प्रशासन कार्यालय धादिङमा सेवा प्रवाहलाई सुधार गर्नका लागि हामीले पछिल्लो समयमा धेरै राम्रा प्रयासहरू गरेका छौं । म यो जिल्लाको प्रमुख जिल्ला अधिकार भएर आउँदा खास गरेर राष्ट्रिय परिचयपत्र र राहदानी लिन एकदमै कठिनाई भइरहेको भनेर नागरिकका धेरै गुनासाहरू आइरहेको अवस्था थियो । म आइसकेपछि राष्ट्रिय परिचयपत्रको लागि अनलाइन फर्म कार्यालयबाटै निःशुल्क भर्ने व्यवस्था मिलाइएको छ । पहिला बाहिरबाट पैसा तिरेर फर्म भरेर आउनुपर्थ्यो । अहिले हामीले कार्यालयभित्रै निःशुल्क अनलाइन फर्म भर्ने व्यवस्था मिलाइएकोले त्यसबाट सेवा प्राप्तीमा सेवाग्राहीलाई धेरै सजिलो भयो । त्यसैगरेर राहदानीका लागि अनलाइन फर्म भरेर समय लिनुपर्ने अवस्था थियो । त्यसको लागि तीन चार महिनासम्म सेवाग्राही कुर्नुपर्ने, अनलाइन अपडेट हुन मुस्किल हुने, बाहिरका साइबरहरूबाट समय लिनुपर्ने, एकजना सेवाग्राहीले अनलाइन फर्म भरेर समय लिनको लागि पाँच/छ हजारसम्म रकम तिर्नुपरेको भन्ने जस्ता गुनासाहरू

> **जिल्ला प्रशासन कार्यालयका साथसाथै जिल्लाका अन्य कार्यालयहरूबाट प्रवाह हुने सेवालाई सहज बनाउनका लागि, सेवामा नागरिकको पहुँच सजिलै पुग्ने बनाउनका लागि, त्यसपछि कार्यप्रक्रियामा सरलीकरण गर्नको लागि, त्यसैगरेर सेवाग्राहीहरूका गुनासाहरूलाई तत्काल सम्बोधन गर्नको लागि आवश्यक व्यवस्थाहरू मिलाएका छौं ।**

आएका थिए । त्यसलाई हामीले हटाएर अहिले सिधै जिल्ला प्रशासन कार्यालयबाट टोकन दिएर दर्ता गर्ने व्यवस्था मिलाइएको छ । अहिले बाहिरबाट अनलाइन फर्म भर्नुपर्ने बाध्यताको अन्त्य गरिएको छ । त्यसले पनि राहदानी वितरणमा एकदमै सहज भएको छ । ७७ जिल्लामै हामीले पहिलो पटक राहदानीको विवरण डाइरेक्ट इनरोल हुने व्यवस्था गरेका थियौं । अहिले धेर जिल्लाहरूमा हामीले यो सिष्टम लागु गरेपछि अन्यत्र पनि सुरू भएको अवस्था छ । त्यसैगरेर नागरिकता सेवामा पनि पहिलाभन्दा धेरै सहज भएको छ । हामीले नागरिकता वितरणसम्बन्धी छुट्टै आन्तरिक कार्यविधि बनाएर पनि लागु गरेका छौं । सबै कागजात पुगेको हकमा हामीले एक घण्टाभित्रै नागरिकताको प्रमाणपत्र पनि उपलब्ध गराउने गरेका छौं । यसरी जिल्ला प्रशासन कार्यालयबाट प्रवाह हुने समग्र सेवा प्रवाहमा पछिल्लो समयमा धेरै सुधार भएको मैले महसुस गरेको छु । अहिले सेवाग्राही तथा अन्य सरोकारवालाहरूबाट पनि एकदमै राम्रो प्रतिक्रिया आएको अवस्था छ ।

**जिल्लामा शान्ति सुरक्षाको अवस्था कस्तो छ ?**

धादिङमा शान्ति सुरक्षाको अवस्था एकदमै मजबुत छ । पछिल्लो समयमा जिल्लामा त्यस्ता ठूला अपराधका घटना केही पनि घटेको अवस्था छैन । सुरक्षाका दृष्टिकोणले संवेदनशील विषयहरू पनि अहिले खासै छैनन् । जिल्लामा सबै सुरक्षा निकायहरूबीचको समन्वय पनि मजबुत छ । अपराध न्यूनिकरण, अपराधको अनुसन्धान र कारबाहीलगायतका कामहरू पनि प्रभावकारी ढंगले संचालन

भइरहेको अवस्था छ । समग्रमा भन्दा यहाँको शान्तिसुरक्षाको अवस्था मजबुत छ ।

**बजार अनुगमनलाई प्रभावकारी र जवाफदेही बनाउन कत्तिको जोड दिनुभएको छ ?**

अहिले बजार अनुगमनको जिम्मेवारी तीनै तहका सरकारलाई छ । तीनै तहका सरकारअन्तर्गतका निकायहरूबाट बजार अनुगमन हुँदै आइरहेको छ । त्यसमा हामीलाई संघीय सरकारको हिसाबले सहायक प्रमुख जिल्ला अधिकारीलाई वाणिज्य विभागले निरीक्षण अधिकृतको रूपमा बजार अनुगमनको जिम्मेवारी पनि दिएको छ । जिल्लाको बजार अनुगमनमा संलग्न हुने, सरोकार राख्ने सबै निकायहरूको सहभागितामा सहायक जिल्ला अधिकारीको नेतृत्वमा बजार अनुगमन हुँदै आइरहेको छ । त्यसमा हामीले समस्या देखिएकालाई तत्काल कारबाही गर्ने गरेका छौं । तत्काल जरिवाना गर्न सक्ने, तत्कालै कारबाही गर्न सक्ने अधिकार पनि दिइएको छ । बजार अनुगमनका क्रममा समस्या देखियो भने, कैफियत देखियो भने जोसुकैलाई पनि कारबाहीको दायरामा ल्याइरहेको अवस्था छ ।

**जिल्लामा विकास निर्माणका काममा अवरोध भए वा समन्वय गर्नुपर्ने भए सहजीकरण गर्ने जिम्मेवारी प्रमुख जिल्ला अधिकारीसँग भएको हुँदा समस्या समाधानका लागि के कस्तो भूमिका निर्वाह गरिरहनु भएको छ ?**

**जिल्लामा** विकास निर्माणको कामलाई सहजीकरण गर्ने सन्दर्भमा प्रमुख जिल्ला अधिकारीका फरक फरक भूमिका छन् । विकास निर्माणका लागि जग्गा प्राप्ति गर्न, मुआब्जा, क्षतिपूर्ति निर्धारण गर्ने, जग्गा प्राप्ति प्रक्रियालाई सहजीकरण गर्ने एउटा पाटो छ । त्यो पनि हामीले निरन्तररूपमा गर्दै आइरहेका छौं । त्यसैगरेर विकास निर्माणका कामहरू गर्दाखेरी सुरक्षाका दृष्टिकोणले काहिँकतै समस्या सिर्जना भयो भने तत्काल सुरक्षाकर्मी परिचलान गरेर हामीले सहजीकरण गर्दै आइरहेका छौं । त्यसैगरेर अन्य स्थानीयहरूबाट केही समस्याहरू भए, गुनासाहरू आए भने छलफल र समन्वयमार्फत त्यस्ता समस्याका गुनासोहरूमा सहजीकरण पनि गर्दै आइरहेको अवस्था छ । त्यस्तै विकास निर्माणको जिम्मेवारी लिने निर्माण व्यवसायीहरूले समयमै काम नगरेका गुनासाहरू पनि आउँछन् । त्यस्ता गुनासाहरू आउँदा सम्बन्धित आयोजना, कार्यालय, त्यसैगरेर निर्माण व्यवसायीहरूसँग समन्वय गरेर, छलफल गरेर हामीले त्यसलाई सहजीकरण गर्ने, तोकिएको समयमै निर्माण



**अहिले जिल्लामा शान्ति सुरक्षा कायम गर्न र अन्य प्रशासनीक कामकारबाही संचालन गर्ने सन्दर्भमा सबै तहबाट स्थानीय तह, राजनीतिक दल र अन्य कार्यालयबाट राम्रो सहयोग प्राप्त भइरहेको छ । काहिँकतैबाट त्यस्तो असहयोग भएको अवस्था छैन ।**

**हामीले पछिल्लो समयमा जिल्लामा केही सुधारका प्रयास गरेका छौं । केही रचनात्मक कामहरू पनि गरेका छौं । जस्तै सार्वजनिक कार्यक्रमहरू, सभासमारोहरूमा खादाको अधिकतम् प्रयोग हुँदै आइरहेकोमा खादा फजुल खर्चका रूपमा देखिएकोले हामीले जिल्लामा एक किसिमले बन्द पनि गराएका छौं । त्यसले समारात्मक प्रभाव परेको छ ।**

कार्य गराउने, अनुगमन गर्दै गुणस्तरको प्रत्याभूति गर्नेलगायतका कार्यहरू गर्दै आएका छौं । हामीले स्थलगतरूपमै पनि अनुगमन गरेर निर्देशन दिने र सहजीकरण गर्दै आइरहेको अवस्था छ ।

**स्थानीय तहका जनप्रतिनिधिहरूबाट प्रशासनिक कामकारबाहीका सम्बन्धमा कत्तिको सहयोग पाइरहनु भएको छ ?**

अहिले जिल्लामा शान्ति सुरक्षा कायम गर्न र अन्य प्रशासनीक कामकारबाही संचालन गर्ने सन्दर्भमा सबै तहबाट स्थानीय तह, राजनीतिक दल र अन्य कार्यालयबाट राम्रो सहयोग प्राप्त भइरहेको छ । काहिँकतैबाट त्यस्तो असहयोग भएको अवस्था छैन ।

**जिल्लामा भ्रष्टचार रोकथाम तथा नियन्त्रणका लागि के कस्ता प्रयास गरिरहनुभएको छ ?**

भ्रष्टाचार, अनियमितता न्यूनिकरण गर्ने, रोकथाम गर्ने सन्दर्भमा हामीले सबै सरोकारवालाहरूसँग समन्वय गरिरहेका छौं । सम्बन्धित कार्यालयहरूलाई र आयोजनाहरूलाई सचेत पनि गराउँदै आइरहेका छौं । त्यसैगरेर आयोजनाहरूका गतिविधिहरूलाई नियमित रूपमा निगरानी गर्ने, अनुगमन गर्ने, आएका गुनासाहरूको सम्बोधन गर्ने गरेका छौं । त्यसैगरेर केही उजुरीहरू पनि आउँछन् । खासगरेर अख्तियार अनुसन्धान आयोगमा परेका उजुरीहरूचाहिँ हामीलाई छानबिनका र अनुसन्धानको लागि पनि प्राप्त हुने गरेका छन् । तिनीहरूको अनुसन्धान गर्ने र हाम्रो तहबाट कारबाही गर्ने हुँदै आइरहेको छ भने केहीको चाहिँ अनुसन्धान गरेर अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा प्रतिवेदन पठाउने पनि गर्दै आइरहेका छौं ।

**विपत्त व्यवस्थापन पूर्व तयारीको अवस्थाचाहिँ कस्तो छ ?**

विपत्त व्यवस्थापनलाई विपत्त जोखिम न्यूनिकरण गर्ने त्यसपछि गएर पूर्व तयारी, त्यसैगरी विपत्तका घटना घटिसकेपछि त्यसमा परेका व्यक्तिहरूको तत्काल उद्दार, राहात व्यवस्थापनलगायतका प्रक्रियालाई एकीकृति र व्यवस्थित बनाउनको लागि हामीले जिल्लामा विपत्त प्रतिकार योजना बनाएर काम गरिरहेका छौं । जिल्लाका सबै स्थानीय तह, अन्य कार्यालयहरू, गैरसरकारी क्षेत्र, निजी क्षेत्रलगायत सरोकारवालासँग नियमित समन्वय गर्ने, जिल्ला विपत्त व्यवस्थापन समितिको बैठक पनि नियमितरूपमा बस्ने,

विपत्त उद्दार लागि आवश्यक पर्ने सामाग्रीहरू, त्यसैगरेर सुरक्षा निकाय र अन्य जनशक्तिलाई तयारी अवस्थामा राख्नेलगायतका कामहरू गर्दै आइरहेका छौं । जिल्लामा विपत्तका घटनाहरू घटिहालेमा तत्काल उद्दारका लागि टोलीहरू परिचालन गर्ने, राहात सामाग्री एकीकृतरूपमा वितरण गर्ने व्यवस्था, त्यसैगरेर विपत्तबाट क्षति भएका घरहरू पुनर्निर्माण गर्नका लागि सरकारले तोकेको दायरा र विधिअन्तर्गत रहेर पुनर्निर्माणका प्रक्रिया पनि अगाडि बढिरहेको अवस्था छ ।

**धादिङ जिल्लामा चुनौतिको रूपमा मुख्य गरी केलाई लिइरहनु भएको छ ?**

अहिले सुरक्षाका हिसाबले यहाँको अवस्था सामान्य नै छ । त्यति ठूलो चुनौति छैन । खास गरेर अहिले मुख्य चुनौतिको रूपमा देखिएको पृथ्वीराजमार्गको ८६ किलोमिटर खण्ड धादिङ जिल्लामा पर्छ । अहिले राजमार्ग विस्तारको लागि निर्माणको काम पनि भइरहेको अवस्था छ । एउटा यो निर्माणको कामलाई समयमै सक्न र गुणस्तरीयता कायम गर्नको लागि हामीले नियमितरूपमा अनुगमन गर्ने, समन्वय गर्ने पनि गर्दै आइरहेका छौं । निर्माणका काम भइरहेको अवस्थामा यातायातलाई सहज बनाउने काम एउटा मुख्य चुनौतिको रूपमा देखिएको छ । निर्माण समयमै सम्पन्न गर्ने र गुणस्तर कायम गर्ने कुरा पनि अर्को चुनौतिको रूपमा देखिएको छ भने यहाँ लामो राजमार्ग पर्ने हुँदा राजमार्गमा हुनसक्ने अवरोध तत्काल हटाउने । त्यसैगरेर यो क्षेत्रमा सवारी दुर्घटना पनि भइरहेको अवस्था छ । दुर्घटना न्यूनिकरण गर्ने, दुर्घटना भइहालेमा तत्काल उद्दारलगायतको व्यवस्थापन गर्ने कार्यचाहिँ अहिले मुख्य चुनौतिको रूपमा देखिएको छ । अन्य क्षेत्रमा भने त्यस्तो खासै चुनौतिहरू छैनन् ।

**समग्ररूपमा कार्यसम्पादनका क्रममा धादिङ जिल्लाको प्रशासनीक कामकारबाही र विकासप्रति कत्तिको सन्तुष्ट हुनुहुन्छ ?**

म सन्तुष्ट नै छु । जिल्लाको शान्ति सुरक्षाको अवस्था र प्रशासनीक कामकारबाहीलगायतका समग्र अवस्थालाई हेर्दाखेरी सन्तुष्ट हुने अवस्था छ ।

**र अन्त्यमा.....?**

अहिले तीनै तहका सरकार मुलुकमा कायम छन् । अहिलेको संघीय शासन व्यवस्थामा कुनै एउटा निकायले मात्रै सबै व्यवस्थापन गर्न सक्ने अवस्था छैन । सबै तहका सरकारका सबै निकायहरू, सरोकारवालाहरू सबैको समग्र प्रयासबाट नै जिल्लामा शान्ति सुरक्षा, भ्रष्टाचार, अनियमितता न्यूनिकरणलगायतका क्षेत्रमा सुधार गर्न सक्ने अवस्था हुन्छ । त्यसैले सबैको सहयोग प्राप्त हुनुपर्ने देखिन्छ । हामीले पछिल्लो समयमा जिल्लामा केही सुधारका प्रयास गरेका छौं । केही रचनात्मक कामहरू पनि गरेका छौं । जस्तै सार्वजनिक कार्यक्रमहरू, सभा समारोहरूमा खादाको अधिकतम् प्रयोग हुँदै आइरहेकोमा खादाचाहिँ फजुल खर्चका रूपमा देखिएकोले हामीले जिल्लामा एक किसिमले बन्द पनि गराएका छौं । त्यसले समारात्मक प्रभाव परेको छ । यीलगायत अन्य नयाँ केही सिर्जनात्मक कामहरू जस्तै सवारी दुर्घटना न्यूनिकरणका लागि अभियानहरू संचालन गरेका छौं । चालक, सहचालकहरूको स्वास्थ्य परिक्षणलगायतको अभियानहरू गरेका छौं । यसरी यस्ता रचनात्मक कामहरू पनि गरेका छौं । त्यसले धादिङमा मात्र नभएर मुलुकका अन्य जिल्लाहरूमा पनि यसको सकारात्मक प्रभाव परेको अवस्था छ । ■


## थाक्रे गाउँपालिकाको अनुरोध

- जन्म, मृत्यु, विवाह, बसाइसराइं जस्ता व्यक्तिगत घटना घटेको ३५ दिनभित्र आफ्नो वडा कार्यालयमा अनिवार्यरुपमा दर्ता गरौं ।
- गाउँपालिकाका क्षेत्रभित्र रहेका सडक अतिक्रमण गरी बनाइएका घर, टहरा तथा अन्य संरचना यथाशीघ्र खाली गरी सार्वजनिक सडक तथा खाली जग्गा संरक्षण गर्ने अभियानमा जुटौं ।
- गाउँपालिकाबाट स्वीकृत भवन निर्माण तथा सहरी योजना आधारभूत मापदण्डलाई पालना गरौं, भवन निर्माण तथा जग्गा प्लानिङ गर्दा अनिवार्य स्वीकृति तथा इजाजत लिएर मात्र गरौं ।
- हामीले तिरेको कर हाम्रै निम्ति हो, त्यसैले कर तिरौं । विकास निर्माणमा सहभागी बनौं ।
- घर/पसलबाट निस्किएको फोहोर नाला वा सडकमा नफालौं । नगरलाई सफा र सुन्दर बनाउन आ–आफ्नो ठाउँबाट लागौं ।
- गाउँपालिका क्षेत्रभित्र रहेका पर्यटकीय क्षेत्र, ताल, तलैया र ऐतिहासिक सम्पदाको संरक्षण एवं सम्वर्द्धन गरौं ।
- महिला हिंसामुक्त समाजको निर्माण गरौं ।
- आफ्नो घर वरपर बोटविरुवा रोपी हरियाली बनाऔं ।
- घर बाहिर निस्कँदा अनिवार्यरुपमा मास्कको प्रयोग गरौं । सामाजिक दुरी कायम राखौं र नियमितरुपमा साबुनपानीले हात धुने बानी बसालौं ।

**थाक्रे गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
महादेवबेसी, धादिङ, बागमती प्रदेश



**पुरुषोत्तम सुवेदी**
प्रमुख प्रशासकीय अधिकृत
नीलकण्ठ नगरपालिका
धादिङ

# ‘नगरपालिका भनेको नागरिकको घर हो’

सेवा प्रवाहमा सबैभन्दा ठूलो कुरा भनेको सुशासन हो । सुशासनसहितको सेवा प्रवाह गरियो भने दीगो हुन्छ, दरिलो हुन्छ र जनताले अनुभूति गर्न सक्छन् भन्ने हिसाबले नीलकण्ठ नगरपालिकामा हामीले काम गरिरहेका छौं । विशेषतः अहिले कानुनी राज्य भएको हुनाले कानुनलाई नै सर्वोपरी मानेर त्यसैका आधारमा हामीले विकास निर्माण र सेवा प्रवाह गरेका छौं ।

**नि**लकण्ठ नगरपालिका धादिङ जिल्लाको सदरमुकामसमेत भएको एउटा स्थानीय तह हो । नयाँ नयाँ सम्भावनाको खोजी गर्दै विकास र समृद्धिका लागि द्रुततर गतिमा अगाडि बढीरहेको यस नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतको भूमिकामा हाल *पुरूषोत्तम सुवेदी* कार्यरत हुनुहुन्छ । २०५४ सालबाट नेपालको निजामती सेवामा प्रवेश गर्नुभएका उपसचिव सुवेदी एउटा अनुभवी, प्रभाकारी ढंगले कार्यसम्पादन र निर्णय गर्न सक्ने खुबी भएका प्रमुख प्रशासकीय अधिकृतको रूपमा चिनिनुहुन्छ । विगत लामो समयदेखि विभिन्न स्थानीय तहमा रहेर कार्यसम्पादन गरिसक्नु भएका उपसचिव सुवेदीसँग नीलकण्ठ नगरपालिकामा संचालित विकास निर्माणका योजना, कार्यान्वयनको अवस्था, कानुनी प्रक्रिया, प्रभावकारी सेवा प्रवाहका लागि भएका प्रयासलगायतका विषयमा केन्द्रित भएर *समुन्द्र अधिकारी*ले गरेको कुराकानी प्रस्तुत छः

**नगरबासीलाई सुशासनसहितको डेलिभरी दिन आफु मातहतका निकायबाट प्रवाह हुने सेवालाई अझ प्रभावकारीरूपमा संचालन गर्नका लागि के कस्ता सुधारका प्रयास गरिरहनु भएको छ ?**

सेवा प्रवाहमा सबैभन्दा ठूलो कुरा भनेको सुशासन हो । सुशासनसहितको सेवा प्रवाह गरियो भने दीगो हुन्छ, दरिलो हुन्छ र जनताले अनुभूति गर्न सक्छन् भन्ने हिसाबले नीलकण्ठ नगरपालिकामा हामीले काम गरिरहेका छौं । हुनत सरकारहरू आफैं पनि सुशासनमा प्रत्यक्षरूपमा सरोकार राख्ने विषय भयो । सरकारहरू आफैं पनि त्यसमा सहभागी हुन्छन् । हामीले विशेषगरी सबैभन्दा पहिले कानुन निर्माण र त्यसपछि कार्यान्वयनमा जोड दिएका छौं । हामीलाई कुनै पनि समस्या पर्‍यो भने तत्काल कानुन बनाउँछौं । अरू विषयको हकमा नगर कार्यपालिकामा लगेर हरेक विषयहरू निर्णय गराएर मात्रै गर्ने गर्छौं । हाम्रो क्षेत्र ठूलो भएकाले सेवा प्रवाहका सवालमा स्थानीय वडा कार्यालयबाटै हुन सक्ने सेवाहरूलाई एकदमै जोड दिएका छौं । अर्को हामीले जस्तो घर दैलोअन्तर्गत घुम्ती शिविरमार्फत वडास्तरमा नगरपालिकाबाटै गएर पनि सेवाहरू प्रवाह गरिरहेका छौं । विशेषतः अहिले कानुनी राज्य भएको हुनाले कानुनलाई नै सर्वोपरी मानेर त्यसैका आधारमा हामीले काम गरिरहेका छौं ।

**नीलकण्ठ नगरपालिकामा विकासका आवश्यकता, सम्भावना र चुनौतिहरू के के देख्नु भयो ?**

हाम्रो मुलुकको भौगोलिक अवस्था एउटा समस्याको रूपमा रहेको छ । धेरैजसो पहाडी भूगोल भएको हुनाले विकास अति खर्चिलो छ । दोस्रो हामीसँग स्रोत साधन पनि अति नै कम छ । जस्तो अहिले यहींको कुरा गर्ने हो भने स्रोतको हिसाबले हामीले न्यूनतम् आधारभूतरूपमा मात्रै सेवा दिन सकेको अवस्था छ । हाम्रा आवश्यकता यति छन् कि त्यसको सम्बोधन गर्नलाई ठूलो बजेट चाहिन्छ तर हामीसँग एकदमै न्यूनतम् बजेट छ । जसले गर्दा हाम्रो स्रोत साधनको अत्यन्तै बहुउपयोग गर्नुपर्ने अवस्था छ । जस्तो तराइतिर एक किलोमिटर बाटो बनाउनलाई अहिलेको हिसाबले करिब ५० लाखमा राम्रै बाटो बन्छ तर पहाडतिर बाटो कालोपत्रेभन्दा पनि अरू पूर्वाधार बनाउनु पर्ने जस्तो जमिनमा पर्खाल लगाउनु पर्ने जस्ता कुराले गर्दा न्यूनतम ३/४ करोड खर्च आउँछ तर यो क्षेत्रमा स्रोत अति नै कम छ । त्यसका साथसाथै हाम्रा चुनौतिका क्षेत्र थुप्रै छन् । स्थानीय सरकारले अहिले एउटा मात्रै होइन धेरै कुरा हेर्नु परिरहेको अवस्था छ । संघीयता आउनुभन्दा अगाडि एउटा उद्देश्य विकास मात्रै थियो । अहिले शिक्षा, स्वास्थ्य, खानेपानी, रोजगारी सबै स्थानीय तहमा गएको त्योअनुसारको स्रोत साधन नभएको, त्यसअनुसारको सीपयुक्त जनशक्ति पनि हामीसँग नभएको अवस्था छ । स्थानीय तहमा शिक्षा, स्वास्थ्यलगायतका सबै क्षेत्र जोडिएको हुनाले कुन क्षेत्रलाई पहिलो प्राथमिकता दिने भन्ने समस्या एउटा छ । अहिले सात स्टेपअन्तर्गत वडास्तरबाट बजेट तर्जुमा गर्दै जाँदाखेरी त्यहाँ यति धेरै आवश्यकता आउँछन् की नागरिकका मागहरू थुप्रै छन् । त्यसलाई सम्बोधन गर्न हामीलाई गाह्रो हुन्छ । अर्को सबभन्दा महत्वपूर्ण क्षेत्र भनेको विद्यालय शिक्षा हो । हामीले विद्यालय शिक्षामा जति लगानी गरेका छौं, त्योअनुसार उकास्न सकेका छैनौं । तथापी स्थानीय सरकार आएपछि केही सुधारचाहिँ भएको छ । तैपनि जुनरूपमा हुनुपर्ने हो त्यो रूपमा हुन सकेको छैन । यस्ता यावत चुनौतिहरू स्थानीय तहमा छन् । अब त्यसलाई स्थानीय सरकारको रूपमा ट्याकल गर्दै जानुपर्छ । ठूला ठूला पूर्वाधारका सवालमा स्थानीय सरकारको क्षमताभन्दा बाहिरको कुरा भयो । यहाँ समन्वयको पाटोचाहिँ अलिकति कमजोर छ । तीन तहका सरकारको समन्वयका सवालमा जस्तो संघले पनि सानातिना कार्यक्रम पठाइदिने, स्थानीय तहलाई थाहै

**नीलकण्ठ नगरपालिकाको राजनीतिक तथा प्रशासनिक संरचना**

बागमती प्रदेश
जिल्लाः धादिङ
नगर प्रमुखः भीमप्रसाद ढुंगाना
उपप्रमुखः दिपक विश्वकर्मा
प्रमुख प्रशासकीय अधिकृतः पुरूषोत्तम सुवेदी
वडा संख्याः १४
क्षेत्रफलः १९९.८७ वर्ग किलोमिटर
जनसंख्याः ५८ हजार ८२८
(राष्ट्रिय जनगणना २०७८ अनुसार)
नगरपालिकाको केन्द्रः धादिङबेसी



नदिने, प्रदेशले पनि त्यसै गर्ने गरेको अवस्था छ । कहिलेकाहिँ समन्वयको अभाव भएको कारणले नभइरहेको स्रोत अथवा बजेट पनि दोहोरिएर गइरहेको जस्तो पनि देखिएको छ । जसले गर्दा यस्ता चुनौतिहरू धेरै छन् ।

**नगरपालिकामा अहिले बजेट खर्चको अवस्था कस्तो छ ?**

म यहाँ आएपछि मेरो पनि सहभागितामा यो वर्षको बजेट हामीले बनायौं । यसवर्ष हामीले अलिकति थोरै ट्रेन्ड जस्तो अघिल्लो वर्षहरूमा असार मसान्तमा नसकिएका कार्यक्रमहरूको सबै दायित्व चालु वर्षमा सारेर ल्याउने चलन रहेछ । म आएपछि त्यस्तो काम केही हदसम्म बन्द गराएँ । मैले सानातिना कामहरू तपाईँहरूले तीन महिनाभित्रमा सिध्याउनु भएन अथवा असार मसान्तभित्रै सम्पन्न गर्नु भएन भने त्यस्ता कार्यक्रमहरू सार्दिन भनेँ । त्यसले गर्दा पहिलेको रेसियोमा अहिले घटेको छ । हामीले यो वर्ष सम्भव भएसम्म असारमा चेकै काट्दैनौं भन्न त सकिँदैन तर हतार गरेर काम गर्दैनौं । लगभग बैशाख जेठभरीमै सानातिना प्रकृतिका सबै कामहरू सिध्याउने भन्ने छ तर ठूला बहुवर्षीय योजनाहरूचाहिँ चलि नै रहन्छन् । जब जेठ असार लागेपछि काम सुरू गरिन्छ त्यहाँ गुणस्तर आउँदैन । यदि त्यस्ता कामलाई बैशाख जेठभन्दा अगाडि नै अनुगमन गर्न सक्यौं भने त्यहाँ गुणस्तर आउँछ । अहिले करिब करिब हामीले स्वीकृत कार्यक्रमअनुसारको टेण्डरहरू निकालि सकिएकोले ठेक्कामार्फत कार्यान्वयनमा गइसकेका छन् । यदि ठेकेदारहरूले साँच्चै नै दिएको समयअनुसार काम गरे भने हामीले यो वर्षचाहिँ लक्ष्य भेट्छौं भन्ने लागेको छ ।



**स्रोतको हिसाबले हामीले नागरिकलाई न्यूनतम् आधारभूतरूपमा मात्रै सेवा दिन सकेको अवस्था छ । हाम्रा आवश्यकता यति छन् कि त्यसको सम्बोधन गर्नलाई ठूलै बजेट चाहिन्छ तर हामीसँग एकदमै न्यूनतम् बजेट छ । जसले गर्दा हाम्रो स्रोत साधनको अत्यन्तै बहुउपयोग गर्नुपर्ने अवस्था छ ।**

**स्थानीय तहप्रति नागरिकका अपेक्षा बढेकाले जनप्रतिनिधिले त्यहीअनुसार कार्यक्रम ल्याउन खोज्नु एउटा बाध्यता अथवा राजनीतिक उद्देश्य पनि होला । तर प्रशासनिक तहबाट प्रतिफल नदिने कार्यक्रमहरूलाई निरूत्साहित गर्ने जनप्रतिनिधिहरूलाई कत्तिको घच्घच्याई रहनु भएको छ ?**

जनप्रतिनिधिहरू भनेको जनताको मुखको बोली बोलिदिने हो । उहाँहरूलाई बोल्ने वित्तकै चाहिने हो तर त्यसको निकास के हुन्छ भन्दा पनि जनताले के मागेका छन् भन्ने हो । जनताहरूमा पनि हामीले चुनेर पठाएको हामीले भनेपछि उसले गरिदिनु पर्छ भन्ने छ । अब त्यहाँनेर त्यसको प्रभाव के हुन्छ, विश्लेषण हुँदैन । त्यो विधिसम्मत छ कि छैन त्यहाँ विश्लेषण नै हुँदैन । यस्ता कुराहरूमा बीचमा बसेर हामी छलफल गर्छौं । मैले सकेसम्म जुन उपलब्धीविहीन छ, जुन दीगो खालको छैन त्यसमा खर्च नगरौं तर कतिपय अवस्थामा सेवा सम्बोधन गर्नलाई गर्नुपर्ने पनि हुन्छ । त्यसबाट जनतामा सन्तुष्टि बढ्छ भने गरौं तर विधिसम्मत हुनुपर्‍यो भनेका छौं । हामीले ग्राहक सन्तुष्टि सर्वेक्षण पनि गरिरहेका हुन्छौं । त्यस्तै प्रत्येक त्रैमासिकमा सार्वजनिक सुनुवाई पनि गरिरहेका हुन्छौं । जनप्रतिनिधिहरूलाई विधि र विधानभित्र बस्नलाई अथवा सुशासनभित्र बस्नलाई अलिकति जोड गरेका छौं । कार्यपालिकाको बैठकमा प्रमुख प्रशासकीय अधिकृतको हैसियतले मैले नै पनि नमिल्ले विषयचाहिँ यसरी नगरौं, यसलाई कानुन सम्मतरूपमा यसरी मिलाएर जान सकिन्छ भनेर भन्ने गरेको पनि छु । समग्ररूपमा भन्दा अहिले नीलकण्ठ नगरपालिकाको हकमा त्यति धेरै समस्या छैन ।

**नागरिकले विकासमा अपनत्व लिन नखोजिरहेको अथवा जनसहभागिता घट्दै गएको अवस्थामा प्रशासनिक तहबाट जनतसभागिता बढाउनका लागि के कस्ता पहल गरिरहनु भएको छ ?**

विकासमा जनसहभागिताको विषयचाहिँ अलि जटिल छ । सुरूमा उपभोक्ता समितिको जुन अवधारणा आयो त्यो एकदम राम्रो अवधारणा हो । उपभोक्ताले आफुलाई आवश्यक परेको विषयमा आफैं संलग्न हुने, आफैं निर्माण गर्ने, अनि आफैं अनुगमन गरेर आफैं उपयोग गर्ने भनेर आएको जुन उपभोक्ता समितिको अवधारणा थियो, सुरूमा आउँदा यो अवधारणा एकदम राम्रो थियो । त्यो अहिले डाइभर्ट भएर गयो । कतिपय अवस्थामा उपभोक्ता समिति ठेकेदारी प्रथामा गइसकेको पनि देखिन्छ । जो अलिकति चलाख छ, ऊमात्र उपभोक्ता समितिमा बस्न चाहने तर अलि सोझा मान्छेहरू बस्न नचाहने अवस्था आएको छ । सायद वैदेशिक रोजगारमा बढी गएर हो कि, किन हो विकासमा जनसहभागिता कम हुँदै गएको छ । जसले गर्दा विकास निर्माणमा अलि समस्या भएको छ । तर यहाँ सडक बत्तिका कुराहरू, सानातिना सरसफाईका विषयहरूमा हामीले टोल विकास संस्थाहरूलाई सँगसँगै लिएर गइरहेका छौं । समग्ररूपमा भन्नुपर्दा उपभोक्ता समिति बनाउन गाह्रो भएको भन्ने कुरा आइरहेको छ ।

**सिद्धान्ततः स्थानीय तहमा पक्ष विपक्ष नहुने भनिरहँदा जनप्रतिनिधिहरूले त्यही खालको अभ्यास गर्न खोज्दा योजना कार्यान्वयनमै समस्या देखिने, अर्कोतिर सीमित स्रोत साधन, कानुनी उल्झन त्यस्तै दक्ष कर्मचारीको अभावका बीच सहजीकरण गर्दै नागरिकका अपेक्षा सम्बोधन गर्नचाहिँ कत्तिको कठिनाई देख्नुहुन्छ ?**

हरेक ठाउँमा म जाने वित्तिकै मैले के भन्छु भने नगरपालिका भनेको नागरिकको घर हो । त्यसैले नागरिकका लागि जुनसुकै बेला खुल्ला हुनुपर्छ र हुन्छ पनि । तर तपाइँहरू सही उद्देश्य र एउटा लक्ष्य लिएर आउनुभयो भने खुल्ला हुन्छ, दुरासायीयुक्त मनसाय लिएर आउनु भयो भने तपाइँहरूलाई प्रवेश हुँदैन भनेको छु । यो भनेको नागरिक कस्तो किसिमको छ भन्ने कुरा पहिलो प्रश्न हो । सबै नागरिकको अपेक्षा

कानुन सम्मत हुन्छ हुँदैन भन्ने प्रश्न पनि हो । सबै नागरिकले सही उद्देश्य लिएर आएका छन् कि छैनन् भन्ने हो । सही नागरिकको पहिलो कर्तव्य उनीहरूले पूरा गर्ने हो भने एक हदसम्म चुनौति समाधान गर्न धेरै सहज हुन्छ । अर्को पक्ष विपक्षको कुरा छ, त्यस्तै स्रोत साधनको कुरा छ । तथापी हाम्रा विधि र प्रक्रियामा सात चरणको बजेट छनौट र तर्जुमा गर्ने तरिका छ । वडास्तरमै गएर छलफल गर्ने विषयहरू छन् । त्यसपछि उपमेयरको संयोजकत्वमा बजेट तर्जुमा समिति छ, कार्यपालिका छ, नगरसभा छ । यी सबै प्रक्रिया अपनाउने हो भने त्यहाँभित्र भएका विधी र प्रक्रियालाई सबैले मान्ने हो भने समस्या हुँदैन । जब पार्टीगतरूपमा विभाजन हुन थाल्छ, त्यसपछि समस्या देखिन्छ । वास्तवमा स्थानीय सरकार संचालनमा पक्ष र विपक्षको व्यवस्था गरेकै छैन, त्यो कल्पना पनि गरेको छैन । तथापी कहिलेकाहीँ त्यस्तो समस्या हुन्छ । यदि समस्या हुँदा निराकरणचाहीँ जस्तो नगर प्रमुख, उपप्रमुखलगायतका जनप्रतिनिधिहरूले नेतृत्व गरेर त्यो विषयलई समाधान गर्नुभयो भने अरू समस्या आफैं समाधान भएर जान्छ भन्ने मलाई लाग्छ ।

**नगरपालिकाले नागरिकको जीवनस्तर उकास्न कस्ता कार्यक्रमहरू संचालन गरिरहेको छ ?**

अहिले हामीले नागरिकको जीवनस्तर उकास्न केही कार्यक्रमहरू संचालन गरिरहेका छौं । जस्तो निलकण्ठको हकमा कुरा गर्दा ठूला ठूला कार्यक्रमहरू संचालन गर्न सकिँदैन । बजेट थोरै छ तर सकेसम्म विदेश जान नपरोस् अथवा विदेश गईसकेर आएको सम्पत्तिलाई सुरक्षित गर्न सक्नुहोस् भन्ने हिसाबले एउटा हामीसँग वित्तीय साक्षरता भन्ने कार्यक्रम छ । विदेश जानुभन्दा अगाडि र फर्केर आएपछि उहाँहरूलाई वित्तीय सुरक्षा सम्बन्धी मनोसामाजिक परामर्श वित्तीय साक्षरताअन्तर्गत त्यस विषयमा हामी जानकारी दिन्छौं । जस्तो विदेशबाट आएको पैसालाई घरका मान्छेले जोगाउन सकुन्, त्यसबाट केही काम गर्न सकुन् भन्ने हिसाबले वित्तीय परामर्श दिन्छौं । त्यसले केही हदसम्म राम्रो सकारात्मक सन्देश दिएको छ । अर्को हामीले सुरू गरेको मेयर उद्यमशीलता कार्यक्रम भन्ने छ । प्रत्येक वडाबाट कम्तिमा २५ जनालाई आइएलओ स्ट्याण्डर्डमा तालिम दिने र तालिम लिइसकेपछि हामीले ऋणका लागि ग्लोबल आईएमई बैंकसँग सम्झौता गरेका छौं । हाम्रो कार्यविधिमा प्रतिव्यक्ति दुई लाखसम्मको ऋण दिने भन्ने छ । धितोको रूपमा नगरपालिका आफैं बसिदिने भन्ने छ । महिलाको हकमा ६ प्रतिशत र पुरुषको हकमा ५ प्रतिशत व्याज नगरपालिका आफैंले तिरिदिने भनेर यो कार्यक्रम ल्याएका छौं । अहिले सकारात्मकरूपमा अगाडि बढेको छ । यसरी हामीले तालिम दिनेक्रममा अहिलेसम्म आठ वटा वडामा सिध्याई पनि सक्यौं । उहाँहरू ऋण लिन आउनेक्रममा पनि हुनुहुन्छ । यसले नागरिकको जीवनस्तरमा अलि सुधार ल्याउला भन्ने हामीले आशा गरेका छौं । वडामा कृषि र पशु सेवाका कार्यक्रमअन्तर्गत बाख्रा पालन प्रवर्द्धन, भैंसी पालन प्रवर्द्धन, तरकारी खेती प्रवर्द्धन जस्ता कार्यक्रमहरू छन् । ति कार्यक्रमहरूलाई अहिले कार्यविधि नै बनाएर व्यक्तिलाई होइन एउटा व्यवसायिकतालाई जोड दिनुपर्छ भन्ने हिसाबले अगाडि बढाएका छौं ।

**दुवै पक्षबाट आर्थिक तथा प्रशासनिक अनुशासनको पालना नहुँदा स्थानीय तहमा भ्रष्टचार बढ्यो भनेर विभिन्न निकायका प्रतिवेदनले औंल्याइरहेका हुनाले जवाफदेहिताका लागि कत्तिको प्रतिवद्ध हुनुहुन्छ ?**

कुनै पनि ठाउँमा काम गर्दाखेरी यहाँनेर अलिकति चुहावट हुन्छ जस्तो लाग्यो भने मैले त्यसलाई ठ्याक्कै बन्द गरेर अगाडि गएको छु । हरेक काम गर्दाखेरी पहिले भएका कामहरूको पनि विश्लेषण गर्ने अनि काहिँकतै चुहावट छ जस्तो लाग्यो भने मैले अगाडि पनि भनें अहिले कोटेशनका कुराहरू धेरै रोकेको छु । अघिल्लो वर्षमा बजेट राखेर त्यसलाई सार्दै अर्को वर्ष लाने असारमसान्तमा गएर सिध्याउने भन्ने कुरालाई पनि रोकेको छु ।

**एउटा प्रशासनिक नेतृत्वका हिसाबले नगरपालिकाको समग्र विकासमा कत्तिको सन्तुष्ट हुनुहुन्छ ?**

सबभन्दा पहिलो कुरा स्रोत साधन हो । स्रोत सधानको उपलब्धता र त्यसको प्रयोगको सुनिश्चितता हो । हामीसँग स्रोत साधन नै कम भएकाले त्यहीअनुसार आवधिक योजना बनाएका छौं । नगरको विकासका लागि रणनीतिहरू बनाएका छौं । नीतिहरू बनाएका छौं तर त्योअनुसार हामीले विकास गर्न सकेको छैन । किनभने हामीसँग पर्याप्त स्रोत नै छैन । आवधिक योजना, गुरू योजना, रणनीतिक योजनाहरू हेरेर जाने हो भने विकासको हकमा म सन्तुष्ट छैन । जस्तो हामीले तीन वर्षे योजना बनाउँछौं तर हामीसँग तीन वर्षे योजनाअनुसारको पैसा पनि हुँदैन । त्यो हिसाबले सन्तुष्ट हुन सकिँदैन । नगरपालिका एउटा स्थानीय सरकार भएको हुनाले जित्ने त पार्टीकै प्रतिनिधिहरू हो । उहाँहरूको आफ्नै घोषणापत्र हुन्छ । घोषणापत्रअनुसारका कहिलेकाहीँ कार्यक्रमहरू अलि ठूलाठूला किसिमका र अलिकति थोरै डाइभर्ट भएका देखिन्छन्, त्यसलाई पूरा गर्नुपर्ने चुनौति एक ठाउँमा छ । तर त्योदेखि बाहेक अरू स्रोत साधनको हिसाबले म नगरको विकासप्रति सन्तुष्ट नै छु ।

**लामो समयदेखि स्थानीय तहमै रहेर कार्यसम्पादन गरिरहँदा स्थानीय तहमा जे जस्ता प्रशासनिक समस्याहरू देख्नुभयो, त्यसको सुधारका लागि व्यक्तिगतरूपमा के सुझाब दिनुहुन्छ ?**

सुधारका हकमा दुई तीन वटा कुरा गर्नुपर्छ । पहिलो कुरा स्थानीय सरकार भनेको जनप्रतिनिधिले नै नेतृत्व गर्ने हो । जहिले पनि राजनीतिले प्रशासनलाई डोऱ्याउँछ । यो भनेको ध्रुव सत्य र अकाट्य कुरा हो । तर हस्तक्षेपचाहिँ गर्नु हुँदैन भन्ने कुरा हो । यहाँ राजनीतिले प्रशासनलाई डोहोऱ्याउने भएको हुनाले पहिलो कुरा जो राजनीतिक व्यक्तिहरू आउनुहुन्छ अथवा जसलाई हामीले स्थानीय सरकार वा वडा तहमा पठाउँदा सक्षम मान्छे चुनिनु पऱ्यो भन्ने मेरो पहिलो कुरा हो । सक्षम, खारिएको, बुझेको भयो भने उहाँहरूबाट हुने काममा फरक पर्छ । दोस्रो कुरा सुधारका लागि स्वनियन्त्रण र स्वअनुशासनमा बस्नुपर्छ । अर्को सुधारको पाटो भनेको समन्वय र सहकारिता हो । अहिले मैले धेरै ठाउँमा समन्वयको समस्या देखेको छु । कर्मचारी र राजनैतिक नेतृत्वका बीचमा पनि धेरै समस्याहरू छन् । मैले नढाँटीभन्दा यो ठूलो कि म ठूलो, ऊ हिजोको त्यस्तो, म यस्तो भन्ने कुरा धेरै ठाउँमा सुनेको पनि छु । सबभन्दा पहिले यो कमजोरी फाल्नुपर्छ । हिजो जस्तोसुकै अवस्था भए पनि आजको पोजिसन के हो त्यो पोजिसनलाई मानेर गयो भने सुधार हुन्छ । जनप्रतिनिधिहरूले पनि मौखिकरूपमा नभई जनताले भनिहाले गरिहाल्नु पर्छभन्दा पनि त्यसलाई विधिसम्मत रूपमा लिएर जानुपर्छ । जे जति स्रोत साधन भएपनि त्यसमा थोरै योजनावद्धरूपमा जाँदा हामीसँग गुरूयोजना छ, आवधिक योजना छ, वार्षिक योजना छ, रणनीति छ । यी कुराहरूसँग जोडिएर गयो भने विकास निर्माणमा समस्या हुन्छ जस्तो लाग्दैन । ■




**आवरण**

# सार्वजनिक प्रशासनमा प्रविधि र डिजिटलीकरण

**विश्वमा पछिल्लो समयमा सबैभन्दा खोजिएको, रोजिएको, रूचाइएको, पछ्याइएको र प्रयोगमा ल्याइएको अवधारणाको रूपमा नवप्रवर्तनलाई लिएको पाइन्छ जसका कारण विश्वव्यापी प्रतिस्पर्धा विज्ञान र प्रविधि हुँदै आज नवप्रवर्तन केन्द्रित भएको छ ।**



**तोमनाथ उप्रेती**

**विषय प्रवेशः**

नवीनताको आवश्यकताको बोध गर्नु र खोजी गर्नु मानवीय सिर्जनशीलताको नतिजा हो । आफ्नो परिवेशमा आउने स्वाभाविक परिवर्तनलाई स्वीकार्न र समायोजन हुन हिच्किचाउने हिजोको मानवीय प्रवृत्तिमा परिवर्तन भई जीवनका हरेक विषय, क्षेत्र, समस्या र समयमा आज नयाँपनको अनुयायी बनेको छ । विश्वमा पछिल्लो समयमा सबैभन्दा खोजिएको, रोजिएको, रूचाइएको, पछ्याइएको र प्रयोगमा ल्याइएको अवधारणाको रूपमा नवप्रवर्तनलाई लिएको पाइन्छ । जसका कारण विश्वव्यापी प्रतिस्पर्धा विज्ञान र प्रविधि हुँदै आज नवप्रवर्तन केन्द्रित भएको छ । नवप्रवर्तन नीतिमार्फत शासकीय कुशलता अभिवृद्धि गर्दै सेवा प्रवाहमा प्रभावकारीता ल्याउनु पर्दछ । सुचना प्रविधीको उच्चतम् प्रयोग गर्दै यसबाट सार्वजनिक सेवा प्रवाह गर्नसक्नु आजको समयको माग रहेको छ । नयाँ सार्वजनिक सेवा सार्वजनिक प्रशासनको क्षेत्रमा आएको एउटा नविनतम् अवधारणा हो । यसले लोकतान्त्रिक मूल्यहरूप्रति पुनर्विश्वास, बजार प्रतिस्पर्धा र ग्राहकको सट्टा लोकतन्त्र र नागरिकमा विश्वास, सरकार व्यवसाय होइन भन्ने कुरामा जोड, जनतालाई कुरा सुनाउने

होइन जनताको कुरा सुन्ने, दिग्दर्शन होइन सेवा गर्ने, नागरिक संलग्नता र लोकतान्त्रिक सुशासनलागायतका विशेषता बोकेको छ । नयाँ सार्वजनिक शासन २१ औं शताब्दीमा शासन प्रक्रिया अभ्यास गर्ने क्रममा विकास भएको पछिल्लो मान्यता हो । यो मान्यतामा प्रशासकहरूको भूमिका वास्तविकरूपमै सम्बन्धित निकाय र निष्पक्षरूपमा सरोकारवालाको सहभागिता सुनिश्चित गर्ने दिशामा केन्द्रित रहेको छ ।

**नवप्रर्वतनः**

२१औं शताब्दीमा उपभोक्तारूपी जनतालाई सेवा पुऱ्याउन सहज छैन । हरेक सरकार समयानुकूल परिवर्तन उन्मुख सोचमा दत्तचित रहनुपरेको छ । प्रशासनिक कौशलताको प्राण नै उच्च नैतिकता, इमान्दारीता, उत्तरदायित्व र व्यावसायिकता हो । त्यो व्यक्तिमात्र आदर्श हुन सक्छ जसमा उच्च नैतिकता हुन्छ । व्यवस्थापकीय नैतिकताअन्तर्गत मातहत कर्मचारीलाई समान व्यवहार गर्नुपर्छ । कामको उत्तरदायित्व स्पष्ट हुनुपर्छ । सुधारप्रतिको प्रतिबद्धता हुनुपर्छ । लोभ, रिस, निराशा एवं कुण्ठबाट उन्मुक्त हुनुपर्छ । पछिल्ला दिनमा सार्वजनिक सेवा प्रवाहमा नैतिकता, उत्तरदायित्व र व्यावसायिकतामा जोड दिन थालिएको छ । सार्वजनिक सेवा प्रवाहमा नवप्रर्वतनको थालनी गर्दै यसबाट सेवा प्रवाहलाई प्रभावकारी बनाउनु समयको माग हो । नवप्रर्वतनमुखी शासन प्रक्रियामा सार्वजनिक निकायमा सेवाग्राहीको गुनासो सुन्ने छुट्टै अधिकृत, छुट्टै डेस्क र छुट्टै कार्यविधि तोकिनुपर्छ । प्राप्त गुनासोउपर गुनासो सुन्ने अधिकृतले कुन कार्य प्रक्रियाद्वारा सो गुनासोको समाधान गरी सेवाग्राहीले अपेक्षा गरेअनुसारको सेवा प्राप्त गर्न सक्छन्, यसको सुनिश्चितता हुनु जरूरी छ । नवप्रर्वनत सम्बन्धमा हिजोआज विश्वव्यापी बहसले निरन्तरता पाईरहेको अवस्था छ ।

नवप्रवर्तन हिजोआज निकै चलनचल्तीमा आएको शब्द हो । नवप्रवर्तन शब्दको अर्थ फराकिलो छ । नवप्रवर्तन शब्दले सामान्यतया विकासका लागि नयाँ विचारको सफल कार्यान्वयन गर्ने भन्ने बुझाउँछ । यस अर्थमा कुनै पनि प्रक्रियालाई बढी उपलब्धिमूलक बनाउन फरक ढंगले सोच्नु र प्रयोग गर्नुलाई नवप्रवर्तन भन्न सकिन्छ । नवप्रवर्तन आविष्कारसँग पनि सम्बन्धित हुन्छ । तथापि नवप्रवर्तन र आविष्कार फरक विषय हुन् । आविष्कार नयाँ विचार वा ज्ञानको सिर्जना हो भने नवप्रवर्तन देश विकासका लागि नयाँ

> **नेपालमा नवप्रर्वतनमुखी शासन प्रणालीको प्रभावकारीतामा बिभिन्न समस्याहरू रहेका छन् । जसले नवप्रर्वतनमुखी शासन प्रणालीको प्रभावकारीताको आविष्कार र विकासलाई अवरोध गर्दछ ।**
>
> **सरकारले नवप्रर्वतनमुखी शासन प्रणालीमा प्रोत्साहन र इन्सेन्टिभ्स प्रदान गर्नु पर्दछ । यसले सेवा प्रदायकहरूको उत्कृष्टता, अविष्कार र नवीनतामा योगदान गर्ने कर्मचारीहरूलाई प्रोत्साहन गर्दछ ।**

वा पुरानो विचारलाई बढी उपलब्धिमूलक बनाउन फरक ढंगले प्रयोग गर्ने प्रक्रिया हो । विश्वमा पछिल्लो समयमा सबैभन्दा खोजिएको, रोजिएको, रूचाइएको, पछ्याइएको र प्रयोगमा ल्याइएको अवधारणाको रूपमा नवप्रवर्तनलाई लिएको पाइन्छ जसका कारण विश्वव्यापी प्रतिस्पर्धा विज्ञान र प्रविधि हुँदै आज नवप्रवर्तन केन्द्रित भएको छ । नवप्रवर्तन स्वतः वा संयोगबाट प्रस्फुटन हुने प्रक्रिया होइन । मानव जीवनका विविध पक्षसँग सम्बन्धित विचार वा सोच, वस्तु वा उत्पादन, सेवा वा व्यापार, विधि पद्दति वा प्रणालीमा खोजिने वा सिर्जना गरिने उन्नत फरकपन नै वास्तवमा नवप्रवर्तन हो । जसले मानवीय गतिविधिलाई सरल, सहज, सुपथ, प्रभावकारी, गतिशील, नतिजामूलक र समसामयिक बनाउँदछ । नवप्रवर्तनलाई हालको समस्यामा नयाँ समाधानको रूपमा हेर्ने गरेको पाइन्छ । नवप्रर्वतनका लागि नयाँ विचार वा ज्ञानको पहिचान र छनौट गर्न उपयुक्त नीति निर्माण हुनु आवश्यक छ । यस्तो नवप्रर्वतन नीतिको सही कार्यान्वयन गर्न विशेषज्ञहरु रहेका प्रभावकारी संयन्त्र र सञ्जाल आवश्यक पर्छ ।

नेपालमा शासन र नवीनता दुवै एक अर्कासँग सम्बन्धित छन् । नवीनता लागु गर्न शासनले नयाँ र आधुनिक प्रविधी, विचार, रणनीति र व्यवस्थाहरु प्रयोग गर्न सक्छ । यसबाट नेपालमा सरकारी सेवाहरूले सुचारु र उचित प्रदान गर्न सक्छन् र जनतालाई वृहतर लाभ पुऱ्याउन सक्छन् ।

**नेपालमा सार्वजनिक शासन प्रक्रियामा नवप्रर्वतनका क्षेत्रहरूः**

**डिजिटल शासनः** नेपालमा डिजिटल शासनको अवस्था विकसित गर्न सकिने गरी सरकारी सेवाहरूले इलेक्ट्रोनिक तथा अनलाइन माध्यमबाट सेवा प्रदान गर्न सक्छन् । यसले नागरिकलाई सरकारी सेवाहरूमा सुगमता, अवसर र अधिकारको पहुँच स्थापित गर्न सहयोग गर्दछ ।

**खुला सरकारः** नेपालमा खुला सरकारको अभियानले सरकारले निर्णय गर्ने प्रक्रिया, सूचना, र निर्णयको प्रकाशन खुल्ला गरेर जनताले पहुँच प्राप्त गर्न सक्छ । यसले सार्वजनिक प्रशासनलाई स्वच्छ, पारदर्शी, नागरिकमैत्री, जवाफदेही र समावेशी बनाउन मद्दत गर्दछ ।

**सार्वजनिक-निजी सहकार्यः** नेपालमा सार्वजनिक र निजी क्षेत्रका बीच सहकार्यको प्रयोग गर्ने अभियानले नयाँ र नवीनताका उपायहरु खोज्न सहयोग गर्दछ । यसले सरकारले प्राप्त गर्न नसकेको संसाधनहरु र विशेषज्ञतालाई उपयोग गर्न सक्दछ ।

**सार्वजनिक सेवा प्रवाहका नयाँ माध्यमः** सार्वजनिक सेवाहरूले नयाँ माध्यमहरु जस्तै इन्टरनेट, सोसल मिडिया, मोबाइल एप्लिकेसन, आदि प्रयोग गर्ने गरी नागरिकहरूलाई सजिलो र सुगमतामा सेवा प्रदान गर्न सक्छन् ।

**नेपालमा सार्वजनिक सेवा प्रवाहमा नवप्रर्वतनको आवश्यकताः**

नेपालमा सार्वजनिक सेवा प्रवाहमा नवप्रर्वतनमुखी शासन प्रणालीका मान्यताहरू ग्रहण गर्न आवश्यक छ । नयाँ विचार र नवीनतालाई सार्वजनिक सेवा प्रवाहको क्षेत्रमा अवलम्बन गर्ने हो भने सेवा प्रवाहमा प्रभावकारीता र गतिशीलता आई जनविश्वास अभिवृद्धि गर्न सकिन्छ । नेपालमा सार्वजनिक सेवा प्रवाहमा सेवा प्रदायकहरूले नयाँ प्रविधि, मुल्य, मान्यता र औजारहरूको प्रयोग गरी सार्वजनिक सेवा प्रवाहमा गतिशिलता ल्याउनु पर्दछ । उदाहरणार्थ, वेवसाइट र मोबाइल एप्लिकेसनहरूका माध्यमबाट सार्वजनिक सेवाहरूको प्रवाह गर्न सकिन्छ । यसबाट नागरिकहरूले आफ्नो आवेदनहरु वा अनुरोधहरु घरबाटै दर्ता गर्न र सार्वजनिक सेवा लिन सक्दछन् ।

**नेपाल एक्सेलेरेटर ल्याव र सार्वजनिक सेवा प्रवाहः**

नेपालमा एक्सेलरेटर ल्यावले सहयोग, सहसिर्जन र असफलताबाट सिक्ने कुरामा जोड दिन्छ । यसले नवप्रवर्तनको संस्कृतिलाई प्रोत्साहित गर्दछ र जटिल विकास मुद्दाहरु समाधान गर्न नयाँ दृष्टिकोण र विधिहरुको विकासलाई समर्थन गर्दछ । स्थानीय ज्ञान र विशेषज्ञताको उपयोग गरेर, प्रयोगशालाले नेपालमा दीगो विकासमा योगदान पुर्‍याउन सक्ने सन्दर्भ विशिष्ट समाधानहरु खोज्ने लक्ष्य राखेको छ । नेपाल एक्सेलेरेटर ल्यावले तीन चरण प्रक्रिया पछ्याउँछः अन्वेषण, प्रयोग र मापन । अन्वेषण चरणमा, प्रयोगशालाले सन्दर्भ बुझ्न, प्रमुख चुनौतिहरु पहिचान गर्न र सम्भावित समाधानहरु पत्ता लगाउन गहिरो गोताखोरी र अनुसन्धानमा संलग्न हुन्छ । प्रयोगको चरणमा, बिभिन्न विचार र प्रोटोटाइपहरु स्थानीय साझेदारहरु र समुदायहरूसँगको सहकार्यमा विकसित, परीक्षण र परिष्कृत हुन्छन् । अन्तमा, स्केलिङ् चरणमा सफल पहलहरु र हस्तक्षेपहरु ठूलो प्रभाव सिर्जना गर्न मापन गरिन्छ । नेपालमा एक्सेलरेटर ल्यावले नवप्रवर्तनलाई बढावा दिन, प्रमाणमा आधारित समाधानहरु सिर्जना गर्न र देशमा विकासका चुनौतीहरुको लागि अनुकूल र लचिलो दृष्टिकोणलाई बढावा दिन महत्वपूर्ण भूमिका खेल्छ ।

**नेपालमा सार्वजनिक सेवा प्रवाहमा नवप्रवर्तनः**

नेपालमा सार्वजनिक सेवा प्रवाहमा नवप्रवर्तनको प्रयोग गर्नु आवश्यक छ । यसले सार्वजनिक सेवा प्रवाहमा सुधार गर्ने बिभिन्न अवसरहरु प्रदान गर्दछ । त्यसैगरी नवप्रवर्तनको प्रयोगले सार्वजनिक सेवा प्रवाहमा नयाँ खोज, विधि, पद्दति, मान्यता र उपायहरु अवलम्वन गर्ने र सिर्जनशीलतालाई सेवा प्रवाहमा प्रयोग गरी सार्वजनिक सेवा प्रवाहमा प्रभावकारीता अभिवृद्धि गर्न मद्दत गर्दछ । सरकारले सार्वजनिक सेवा प्रवाहको क्षेत्रमा नवीनता, अनुसन्धान, विकास र सिर्जनशिलतालाई बढावा दिनु आवश्यक छ । नेपालमा सेवा प्रदानमा नवप्रवर्तन लागू गर्नका लागि बिभिन्न नीति र कार्यक्रमहरूको थालनी गरेको छ । उदाहरणस्वरूप, वेवसाइटहरु, मोबाइल एप्लिकेसनहरू, ईसेवा पोर्टलहरु, बारकोड प्रणाली, इलेक्ट्रोनिक भुक्तानी, इलेक्ट्रोनिक प्रशासनिक कामकारबाही, जनसम्पर्क प्रणाली, डिजिटल रेकर्ड निर्माण र व्यवस्थापन, गभर्नमेन्ट-टू-गभर्नमेन्ट पोर्टलहरु, अनलाइन समर्थन दस्तावेज, नागरिक एप, डिजिटल नेपाल फ्रेमवर्क आदि औजारहरूको सुरूवात गरिसकेको अवस्था विधमान छ ।

**ग्लोबल इनोभेसन इन्डेक्स, २०२० मा रहेका १३१ राष्ट्रमध्ये ११७ औं स्थानमा रहनुले हाम्रो दयनीय अवस्थाको प्रतिविम्वित गर्छ । परम्परागत सोच अन्धविश्वास आदिले ग्रसित समाजमा वैज्ञानिक चिन्तन एउटा चुनौतिको विषय हो । विज्ञान प्रविधिमा लगानी बढाउन बलियो विज्ञान प्रविधि नीति शासन तथा प्रशासन स्थापित हुन अपरिहार्य छ ।**

**सरकारले नवप्रवर्तनमुखी शासन प्रणालीमा प्रोत्साहन र इन्सेन्टिभ्स प्रदान गर्नु पर्दछ । यसले सेवा प्रदायकहरूको उत्कृष्टता, आविष्कार र नवीनतामा योगदान गर्ने कर्मचारीहरूलाई प्रोत्साहन गर्दछ । अनुदान, पुरस्कार, सम्मान आदिको माध्यमबाट नवप्रवर्तनमुखी शासन प्रणालीमा प्रोत्साहन गर्नुपर्छ ।**

**नेपालमा नवप्रर्वतनमुखी शासन प्रणालीका समस्याहरूः**

नेपालमा नवप्रर्वतनमुखी शासन प्रणालीको क्षेत्रमा केही समस्याहरु छन् जसले नवप्रर्वतनमुखी शासन प्रणालीका प्रक्रियामा अवरोध प्राप्त गर्दछन् । यसरी नेपालमा नवप्रर्वतनमुखी शासन प्रणालीको प्रगतिमा बाधा विरोध खडा गर्दछ । नेपालमा नवप्रर्वतनमुखी शासन प्रणालीका समस्याहरुमा नवप्रर्वतनमुखी शासन प्रणालीको क्षेत्रमा कानूनी-नीतिगत व्यवस्थाको अभाव रहेको महसुस गरिन्छ । कानूनी र नीतिगत व्यवस्थाले नवप्रर्वतनमुखी शासन प्रणालीको विकासमा महत्वपूर्ण भूमिका खेल्छ तर यसको अभावले नवप्रर्वतनमुखी शासन प्रणालीका प्रयासहरूलाई समस्यामुलक बनाउँदछ । नवप्रर्वतनमुखी शासन प्रणालीका संस्थागत बाधाहरु महत्वपुर्ण समस्याको रुपमा रहेको छ । कमजोर संस्थागत संरचना, प्रक्रिया सिर्जनामा रमाउने रोगग्रस्त कर्मचारीतन्त्रले नवप्रर्वतनमुखी शासन प्रणालीका प्रक्रियालाई अवरुद्ध पार्दछन् । जसको परिणामस्वरुप नवप्रर्वतनमुखी शासन प्रणालीका प्रक्रियाहरू गतिशीलताको अभावमा फस्न सक्छन् । त्यसैगरी नेपालमा नवप्रर्वतनमुखी शासन प्रणालीको प्रभावकारी कार्यान्वयनमा समन्वय र सहकार्यको अभाव रहेको अवस्था छ । नवप्रर्वतनमुखी शासन प्रणालीको प्रभावकारीतामा विश्वासहीनता पनि एउटा महत्वपूर्ण समस्या हो । विश्वासहीनताले नेपालमा नवप्रर्वतनमुखी शासन प्रणालीका सार्वजनिकतालाई संकटमा राख्ने कार्य गर्दछ ।

यसरी, नेपालमा नवप्रर्वतनमुखी शासन प्रणालीको प्रभावकारीतामा बिभिन्न समस्याहरु रहेका छन् । जसले नवप्रर्वतनमुखी शासन प्रणालीको प्रभावकारीताको आविष्कार र विकासलाई अवरोध गर्दछ । यसका समाधानका लागि सकारात्मक नीति र कार्यहरूको विकास, सांगठनिक समन्वय र सहकार्य, विश्वासयोग्यता र अधिकारिकताको अभावलाई प्रभावकारीरूपमा समाधान गर्ने प्रयास शासकीय व्यवस्थापनका सबै तह र पात्रहरूबाट आजैबाट गर्नु पर्दछ ।

**नेपालमा सार्वजनिक सेवा प्रवाहमा नवप्रर्वतनलाई प्रोत्साहन कसरी गर्ने ?**

**नीति र सार्वजनिक व्यवस्थाको नियमनमा परिवर्तन गर्ने** : सरकारले नवीनता प्रोत्साहन गर्न नीति र नियमन व्यवस्थामा परिवर्तन गर्नुपर्छ । नयाँ नीति र व्यवस्थाहरूले नवीनतालाई समर्थन गर्ने वातावरण सिर्जना गर्नुपर्छ ।

**संगठनात्मक समन्वय र सहकार्यः** सरकारी संस्थाहरूले संगठनात्मक समन्वय र सहकार्यमार्फत नवप्रर्वतनका लागि, संगठनात्मक समन्वय र सहकार्यको संचालनमा जोड दिनु पर्दछ । संगठनहरूले कर्मचारीहरूलाई नवीनताका लागि अवसरहरु प्रदान गर्ने, उनीहरूको विचार र सुझावलाई समावेश गर्ने र नवीनताका लागि आवश्यक साधन सुविधाहरु प्रदान गर्ने गर्नुपर्छ । बिभिन्न स्थानीय संगठन, गैरसरकारी संगठनहरु, विश्वविद्यालय, तथा गैरसरकारी संगठनहरूसँग सहकार्य र साझेदारी गर्नुपर्छ । समाजले नवीनता विकासका लागि एकसाथ आउन सक्ने गर्दछ र यसले सेवा प्रदान प्रणालीमा नवीनता ल्याउन सहयोग प्रदान गर्दछ ।

**सामुदायिक सहभागितामा जोडः** नेपालमा सामुदायिक सहभागितामार्फत नवीनता प्रोत्साहनमा सरकारले नागरिकहरु, स्थानीय संघ संस्थाहरू, गैरसरकारी संगठनहरु, विश्वविद्यालय र विद्यालयहरूसँग सहभागितामा रही नवीनता योजनाहरूको विकासमा सहयोग गर्नुपर्छ ।

**प्रोत्साहन र इन्सेन्टिभ्सः** सरकारले नवप्रवर्तनमुखी शासन प्रणालीमा प्रोत्साहन र इन्सेन्टिभ्स प्रदान गर्नु पर्दछ । यसले सेवा प्रदायकहरूको उत्कृष्टता, आविष्कार र नवीनतामा योगदान गर्ने कर्मचारीहरूलाई प्रोत्साहन गर्दछ । अनुदान, पुरस्कार, सम्मान आदिको माध्यमबाट नवप्रवर्तनमुखी शासन प्रणालीमा प्रोत्साहन गर्नुपर्छ ।

**नवीनता संचालनको विकासः** सरकारले नवीनता संचालनको विकासमा प्राथमिकता दिनुपर्छ । नवीनता संचालनका लागि नीति, दिशा निर्देशन र मार्गदर्शनहरूको विकास गर्नुपर्छ । यसका साथै सामग्री, साधन, प्रविधि र कौशलको उचित संयोजन र विकास गर्नु पर्दछ ।

**आवश्यकता निर्धारण र उपयोगकर्ता समीक्षाः** सेवा प्रदायकहरूले सटिकरूपमा आवश्यकताको पहिचान तथा निर्धारण गर्नुपर्छ र नवप्रर्वतन उपयोगकर्ताहरूको सेवा प्रवाहमा त्यसको प्रयोग र पालनाको समीक्षा गर्नु पर्दछ । यसले नयाँ विचार र नवीनतालाई अनुकरण गर्न अनुमति दिन्छ ।

**प्रविधी प्रगति र डिजिटलीकरणः** प्रविधिको प्रगतिले सेवा प्रदान प्रणालीमा नवीनता ल्याउँछ । सार्वजनिक सेवा प्रवाहमा नवीनता र रूपान्तरण ल्याउन नेपालमा डिजिटल प्लेटफर्म र ईसेवाहरूको विकास गर्न जरूरी भइसकेको छ । डिजिटलीकरणले सेवा प्रदायकहरूलाई उपयुक्त, गतिशील र दक्ष समाधान प्रदान गर्दछ ।

**अभियान र प्रशिक्षणमा जोडः** नवप्रर्वतन र नवीनता विकासमा अभियानहरु चलाउनुपर्छ र सेवा प्रदायकहरूलाई नवीनतम् सोच र कौशलहरूको विकासका लागि प्रशिक्षण प्रदान गर्नु पर्दछ । नेपालमा नवप्रर्वतनको विकास गर्ने क्षेत्रमा समूह प्रशिक्षण, कार्यक्रम र गतिविधिहरु आयोजना गर्ने उपायहरु अपनाउन जरूरी छ ।

सेवा प्रवाहलाई प्रभावकारी बनाउन चालिनुपर्ने उपायहरूमा सुशासन ऐनका माध्यमबाट नीति निर्धारण, मन्त्रालय र सचिवालयका कार्यहरु व्यवस्थित गर्नुपर्छ । सरकारले गर्ने, निजी क्षेत्रलाई दिन सकिने र गैरसरकारी संस्थालाई दिन सकिने कार्यलाई आउट सोर्सिङ र कन्ट्राक्टिङ आउट गरी सेवा वितरण कार्यमा प्रावकारिता ल्याउन सकिने देखिनेछ । सेवा वितरणको कार्यमा सेवाग्राहीको सहभागिता बढाउनुपर्छ । स्थानीय तहको क्षमता अभिवृद्धि गर्ने कार्यक्रम सञ्चालन गर्नुपर्छ । एउटै निकायबाट बिभिन्न खालका सेवा वितरण हुने व्यवस्था मिलाउनुपर्छ । उपभोक्तको गुनासो सुन्ने, अनुगमन गर्ने, कार्यान्वयनमा सुधार ल्याउने परिपाटीको विकास गर्नुपर्छ । पारदर्शिता कायम गर्ने र पाउनुपर्ने सेवा सुविधा नपाएवापत क्षतिपूर्तिको सुनिश्चितता गर्नुपर्छ । स्पष्ट जिम्मेवारी तोकी कर्मचारीलाई सेवाग्राहीप्रति प्रत्यक्ष उत्तरदायी बनाउने कानुनी व्यवस्था मिलाउनुपर्छ । साधन स्रोतको पर्याप्त व्यवस्था गर्नुपर्छ । निर्णय गर्ने तहहरु घटाउने र सकेसम्म निर्णय गर्ने कार्य कार्यस्थलमा नै खटिने कर्मचारीबाट गराउने व्यवस्था मिलाउनुपर्छ । दण्ड र पुरस्कारको व्यवस्थालाई प्रभावकारी बनाउनुपर्छ । सहभागिताका लागि चेतनामूलक कार्यक्रम सञ्चालन गर्नुपर्छ । सेवाग्राहीबाट अन्तर्क्रिया गरी फिडब्याक लिने परम्परा बसाल्नु पर्छ । कर्मचारीमा सेवाग्राहीप्रतिको दृष्टिकोण बदल्न तालिम कार्यक्रम सञ्चालन गर्नुपर्छ ।

> **शासन प्रणालीलाई जनमैत्रीय, प्रजातान्त्रिक, समता र समन्यायिकता प्रवर्द्धन जस्ता विशेषताले युक्त बनाउन विधि, पद्दती, विधान, परिपाटीमा नवप्रवर्तन वा सिर्जनशीलताको अवलम्बन गर्ने राज्य नवप्रवर्तन राज्य हो । यसका साथै सूचना प्रविधिको प्रयोग, वैज्ञानिक आविष्कार, वैश्विक शासनको सम्बोधन, दीगो विकासका नीतिको अवलम्बन नवप्रवर्तन राज्यका अन्य विशेषताहरू हुन् ।**

**नवप्रर्वतन र आगामी कार्य दिशाः**

ग्लोबल इनोभेसन इन्डेक्स, २०२० मा रहेका १३१ राष्ट्रमध्ये ११७ औं स्थानमा रहनुले हाम्रो दयनीय अवस्थाको प्रतिविम्वित गर्छ । परम्परागत सोच अन्धविश्वास आदिले ग्रसित समाजमा वैज्ञानिक चिन्तन एउटा चुनौतिको विषय हो । विज्ञान प्रविधिमा लगानी बढाउन बलियो विज्ञान प्रविधि नीति शासन तथा प्रशासन स्थापित हुन अपरिहार्य छ । विज्ञान प्रविधि नीति शासन भन्नाले जनप्रतिनिधिहरूले राजनीतिक तथा प्रशासनिक शक्तिको प्रयोग गरी राष्ट्रको सामाजिक र आर्थिक उत्थान गर्ने प्रणाली विकास गर्ने शासन बुझ्न सकिन्छ । प्रशासनिक तहमा गरिने विज्ञान प्रविधि नीति व्यवस्थापनलाई विज्ञान प्रविधि प्रशासन भन्न सकिन्छ । यसले ज्ञानमा आधारित समाज र अर्थतन्त्रलाई जोड दिने भएकाले प्रशासनलाई स्थापित गर्नु अत्यन्तै जरूरी छ । विज्ञान प्रविधि तथा नवप्रवर्तन नीति, २०७६ कार्यान्वयन कार्ययोजना बनाई लागु गर्नु पर्दछ ।

यसैगरी राष्ट्रिय सभामा वैज्ञानिकहरूलाई निर्वाचित गर्ने, समानुपातिक सिटलगायत प्रत्यक्ष निर्वाचनमा वैज्ञानिकहरूलाई पनि उम्मेदवार बनाउने, विज्ञान प्रविधिको अवस्था र आवश्यक नीति, रणनीति आदिको बारे पनि राजनीतिक तहमा छलफल, बहस चलाइराख्ने, संसद्‌मा विज्ञान प्रविधि समितिको व्यवस्था गर्ने, छुट्टै विज्ञान प्रविधि नवप्रवर्तन मन्त्रालयको व्यवस्था गर्ने कार्यहरू आवश्यक पर्छ । यी राजनीतिक सवालहरू विज्ञान प्रविधि सुशासन स्थापित गर्न उपयुक्त हुने देखिन्छ ।

यसैगरी गुणस्तरीय शिक्षाको लागि उच्च शिक्षालाई अनुसन्धानसँग जोड्ने र अनुसन्धानलाई समाजसँग जोड्ने कार्य गर्नुपर्छ । यसैगरी विज्ञान तथा प्रविधि क्षेत्रका विद्यार्थीहरूलाई विज्ञान प्रविधिका साथसाथै व्यावसायीक शिक्षा तथा उद्यमशिलता हासिल गर्ने शिक्षासमेत प्रदान गर्नुपर्छ । विद्यमान विज्ञान प्रविधि ऐन, नियम अनुसन्धानलाई प्रवर्द्धन गर्न, अनुदान व्यवस्थापन गर्न, बौद्धिक सम्पत्तिको व्यवस्थापन गर्न, ज्ञानमा आधारित समाज तथा अर्थतन्त्र निर्माण गर्न, विज्ञान प्रविधि तथा नवप्रवर्तन ऐन नियमको आवश्यक पर्ने हुन्छ । यस्तै विज्ञान कूटनीति पनि अर्को पहल हुन सक्छ । विश्वका प्रविधिको दृष्टिकोणले शक्तिशाली देशहरूसँग यस खालको सम्झौता हुन सकेमा नेपाललाई फाइदा नै हुने छ । यसैगरी नेपाल पक्ष भएका बिभिन्न महासन्धिहरूमा नेपालको आफ्नो भूमिकालाई सशक्त ढंगबाट निभाउन समन्वयको खाँचो छ । जसबाट नेपालले अधिकतम् लाभ लिन सकियोस् । यसैगरी विज्ञान प्रविधिसँग सम्बन्धित संयुक्त राष्ट्र संघीय

संघ संस्थाहरूसँगको सदस्यता तथा अन्य दातृ निकायहरूसँगको सम्बन्धमा पनि विज्ञान प्रविधिका सवालहरू पनि जोड्नु पर्छ । तसर्थ नेपालले विज्ञान कूटनीतिलाई उच्च महत्व दिई आर्थिक कूटनीति कै एउटा पाटोको रूपमा लिनुपर्छ । विज्ञान प्रविधि नीतिको उन्नयनको लागि गैरआवासीय नेपालीहरूको आर्थिक र बौद्धिक लगानी महत्वपूर्ण कदम हुनेछ ।

अन्य क्षेत्रमा जस्तै विज्ञान र प्रविधिमा पनि समावेशीकरणको आवश्यकता छ । क्षेत्रगत वा जातिगत वा लिंगगत आर्थिक क्षमताको आधारमा समावेशीकरण हुने कार्यक्रमहरू सञ्चालन गर्नुपर्छ । देशको सबै पालिकाको प्राविधिक अवस्थाको नक्सांकन गर्नुपर्छ र तत्पश्चात् प्राविधिक विभाजनलाई न्यूनिकरण गर्नुपर्छ । प्रविधि परीक्षण, प्राविधिक प्रत्याशिकरण, अनुसन्धान प्रभाव मूल्यांकन, नवप्रवर्तन व्यवस्थापन प्रणाली, विज्ञान प्रविधी नीति सूचना प्रणाली, प्रचारप्रसार, प्रविधि आयात, सेन्टर फर एक्सिलेन्सको स्थापना, मेड इन नेपाल, नेपालीद्वारा निर्मित जस्ता कार्यक्रमहरू देशको लागि रूपान्तरणकारी कार्यक्रम सावित हुन सक्छ ।

अन्त्यमा, आज विश्वको भूमण्डलीकरणले गर्दा नवप्रवर्तन नीतिको महत्व अझ बढेको छ । भूमण्डलीकरणकै कारण राष्ट्रहरूलाई उत्पादनमा वृद्धि गर्न र विश्व बजारमा बढी प्रतिस्पर्धात्मक बन्न बाध्य पारेको छ । यस्ता चुनौतीको सफलतापूर्वक सामना गर्न हरेक विकसित तथा विकासशील देशलाई प्रभावकारी नवप्रवर्तन नीतिको आवश्यकता पर्छ । राष्ट्रिय नवप्रवर्तन नीतिअन्तर्गत अनुसन्धान तथा विकास, विज्ञान प्रविधि, पूर्वाधार निर्माण, शिक्षा, स्वास्थ्य आदिजस्ता देश विकाससँग सम्बन्धित बिभिन्न विषयसँग सम्बन्धित नीतिसमेत पर्छन् । विज्ञान प्रविधि नीति नवप्रवर्तन नीतिको सबैभन्दा महत्वपूर्ण पक्ष हो । तथापी नवप्रवर्तन नीति विज्ञान प्रविधि नीतिभन्दा धेरै व्यापक र फराकिलो छ । विज्ञान प्रविधि नीति मूलतः आधारभूत विज्ञान र व्यावहारिक प्रविधिको विकासमा बढी केन्द्रित हुने गर्छन् । विज्ञान प्रविधिद्वारा निर्मित नयाँ ज्ञान र प्रविधिलाई आर्थिक सामाजिक विकासका लागि उचित प्रयोग गर्न र बढी उपलब्धिमूलक बनाउनसमेत नवप्रवर्तन नीतिले मत्वपूर्ण भूमिका खेल्दछ । नवप्रवर्तन नीतिमार्फत शासकीय कुशलता अभिवृद्धि गर्दै सेवा प्रवाहमा प्रभावकारीता ल्याउनु पर्दछ । सुचना प्रविधीको उच्चतम् प्रयोग गर्दै यसबाट सार्वजनिक सेवा प्रवाह गर्नसक्नु आजको समयको माग रहेको छ ।

**निष्कर्षः**

शासन प्रणालीलाई जनमैत्रीय, प्रजातान्त्रिक, समता र समन्यायिकता प्रवर्द्धन जस्ता विशेषताले युक्त बनाउन विधि, पद्दती, विधान, परिपाटीमा नवप्रवर्तन वा सिर्जनशीलताको अवलम्बन गर्ने राज्य नवप्रवर्तन राज्य हो । यसका साथै सूचना प्रविधिको प्रयोग, वैज्ञानिक आविष्कार, वैश्विक शासनको सम्बोधन, दीगो विकासका नीतिको अवलम्बन नवप्रवर्तन राज्यका अन्य विशेषताहरु हुन् । शासन प्रणालीको नियमित प्रजातान्त्रिकीकरण, बहुलवादको प्रयोग, समावेशी अवधारणाको प्रयोग, शासकीय सहकर्ताको प्रवेश र सहकार्य, जनमुखी सेवा प्रवाह संयन्त्र, सेवा प्रवाहका आयाममा सेवाग्राहीहरूको सहज पहुँच, सूचनाको हक, सूचना प्रविधिको उच्च प्रयोग, सेवाग्राहीहरूको मागबमोजिम सेवा प्रवाह र वितरण प्रणाली, बजारको खण्डीकरण, सामजिक सञ्जालको उचित प्रयोग र बजारीकरण, सरकारी संयन्त्रबीच सूचना सञ्जालको आवद्धता, पादर्शिता र उत्तरदायित्व जस्ता पक्षको अवलम्बनद्वारा शासन प्रणालीलाई नवप्रवर्तनमुखी बनाउन सकिन्छ । ■

**– उपसचिव, नेपाल सरकार**


## बेनीघाट रोराङ गाउँपालिकाको अनुरोध

- जन्म, मृत्यु, विवाह, बसाइसराई जस्ता व्यक्तिगत घटना घटेको ३५ दिनभित्र आफ्नो वडा कार्यालयमा अनिवार्यरुपमा दर्ता गरौं ।
- गाउँपालिकाका क्षेत्रभित्र रहेका सडक अतिक्रमण गरी बनाइएका घर, टहरा तथा अन्य संरचना यथाशीघ्र खाली गरी सार्वजनिक सडक तथा खाली जग्गा संरक्षण गर्ने अभियानमा जुटौं ।
- गाउँपालिकाबाट स्वीकृत भवन निर्माण तथा सहरी योजना आधारभूत मापदण्डलाई पालना गरौं, भवन निर्माण तथा जग्गा प्लानिङ गर्दा अनिवार्य स्वीकृति तथा इजाजत लिएर मात्र गरौं ।
- हामीले तिरेको कर हाम्रै निम्ति हो, त्यसैले कर तिरौं । विकास निर्माणमा सहभागी बनौं ।
- घर/पसलबाट निस्किएको फोहोर नाला वा सडकमा नफालौं । नगरलाई सफा र सुन्दर बनाउन आ–आफ्नो ठाउँबाट लागौं ।
- गाउँपालिका क्षेत्रभित्र रहेका पर्यटकीय क्षेत्र, ताल, तलैया र ऐतिहासिक सम्पदाको संरक्षण एवं सम्वर्द्धन गरौं ।
- महिला हिंसामुक्त समाजको निर्माण गरौं ।
- आफ्नो घर वरपर बोटविरुवा रोपी हरियाली बनाऔं ।
- घर बाहिर निस्कँदा अनिवार्यरुपमा मास्कको प्रयोग गरौं । सामाजिक दुरी कायम राखौं र नियमितरुपमा साबुनपानीले हात धुने बानी बसालौं ।

**बेनीघाट रोराङ गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
विशालटार, धादिङ, बागमती प्रदेश

# जाडोको समयमा चिसोबाट बचौं

- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- न्यानो कपडा लगाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोरदोहोर हुने सुनिश्चित गरौं,
- बालबालिकालाई तेल मालिस गरिदिऔं,
- बढी चिसोमा मर्निङ वाक नगरौं,
- चिसोमा बाहिर हिंड्दा बाक्लो कपडा लगाऔं,
- दैनिक घाम ताप्ने गरौं ।

नेपाल सरकार

**विज्ञापन बोर्ड**



**। मानबहादुर बराल**
प्रमुख प्रशासकीय अधिकृत
थाक्रे गाउँपालिका
धादिङ

# ‘नागरिकको जीवनस्तर सुधार्ने विषयमा स्थानीय सरकारले ध्यान दिनुपर्छ’

**जनताको जीवनस्तर उकास्न रोजगारी सिर्जना हुने, आयआर्जनका लागि सीप र स्रोत साधन परिचालन हुने, वातावरणीय रूपमा सन्तुलन हुने कुराहरूमा जनताहरूले नै जोड नदिएको हो कि, राजनीतिले बुझाउन नसकेको हो । पूर्वाधारको निर्माणले मात्रै जनताको जीवनस्तर उकास्दैन ।**

**थात्रे गाउँपालिका धादिङ जिल्लामा पर्ने १३ वटा स्थानीय तहमध्ये एक हो । यस गाउँपालिका विशेषगरी कृषि, पशुपालन, पर्यटनलगायतका नयाँ नयाँ सम्भावनाहरूको खोजी गर्दै विकास र समृद्धिमा अगाडि बढिरहेको छ । यस गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतको भूमिकामा हाल *मानबहादुर बराल* कार्यरत हुनुहुन्छ । २०५३ सालबाट नेपालको निजामती सेवामा प्रवेश गर्नुभएका प्रशासकीय अधिकृत बराल अहिले गाउँपालिकाको दीगो विकास र सेवा प्रवाहलाई उच्च प्राथमिकतामा राखेर कार्यसम्पादन भइरहेको बताउनु हुन्छ । प्रमुख प्रशासकीय अधिकृत बरालसँग थात्रे गाउँपालिकामा संचालित विकासका योजना, सेवा प्रवाह, सुशासनलगायतका विषयमा केन्द्रित भएर *समुन्द्र अधिकारीले* गरेको कुराकानी प्रस्तुत छः**

**नागरिकलाई सुशासनसहितको डेलिभरी दिन मातहतका निकायबाट प्रवाह हुने सेवालाई आफ्नो कार्यकालमा अझ प्रभावकारीरूपमा संचालन गर्न के कस्ता सुधारका प्रयास गरिरहनु भएको छ ?**

नगरपालिकाअन्तर्गतका कार्यालयहरूमा नागरिक बडापत्र राख्ने काम पहिलेदेखि नै भएको छ । त्यसभन्दा पछाडि कृषि रेडियो कार्यक्रमबाट पनि कार्यक्रमहरू बजाउने गरेका छौं । गाउँपालिकाबाट प्रवाह हुने सूचनाहरूका लागि फेसबुकलगायतका समाजिक संजाल प्रयोगमा ल्याएका छौं । वेवसाइट पनि अपडेट छ । हामीले दिएका सूचनामा केही बुझिएन अथवा स्पष्ट भएन भने फोनबाट पनि बुझ्न सक्ने व्यवस्था मिलाएका छौं । अहिले सुझाब पेटिकाको पनि कुरा आइरहेको छ । सूचना अथवा गुनासाहरू आउँदा हप्ता हप्ता दिनमा खोलेर त्यसलाई कार्यपालिका बैठकमा अथवा गुनासो सुन्ने प्रमुख प्रशासकीय अधिकृतको हैसियतले मैले छलफल गर्ने सोचहरू पनि बनाएको छु । त्यसका अतिरिक्त वडाहरूबाट वितरण हुने जस्तै विकास निर्माणका कामहरू भए, अरू जनशक्तिको कुराहरूमा पनि हामीले पर्चा, पम्प्लेट अथवा पुस्तकहरू निकालेर सूचनामा सहज पुहुँच होस् भन्ने बारेमा सोचिरहेका छौं ।

**इगभर्नेन्समा कत्तिको जोड दिनुभएको छ ?**

हाम्रा सबै वडाहरूमा इन्टरनेटको व्यवस्था गरेका छौं । त्यस्तै स्वास्थ्य चौकीहरूमा पनि छ । राजश्व विलिङ्का विषयहरू पनि सबै अहिले अनलाइन सिष्टमबाटै चलेका छन् । अहिले हातले रसिद काटेर दिने परिपाटी बन्द भइसकेको छ । जनतालाई दिने सेवाहरूमा पनि जस्तै वैदेशिक रोजगारीको लागि अथवा वैदेशिक सीप प्रयोजनको लागि अंग्रेजी माध्यमबाट सिफारिस माग्ने हुनाले त्यसका लागि लेटर प्याडको व्यवस्था गरेका छौं । पालिकाले उपलब्ध गराउँने सुविधाहरू सबै कम्प्युटरकै माध्यमबाट भइरहेका छन् । हामीले हस्तलिखित कागजातलाई निषेध गरिसकेका छौं । विस्तारै पेपर लेस सेवामा जानका लागि बेस तयार गरिरहेका छौं ।

**थात्रे गाउँपालिकामा विकासका आवश्यकता, सम्भावना र चुनौतिहरू के के देख्नुभयो ?**

चुनौतिका सवालमा मान्छेहरू प्रत्यक्ष आयआर्जनतिर जान नसकिरहेको अवस्था देखिन्छ । किनभने जति पनि योजनाहरूको माग आउँछ, त्यसमा खाली बाटो भन्ने, ढलाई भन्ने, के भन्ने जस्ता कुराहरू बढी आइरहेको छ । यसले त जनताको जीवनस्तर उकास्दैन । जनताको जीवनस्तर उकास्न रोजगारी सिर्जना हुने, आयआर्जन हुने सीप, स्रोत साधन परिचालन हुने, वातावरणीय रूपमा सन्तुलन हुने कुराहरूमा जनताहरूले जोड नदिएको हो कि, राजनीतिले बुझाउन नसकेको हो । यो कुरा अलिकति चुनौतिको रूपमा रहेको छ । महादेवबेसीमा तरकारी र फुल खेतीको लागि प्रशस्त सम्भावना छ । तर किसानले उत्पादन गरेका वस्तुलाई बजारसम्म पुऱ्याउन र उनीहरूको जीवनस्तर सुधार्ने विषयमा स्थानीय सरकारले ध्यान दिनुपर्ने देखिन्छ । त्यसमा अलिकति जोड दिनसके नागरिकको आयआर्जनमा वृद्धि भएर स्वावलम्बी बन्ने प्रक्रियामा थप टेवा पुग्थ्यो कि जस्तो लाग्छ । अहिलेको अवस्थालाई हेर्दा बाटोघाटोलगायतका विकासमा जनताले त्यति अपनत्व नलिएको जस्तो देखिन्छ । ४/५ लाख खर्चिएर बाटो खनेपछि त्यो बाटोको संरक्षण उपभोक्ताले गर्नुपर्ने हो । बाटोमा पानी जम्न नदिने, नाली बेलाबेलामा सफा गरिदिने, खाल्डाखुल्डी भयो भने समूह मिलेर पुर्ने जस्ता काम गरेर त्यसमा अपनत्व लिनुपर्ने हो तर त्यो अवस्था देखिएको छैन । जनता यस्ता कुरामा सचेत हुनुपर्छ । अहिले भत्केको ठाउँमा फेरी पैसा माग्नुपर्छ भन्ने मानसिकता मात्रै देखिन्छ । त्यहाँ खर्च गर्ने पैसाले अरू विकास निर्माणका काम गर्न सकिन्थ्यो । विकासका लागि यस्ता कुरा ठूलो समस्या हो । यस्ता

## थात्रे गाउँपालिकाको राजनीतिक तथा प्रशासनिक संरचना

बागमती प्रदेश
जिल्लाः धादिङ
अध्यक्षः रामकुमार आचार्य
उपाध्यक्षः यन्त्रबहादुर थापा
प्रमुख प्रशासकीय अधिकृतः मानबहादुर बराल
वडा संख्याः ११
क्षेत्रफलः ९६.४१ वर्ग किलोमिटर
जनसंख्याः ३२ हजार ३७४
(राष्ट्रिय जनगणना २०७८ अनुसार)
गाउँपालिकाको केन्द्रः महादेवबेसी



कुरा आमनागरिकलाई कसरी बुझाउने भन्ने गहन छलफल र विश्लेषण आवश्यक हुन्छ ।

**बजेट खर्चको अवस्था कत्तिको सन्तोषजनक छ ?**

पालिकामा अहिले दुई/अढाई सय जति योजना सम्झौता भइसकेका छन् । सशर्तका कार्यक्रमअन्तर्गत अति आवश्यक वस्तुहरू जस्तै औषधीहरू सबै स्वास्थ्य संस्थाहरूमा पुऱ्याइसक्यौं । संघ र प्रदेशबाट आएका सशर्त र विशेष योजनाहरूको ठेक्का इविडमार्फत आह्वान गरेर सम्झौता पनि भइसक्यो । गाउँ, वडाबाट उपभोक्ता समिति गठन गरेर गर्ने काम पनि भटाभट भइरहेको अवस्था छ ।

**स्थानीय तहप्रति नागरिकका अपेक्षा बढेकाले जनप्रतिनिधिले त्यहीअनुसार कार्यक्रम ल्याउन खोज्नु एउटा बाध्यता अथवा राजनीतिक उद्देश्य पनि होला । तर प्रशासनिक तहबाट प्रतिफल नदिने कार्यक्रमहरूलाई निरूत्साहित गर्न जनप्रतिनिधिहरूलाई कत्तिको घच्घच्याई रहनुभएको छ ?**

जनप्रतिनिधिहरूले बजेट बनाउँदा वितरणमुखी कार्यक्रमहरू नल्याउँदै राम्रो हो जस्तो लाग्छ । हाम्रो मुख्य जिम्मेवारी भनेको कार्यक्रम कार्यान्वयन गर्ने विषय हो । बजेटमा छ, कार्यक्रममा छ भने हामीलाई दवाव आइनैहाल्छ । विकास कुनै व्यक्तिलाई नभएर समुह परकतिर जानुपऱ्यो । सहयोग होस् तर समुदाय अथवा वर्ग क्षेत्रले प्राप्त गरोस् । वितरणका क्षेत्रहरू व्यक्तिपरक नभएर समूह, वर्ग, क्षेत्रपरक भएर कार्यक्रम आएदेखि धेरै प्रभावकारी हुन्थ्यो । हामीले पनि यो कुरा जनप्रतिनिधिहरूलाई भनिरहेका हुन्छौं । तुरून्तै परिवर्तन आउने कुरा पनि भएन किनभने यो स्टेप बाई स्टेप जाने कुरा हो ।



**जनप्रतिनिधिहरूले बजेट बनाउँद दीगो प्रतिफल दिने र उत्पादनमुखी कार्यक्रमहरूमा जोड दिनुपर्छ । वितरणका क्षेत्रहरू व्यक्तिपरक नभएर समूह, वर्ग, क्षेत्रपरक भएर कार्यक्रम आएदेखि धेरै प्रभावकारी हुन्थ्यो ।**

**कर्मचारीहरूलाई पनि जिम्मेवार बनाउँदै उनीहरूका काम, कर्तव्य र अधिकारका बारेमा घच्घच्याउँदै लान सकियो भने भोलिका दिनमा सेवा प्रवाहलगायत सबै कामलाई चुस्त दुरूस्त बनाउँदै लैजान सकिन्छ ।**

**सिद्धान्ततः स्थानीय तहमा पक्ष र विपक्ष नहुने भनिरहँदा जनप्रतिनिधिहरूले त्यही खालको अभ्यास गर्न खोज्दा योजना कार्यान्वयनमै समस्या देखिने, अर्कोतिर सीमित स्रोत साधन, कानुनी उल्झन त्यस्तै दक्ष जनशक्तिको अभावका बीच सहजीकरण गर्दै नागरिकका अपेक्षा सम्बोधन गर्नचाहिँ के कस्ता कठिनाई देख्नुहुन्छ ?**

स्थानीय तहमा रहेर कार्यसम्पदान गर्नु आफैंमा पनि एउटा चुनौति हो । किनभने यहाँ विभिन्न राजनीतिक दलका प्रतिनिधिहरू हुन्छन् । कतिपय कुराहरू यस्ता छन् कि स्रोतको लागि हामीले केन्द्र र प्रदेशमै भर पर्नुपर्ने हुन्छ । यसमा कतिपय विषयहरू, क्षेत्रहरू, आन्तरिक स्रोत अथवा राजश्व बाँडफाँडलगायतका कुराहरू पनि छन् । माथिबाट समयमा नै बजेट प्राप्त नहुने, प्राप्त भए पनि अनुमानअनुसारको नआउने जस्ता कुराहरू पनि छन् । हामीले अपेक्षा गरेका योजना तथा कार्यक्रमहरू राखिरहँदा भुक्तानी दिने विषयमा जस्तै जसले पहिले काम सक्यो, त्यसले भुक्तानी लिन आउने हो । बजेटचाहिँ डल्लोरूपमा फुत्त फिकेर एउटालाई मात्रै दिन मिल्दैन । यसका पनि प्रक्रियाहरू छन् । विभिन्न कार्यक्रमहरू हुन्छन्, ती कुन बजेट शीर्षक अन्तर्गत पर्छन्, त्यही बमोजिम दिनुपर्ने हुन्छ । कोहीबेला त्यो शीर्षकमा बजेट नहुन सक्छ अथवा आइनपुगेको हुन सक्छ । जनताले भन्ने भनेको अघिल्लो योजनाको काम सकेर पैसा लगिसके, हामीलाई चाहिँ दिएन भनेर बुझ्छन् । पैसा छ छैन थाहा छैन । समानीकरणमा १५ करोड आयो, राजश्व बाँडफाँडमा यति करोड आयो भन्छन्, जनताले त्यहीमात्रै हेर्ने हो । भित्रीरूपमा हामीले बुझाउन सकेका हुँदैनौं अथवा जनताले बुझ्दैनन् । त्यसैले जनतामा पनि अतिकति चेतना आउने किसिमका कार्यक्रमहरू जस्तै उपभोक्ता समितिहरूलाई तालिम दिने, कानुनी ज्ञान दिने, उनीहरूले गर्ने काम कसरी गर्ने, के गर्ने, कानुनी प्रक्रिया के छ भन्ने विषयहरूमा अभिमुखीकरण, छलफल जस्ता कार्यक्रम राख्न सकियो भने अझ प्रभावकारी हुने थियो । जसबाट जनताले सेवा सुविधाका लागि सहज पहुँच पाउँथे भन्ने कुरा मलाई लाग्छ ।

**आमनागरिकको जीवनस्तर उकास्न कस्ता कार्यक्रमहरू संचालन भइरहेका छन् ?**

नागरिकको जीवनस्तर उकास्नका लागि यहाँको मुख्य कुरा भनेको कृषि नै हो । कृषि उत्पादनमा पनि पकेट कार्यक्रमहरूअन्तर्गत कुन ठाउँमा केको राम्रो उत्पादन हुन्छ, कुन तरकारी बालीहरू मौसमी, बेमौसमीरूपमा कसरी लगाउन सकिन्छ भन्ने बारेमा सशर्ततर्फ पनि कार्यक्रमहरू छन् भने पालिकास्तरीय पनि कार्यक्रमहरू छन् । कृषि उत्पादन बढाउन बिउ विजनहरू वितरण गर्ने, किसानहरूले लगाएको उत्पादनहरूलाई कसरी प्रवर्द्धन गर्न सकिन्छ भन्ने एउटा कुरा छ । त्यस्तै बेलाबेलामा विभिन्न किसिमका रोगहरू लाग्छन् । तिनीहरूलाई कसरी समयमै जोगाउन सकिन्छ भनेर हामीले एक वडा एक प्राविधिक कार्यक्रमअन्तर्गत प्रत्येक वडामा कृषि र भेटेनरीका एक/एक जना प्राविधिक कर्मचारीको पनि व्यवस्था गरेका छौं । किसानहरूले लगाएको बालीनालीमा यदि कुनै समस्या देखियो भने खबर गर्नुहोला भनेर हामीले सूचनाहरू पनि जारी गरेका हुन्छौं । हाम्रा प्राविधिकहरूले समस्या देखिएको ठाउँमा आवश्यक सल्लाह, सहयोग, सुझावहरू दिने अवस्थामा अहिले हामी पुगेका छौं ।

**भ्रष्टाचार नियन्त्रण तथा बेरूजु न्यूनिकरणका लागि तपाईंले प्रशासनिक**

**तहबाट कत्तिको पहल गरिरहनु भएको छ ?**

हाम्रोमा विगत भएको बेरूजुलाई पनि मैले हेरेँ । विगतका त्यस्तो धेरै असुल उपर गर्नुपर्ने बेरूजुहरू खासै देखिँदैनन् । किनभने यहिँका उद्योगहरूमा पनि ऋसर खानी उद्योगको सम्बन्धमा अलिकति बेरूजु देखिन्छ । त्यसबाहेक अरू असुलउपर गर्नुपर्ने बेरूजुहरू खासै छैनन् । ती भएका पनि हामीले असुलउपर गर्दै जानुपर्ने हुन्छ । नियमित गर्नुपर्ने बेरूजुका सवालमा कुन कुन प्रक्रियाबाट गर्ने भन्ने एउटा कुरा छ । पहिले आलेपको कर्मचारी पनि नभएर समस्या परेको थियो । अहिले कर्मचारी पनि आइसकेको अवस्था छ । विगत वर्षहरूमा बेरूजु देखिएका कुन कुन क्षेत्र र विषयहरू छन्, ती सबैको विश्लेषण गरेर हामीले नियमित असुलउपर गर्नुपर्ने भन्ने सम्बन्धमा जिम्मेवारी दिएर तदारूकताका साथ अगाडि बढाउँदै छौं ।

**प्रशासनिक नेतृत्वका हिसाबले कार्यसम्पदान गरिरहँदा जनप्रतिनिधिहरू, वडा, टोल, उपभोक्ता समिति तथा आफ्नै कर्मचारीहरूबाट कत्तिको सहयोग पाइरहनुभएको छ ?**

आमरूपमा हेर्ने हो भने अलिकति बुझाइको पनि कमी छ । कार्यालय प्रमुखको हिसाबले संघीय सरकारको प्रतिनिधि ममात्रै हुन्छ । कार्यपालिकाबाट भएका निर्णयहरू अथवा अध्यक्ष, उपाध्यक्षलगायतबाट आदेश भएका विषयहरूमा समयमै बजेट नपुग्ने, बजेट अभाव अथवा केही कारणले प्रक्रिया नपुगेर ढिलो हुने र समय लाग्ने हुनाले सानातिना समस्या आइरहन्छन् । कर्मचारीहरूको पनि अलिकति बानी बिग्रिएको छ । भरसक काम गर्न नपाए हुन्थ्यो । थोरै काम गरेर समय बिताउन पाए हुन्थ्यो भन्ने मनसाय कर्मचारीहरूमा पनि देखिन्छ । तर त्यो बानी भनेको अहिलेमात्रै नभएर पहिलेदेखि नै लागेको हो । यसलाई सुधार गर्न विस्तारै समय लाग्छ । मुख्यतः कर्मचारीहरूलाई पनि जिम्मेवार बनाउनुपऱ्यो । शाखा प्रमुखले आफ्नो शाखाप्रति जिम्मेवार भएर काम गर्ने, अन्य सहायक कर्मचारीहरू शाखा प्रमुखप्रति जिम्मेवार हुने अनि शाखा प्रमुख कार्यालय प्रमुखप्रति जिम्मेवार हुने किसिमले जानुपर्छ । जनताको काममा बहाना बनाउनु हुँदैन । को छैन भन्ने, समयमा नआउने, ढिला आउने, चाँडै जाने प्रवृत्तिमा पनि सुधार गर्नको लागि अब कर्मचारीलाई नै जिम्मेवार बनाउने हो । भोलि जनताले सेवा लिएनन् भने त्यसको जवाफदेहिता तपाइँ नै हुने भनेपछि उहाँहरूमा जिम्मेवारी थपियो । जिम्मेवारी थपिए पछि जनताले सरल तरिकाले सेवा पाउँछन् भन्ने नै हो । विस्तारै सुधार गर्दै जाने हो । सुधार गर्दै जानुपर्छ भन्ने हुँदाहुँदै पनि सरूवा हुन सक्छ । पूरा कार्यकाल कोही बसेको अवस्था त्यति छैन । यहाँमात्र होइन अन्यत्र पनि यस्तै हो । कर्मचारीहरूलाई अनुशासनमा ल्याउन अलि रूखो पनि बोल्नु पऱ्यो, साह्रो पनि बोल्नु पऱ्यो । यसरी बोल्नुपर्दा कर्मचारीहरूप्रति म नकारात्मक हुने त्यस्तो अवस्था पनि छ । यसमा सुधार ल्याउन निश्चित समय प्रमुख भएर बस्न पाउँदा कर्मचारीलाई तिमीले यति समय त्यहाँ बस्ने, यसरी परिणाममुखी काम गर्ने भनेर तोकेर दिने हो भने सुधार गर्नलाई असजिलो छैन, सहजै सकिन्छ । तर समयचाहिँ लाग्छ । अब उहाँहरूलाई नै अपनत्व लिने व्यवस्था सिर्जना गर्दै जानुपऱ्यो । यसका लागि अधिकार प्रत्यायोजन गर्दै जानुपर्छ । कति नयाँ पनि आएका छन् । उनीहरूलाई आफ्नो जिम्मेवारी के कति हो र त्यो कसरी गर्नुपर्छ भन्ने कुरा नै थाहा छैन । उनीहरूलाई मात्रै सबै दोष दिने ठाउँ पनि छैन । सुरूसुरूमा निवेदन लेख्न पनि आउँदैन । यो अवस्थाबाट उनीहरूलाई जिम्मेवार बनाउँदै काम, कर्तव्य र अधिकारका बारेमा घच्घच्याउँदै लान सकियो भने भोलिका दिनमा सेवा प्रवाहलगायत सबै कामलाई चुस्त दुरूस्त बनाउँदै लैजान सकिन्छ । ■


## कविलासी नगरपालिकाको अनुरोध

- जन्म, मृत्यु, विवाह, बसाइसराईं जस्ता व्यक्तिगत घटना घटेको ३५ दिनभित्र आफ्नो वडा कार्यालयमा अनिवार्यरुपमा दर्ता गरौं ।
- नगरपालिका क्षेत्रभित्र रहेका सडक अतिक्रमण गरी बनाइएका घर, टहरा तथा अन्य संरचना यथाशीघ्र खाली गरी सार्वजनिक सडक तथा खाली जग्गा संरक्षण गर्ने अभियानमा जुटौं ।
- नगरपालिकाबाट स्वीकृत भवन निर्माण तथा सहरी योजना आधारभूत मापदण्डलाई पालना गरौं, भवन निर्माण तथा जग्गा प्लानिङ गर्दा अनिवार्य स्वीकृति तथा इजाजत लिएर मात्र गरौं ।
- हामीले तिरेको कर हाम्रै निम्ति हो, त्यसैले कर तिरौं । विकास निर्माणमा सहभागी बनौं ।
- घर/पसलबाट निस्किएको फोहोर नाला वा सडकमा नफालौं । नगरलाई सफा र सुन्दर बनाउन आ-आफ्नो ठाउँबाट लागौं ।
- नगरपालिका क्षेत्रभित्र रहेका पर्यटकीय क्षेत्र, ताल, तलैया र ऐतिहासिक सम्पदाको संरक्षण एवं सम्वर्द्धन गरौं ।
- महिला हिंसामुक्त समाजको निर्माण गरौं ।
- आफ्नो घर वरपर बोटविरुवा रोपी हरियाली बनाऔं ।
- घर बाहिर निस्कँदा अनिवार्यरुपमा मास्कको प्रयोग गरौं । सामाजिक दुरी कायम राखौं र नियमितरुपमा साबुनपानीले हात धुने बानी बसालौं ।

**कविलासी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
कविलासी, सर्लाही, मधेश प्रदेश

# संघीय नेपालमा विकास व्यवस्थापन: समस्या, चुनौती एवम् अवसरहरू

**सहकारिता, सह-अस्तित्व र समन्वयको तीन 'स' मा आधारित सिद्धान्तले संविधानको प्रस्तावनाले परिलक्षित गरेको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दीगो शान्ति, सुशासन, विकास र समृद्धि प्राप्तिको दीगोपनाको सवल आधारस्तम्भको रूपमा रहेका छन् ।**



गोगनबहादुर हमाल

### विषय प्रवेश

एकात्मक एवम् केन्द्रीत राज्य व्यवस्थाबाट जनअपेक्षाअनुसारको विकास, सामाजिक सेवा प्रवाह, सामाजिक न्याय, जातीय, भौगोलिक, सामाजिक, आर्थिक, राजनैतिक लैङ्गिक समावेशीकरण प्रभावकारी हुन नसक्दा बिभिन्न समयमा भएका राजनीतिक आन्दोलन, सशक्त नागरिक समाज, आमसंचारको बढ्दो पहुँच, प्रयोग, जनचेतनामा आएको वृद्धि, राष्ट्रिय-अन्तर्राष्ट्रिय दवावलगायतको एकीकृत प्रयासस्वरूप नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थासहितको मूल संरचना संघ, प्रदेश र स्थानीय गरी तीन तहको हुने र राज्य शक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय तहले गर्ने गरी संविधान वि. सं. २०७२ मा जारी भई हाल कार्यान्वयनमा आएको छ ।

सहकारिता, सह-अस्तित्व र समन्वयको तीन 'स' मा आधारित सिद्धान्तले संविधानको प्रस्तावनाले परिलक्षित गरेको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दीगो शान्ति, सुशासन, विकास र समृद्धि प्राप्तिको दीगोपनाको सवल आधारस्तम्भको रूपमा रहेका छन् । संविधान जारी भएर कार्यान्वयन भएको करिब एक दशक भइसक्दा संघ, प्रदेश र स्थानीय तहका पाँच वर्ष कार्यकाल सकिएर दोस्रो पटक नयाँ जनप्रतिनिधिहरु आएको पनि एक वर्ष भइसक्दा संविधानमा उल्लिखित एकल एवम् साझा अधिकारका महत्वपूर्ण विषयहरूमा कानुन बन्न नसक्दा विकास निर्माण, सार्वजनिक सेवाप्रवाह र लोकतन्त्रको प्रतिफल वितरण प्रभावकारी बन्न नसकेको प्रति जनआक्रोश बढ्दै गएको देखिन्छ ।

### नीतिगत समस्याहरू

- संविधानको अनुसूचीमा भएका एकल र साझा अधिकारका कतिपय महत्वपूर्ण विषयहरूसम्बन्धी कानुनहरु नबन्दा संविधानको कार्यान्वयनका साथै विकास व्यवस्थापनमा प्रत्यक्षरूपमा असर परेको छ । विकास व्यवस्थापनको महत्वपूर्ण औजारहरूको रूपमा रहेको कर्मचारी व्यवस्थापनसम्बन्धी नियमन गर्ने कानुन संघीय निजामती ऐन, नियमावली समयमा बन्न नसक्दा, कर्मचारी व्यवस्थापन प्रभावकारी हुन नसक्दा विकास र सार्वजनिक सेवा प्रवाहका कार्यहरूमा प्रत्यक्ष प्रभाव परेको छ ।
- सविधानको अनुसूचीमा स्थानीय, प्रदेश र संघका अधिकारलाई थप प्रस्ट पार्न कार्यविस्तृतीकरण प्रतिवेदन मन्त्रिपरिषदबाट निर्णय भई कार्यान्वयनमा आए पनि कतिपय विषयहरूमा थप प्रष्ट पार्न नसक्दा सार्वजनिक सेवा प्रवाह, विकास एवम् अधिकारको प्रयोगमा जटिलता थपिएका छन् । संघीय प्रहरी ऐन नबन्दा कतिपय प्रदेशहरूले प्रादेशिक प्रहरीसम्बन्धी ल्याएको प्रदेश कानुन कार्यान्वयनमा नै आउन सकेको छैन ।
- संघ, प्रदेश र स्थानीय तहरूबिच समन्वय, सहकार्य गर्ने संयन्त्रको रूपमा संविधानमा व्यवस्था भएको अन्तरप्रदेश समन्वय परिषद् र प्रत्येक प्रदेशमा प्रदेश र स्थानीय तहहरूबिच समन्वय गर्न प्रदेश समन्वय परिषद्ले प्रभावकारी काम गर्न नसक्दा बिभिन्न तहहरूबिच रहेका समस्याहरु समाधान हुन सकेका छैनन् ।

### संस्थागत समस्याहरू

- संविधान जारी भएर कार्यान्वयन भएको करिब एक दशक भइसक्दा पनि प्रदेश सरकारको संरचना दलगत स्वार्थका कारण स्थिर बन्न सकेको छैन । बिना औचित्य र आवश्यकता प्रदेशहरूले मन्त्रालयको संख्या बढाउने/घटाउने गर्दा संस्थागत स्थायित्व हुन नसक्दा विकास, सुशासन कायम गर्ने विषयमा प्रश्न चिन्ह खडा हुन थालेको अवस्था छ ।
- एकै प्रकृतिका कार्यहरु गर्न संघ, प्रदेश र स्थानीय तहका छुट्टाछुट्टै संरचनाहरु भएकोले फङसनल र रिसोर्स ओभरल्याप हुन गई रिसोर्सको डुप्लिकेसन हुने संभावना धेरै रहन्छ । जिम्मेवारी पन्छाउने प्रवृतिले जनमानसमा नकारात्मक दृष्टिकोण पैदा गरेको छ ।

### जनशक्तिगत समस्याहरू

- संघ, प्रदेश र स्थानीय तहको कार्यबोझअनुसार कर्मचारीहरूको व्यवस्थापन गर्न नसक्दा विकास व्यवस्थापनमा प्रत्यक्ष प्रभाव पारेको छ । केन्द्रमा जिम्मेवारी नपाएर कर्मचारी रहने, प्रदेश र स्थानीय तहमा कर्मचारी अभाव रहने प्रवृतिले विकास निर्माण र सेवाप्रवाह प्रभावकारी बन्न सकेको छैन । हालसम्म पनि एक तिहाई पालिकाहरूले दरबन्दीबमोजिमको प्रमुख प्रशासकीय अधिकृत पाउन सकेका छैनन् । फरक सेवाका एक दुई तह मुनिका

कर्मचारीहरूबाट काम लिनु पर्ने अवस्थाका कारण धेरै किसिमका वेतिथिहरु सिर्जना भएको अवस्था छ ।

- कर्मचारी व्यवस्थापनको केन्द्रीय निकायको रूपमा काम गर्ने संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले कर्मचारीहरूको उचित प्रबन्ध/व्यवस्थापन गर्न नसक्दा विकास व्यवस्थापन प्रभावकारी बन्न सकेको छैन ।
- राइट म्यान इन राइट प्लेसको अवरणालाई कार्यान्वयन गर्न सकिएको छैन । कर्मचारी रिटेन्सनमा ठुलो समस्या छ ।
- कार्य सम्पादन सम्झौता स्पष्ट जिम्मेवारी कार्य विवरणसहित हुन सकिरहेको छैन ।
- दण्ड सजाय पुरस्कारलाई यथार्थपरक एवम् वस्तुनिष्ठ बनाउन सकिएको छैन ।
- प्रदेश र स्थानीय तहमा काम गर्ने कर्मचारीहरूलाई थप प्रोत्साहन एवम् वृत्ति विकासको स्पष्ट रूपरेखा देखाउन सकिएको छैन ।

**राजनैतिक समस्या**

- तीनवटै तहमा सक्षम प्रतिनिधिहरु चुनिन नसक्दा त्यसको प्रत्यक्ष प्रभाव सुशासन, विकास निर्माणमा परेको सर्वविदितै छ । दलहरूले सक्षम, क्षमतावान् निष्ठा, इमान्दार व्यक्तिभन्दा जसरी पनि चुनाव जित्न सक्ने व्यक्तिलाई उम्मेदवार बनाउने परिपाटीको कारण सही जनप्रतिनिधि छनौट हुन सकेन ।
- आवश्यकताका आधारमा भन्दा पनि दलगत स्वार्थ, चुनावी सहयोगको पैंचो तिर्ने नाममा योजना बन्ने र त्यहीअनुसार बजेट व्यवस्थापन गर्ने गलत अभ्यासका कारण विकास व्यवस्थापन प्रभावकारी बन्न सकेको छैन ।
- संघ, प्रदेश र स्थानीय तहमा योजना छनौट एवम् कार्यान्वयनमा दलगत स्वार्थका कारण समयमै हुन सकेको छैन । भएका विकास निर्माण कार्यहरु पनि गुणस्तरीय बन्न सकेका छैनन् ।
- दक्ष, क्षमतावान् कर्मचारीभन्दा पनि दलगत आस्था र विगतमा लगाएको गुनको आधारमा कर्मचारीहरूको सरूवा, पदस्थापन गर्ने राजनीतिक स्वार्थका कारण सार्वजनिक खर्च प्रभावकारी हुन नसक्दा विकास व्यवस्थापनमा प्रत्यक्ष प्रभाव परेको अवस्था छ ।
- सार्वजनिक सेवा प्रवाह, सुशासन, विकास व्यवस्थापनमा सशक्त नागरिक खबरदारीको कमी ।
- कानुनको उल्लंघन, विपरित कार्य, अनियमिता भ्रष्टाचारजन्य गतिविधिको सामाजिक बहिस्कार हुनुपर्नेमा त्यसलाई प्रश्रय दिने वातावरणमा वृद्धि भएको देखिन्छ ।
- कर्मचारीले जनप्रतिनिधि र जनप्रतिनिधिले कर्मचारीहरूको काम गर्ने वातावरण बनाउन नदिएको गुनासो ।
- नागरिकहरु कर्तव्यभन्दा अधिकारका विषयमा बढी केन्द्रित भएको अवस्था छ । अधिकारका नाममा अनावश्यक बार्गेनिङ, वातावरणीय प्रभाव मूल्यांकन, जग्गा प्राप्ती, स्थानीय जनताहरूको अस्वाभाविक मागका कारण समयमा परियोजना सम्पन्न हुन नसक्दा लागत वृद्धि भई विकास व्यवस्थापन प्रभावकारी बन्न नसकेको तितो यथार्थ हाम्रा सामु छ ।

**चुनौतीहरू**

- निर्वाचन प्रणाली खर्चिलो भयो/कम खर्चिलो बनाउन नसक्नु,
- सार्वजनिक खरिद ऐन, नियमावली समयानुकूल अद्यावधि नगर्नु,
- गुणस्तरियता माथिको प्रश्न,
- कर्मचारी टिकाउन नै चुनौती,
- बजेटमा कनिका छराई रोक्न ठुलो चुनौती,
- निर्वाचनमा हुने बिभिन्न किसिमका छलफल, षड्यन्त्र, भोट किनबेच जस्ता बेथिति हुनु,
- भ्रष्टाचार अनियमितताको जालो तोड्न चुनौती,
- अव्यवस्थित बजेट निर्माण रोक्न चुनौती,
- स्रोतको दोहोरोपना रोक्न कुनै प्रभावकारी प्रणालीको विकास नभएकोले रोक्ने चुनौति,
- निर्माण व्यवसायीहरूलाई समयमा नै कार्य सम्पन्न गर्न दवाव दिनुपर्ने,
- विस्तृत अध्ययन र आवश्यक तयारीका कार्य नगरी बजेट विनियोजन गर्नु र टेण्डर गर्ने प्रवृत्तिका कारण समयमा काम सम्पन्न हुन नसक्दा लागत पनि बढ्ने र जनगुनासो पनि बढ्ने भएकोले यसलाई सही मार्गमा ल्याउन चुनौती ।

**संघीय नेपालमा विकास व्यवस्थापनका अवसरहरू**

- संविधानको मर्मवमोजिम सहकार्य, सहअस्तित्व र समन्वयको पूर्ण पालना तीनै तहका सरकारबाट भएको खण्डमा लोकतन्त्रको लाभ समन्यायिक ढङ्गबाट जनताले प्राप्त गरी शासन व्यवस्थाप्रति जनविश्वास वृद्धि गर्न मद्दत पुग्नुका साथै सकारात्मक सोच एवम् क्रियाकलापमा अभिवृद्धि भई विकास निर्माणले गति लिने विषयमा टेवा पुग्दछ ।
- तीनै तहका सरकारले आफूलाई प्राप्त एकल एवम् साझा अधिकारहरूको विवेकपूर्ण प्रयोगबाट स्रोत साधनको समुचित प्रयोग तोकिएको समय सीमाभित्र हुने भएकोले सार्वजनिक सेवा प्रवाह जनमैत्री, जनकेन्द्रित, नागरिकमैत्री हुन गई शासन व्यवस्थाको औचित्य पुष्टि गर्न अवसर प्रदान गर्दछ ।
- जनसहभागिता, सामाजिक न्याय, सुशासन, छिटो निर्णय प्रक्रियामार्फत जनताको अपेक्षाहरूको तत्काल सम्बोधन गर्ने अवसर रहन्छ ।
- स्थानीय स्रोत साधन, प्रविधि, जनशक्तिको यथोचित प्रयोगमार्फत स्थानीय जनताको आर्थिक समृद्धि, क्षमता अभिवृद्धि एवम् विकासमा टेवा पुऱ्याउने अवसर रहन्छ ।
- स्थानीयस्तरमा जनशक्तिको प्रयोग विकास व्यवस्थापनमा लगाउन सकिने र वैदेशिक रोजगारमा जाने युवा पलायनलाई रोकी स्थानीय विकास, सामाजिक सामान्जस्यता कायम राख्ने महत्वपूर्ण अवसर रहेको छ ।
- विकासमा महिला सहभागितामार्फत महिला सशक्तीकरण, आर्थिकरूपमा स्वनिर्भर बनाई महिलाहरूलाई राष्ट्रिय मूल प्रवाहीकरण गर्ने अवसर छ ।
- दीगो विकास लक्ष्यहरूको स्थानीयकरण गरी प्रभावकारी समन्वयमूलक कार्यान्वयनमार्फत दीगो शान्ति, सुशासन, समृद्धि हासिल गरी अतिकम विकसित राष्ट्रबाट विकासशील राष्ट्रमा स्तरोन्नती हुने अवसर रहेको छ ।
- विवेकपूर्ण तवरले गरिएको सार्वजनिक साधन-स्रोतको परिचालनमार्फत स्रोत साधनको उच्चतम् प्रयोग हुनुका साथै उपलब्ध स्रोत-साधनहरूलाई अन्य उत्पादनशील क्षेत्रमा लगानी गर्न सक्ने वातावरण प्राप्त गर्ने अवसर रहन्छ ।

**निष्कर्ष :**

दीगो शान्ति, सुशासन, समृद्धि एवम् राष्ट्रिय एकता कायम गर्न संघ, प्रदेश र स्थानीय तहबिच सार्वजनिक सेवाप्रवाह, विकास व्यवस्थापनका लागि संविधानको मूल मर्मको रूपमा व्यवस्था भएको तीन 'स' सहकार्य, समन्वय र सहअस्थित्वको पूर्ण पालना एवम् प्रतिबद्ध रही स्रोत साधन, जनशक्ति संस्थागत संरचनाको प्रभावकारी परिचालन र सञ्चारमार्फत संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाले अंगिकार गरेका उद्देश्यहरु हासिल गर्न र लोकतन्त्रको लाभ सबै नागरिकहरूलाई सामन्यायिक एवम् समतामूलक ढङ्गले उपलब्ध हुने व्यवस्थाका लागि विकास व्यवस्थापन पहिलो सर्त हो ।

**– सहसचिव, नेपाल सरकार**



**राजु अधिकारी**
प्रमुख प्रशासकीय अधिकृत
गजुरी गाउँपालिका
धादिङ

# 'विकास र सेवा प्रवाहलाई एकैसाथ अगाडि लिएर गएका छौं'

**विकासका सम्बन्धमा गजुरी गाउँपालिकाले अथाहा सम्भावना बोकेको छ । त्रिशुली खोलादेखि लिएर महाभारतको लेकसम्म फैलिएको प्राकृतिक स्रोत साधनहरूले एकदमै भरिपूर्ण अवस्थामा छ । तर यहाँको भूगोल अलिबढी विकट भएको हुनाले त्यो पनि एउटा विकासको लागि चुनौतीको रूपमा रहेको छ ।**

गजुरी गाउँपालिका धादिङ जिल्लामा अवस्थित एउटा स्थानीय तह हो । यस गाउँपालिका कृषि, पर्यटन र प्राकृतिक स्रोतका माध्यमबाट समृद्धिको बाटोमा अगाडि बढिरहेको छ । हाल गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतको भूमिकामा *राजु अधिकारी* हुनुहुन्छ । २०६९ सालबाट नेपालको निजामती सेवामा प्रवेश गर्नुभएका प्रशासकीय अधिकृत अधिकारीले अहिले गजुरीको दीगो विकास र सेवा प्रवाहलाई उच्च प्राथमिकतामा राखेर कार्यसम्पादन गरिरहनु भएको छ । प्रमुख प्रशासकीय अधिकृत अधिकारीसँग गजुरी गाउँपालिकामा विकासका आवश्यकता, सम्भावना र चुनौतिलगायतका विषयमा केन्द्रित भएर प्रधानसम्पादक *सुरेशराज बरालले* गरेको कुराकानी प्रस्तुत छः

**नागरिकलाई सुशासनसहितको डेलिभरी दिन मातहतका निकायबाट प्रवाह हुने सेवालाई आफ्नो कार्यकालमा अझ प्रभावकारीरूपमा संचालन गर्न के कस्ता सुधारका प्रयास गरिरहनुभएको छ ?**

सुशासनको कुराचाहिँ मेरो बुझाईमा हामीले दिनेभन्दा पनि नागरिकले अनुभूति गर्ने कुरा हुन् । हामीले सुशासन दियौं त म भन्दिन तर हामीले नियमित कामको अतिरिक्त जनतालाई सुविधा होस् भन्ने हेतुले सुशासनका कुराहरूमा केही जोड पक्कै पनि दिएका छौं । जस्तो नागरिक वडापत्रलाई लागु गर्ने कुराहरू गरेका छौं । फेसबुकलगायतका सामाजिक संजालहरूको प्रयोग गर्ने कुराहरू गरेका छौं । नागरिकहरूको सुविधाका लागि घुम्ती शिविरहरू पनि संचालन गरिरहेका छौं । टोल बस्तीस्तरमै कर संकलनदेखि लिएर अरू विषयहरूमा पनि कामहरू गरिरहेका छौं । पहिला वडा सचिवहरू पनि पुरै नभएको अवस्था थियो । अहिले स्थायी कर्मचारीमार्फत पदपूर्ति गर्ने काम भएको छ । पहिला वार्षिक बजेटहरू पनि समयमा आउने थिएन । योभन्दा पहिला असार १० गते बजेट पास गरेर साउन एक गतेदेखि कार्यान्वयनमै गएको अवस्था पनि छ । अर्को ठेक्का प्रक्रियाहरूमा अघिल्लो वर्ष हामीले बैशाखसम्म ठेक्का खोलिरहेका थियौं भने अहिले सबै योजनाहरूको ठेक्का सम्झौता गरेर काम सुरू भइसकेका छन् । कुनै पनि ठेक्काहरू बाँकी छैनन् । यीनै विषयवस्तुमा हामीले हाम्रोतर्फबाट अधिकतम् प्रयास गरिरहेका छौं । यो नै काम गऱ्यौं भन्दा पनि अहिले अझै राम्रो भएको छ ।

**गजुरी गाउँपालिकामा करिब एक वर्षदेखि प्रमुख प्रशासकीय अधिकृतको रूपमा कार्यसम्पादन गरिरहँदा विकासका आवश्यकता, सम्भावना र चुनौतिहरू के के देख्नुभयो ?**

विकासका सम्बन्धमा भन्ने हो भने गजुरी गाउँपालिकाले अथाहा सम्भावना बोकेको छ । त्रिशुली खोलादेखि लिएर महाभारतको लेकसम्म गजुरी गाउँपालिका प्राकृतिक स्रोत साधनहरूले एकदमै भरिपूर्ण अवस्थामा छ । यसलाई कति उपयोग गर्ने र त्यसको न्यायोचित दोहन कति गर्न सकिन्छ भन्ने कुरा अर्को पाटो हो । यहाँको चुनौति भनेको खासगरी गजुरी गाउँपालिका हामीले हेर्दाखेरी सुगम पालिका देखिए पनि अलिकति विकट भूगोल भएको भएर कर्मचारी व्यवस्थापनका सवालमा एउटा चुनौति छ । सबैतिर पूर्णरूपमा कर्मचारीहरू पुगेका छैनन् । हामीलाई आन्तरिक स्रोतको क्षमता विकास गर्ने, त्यसको परिचालन गर्ने, कर्मचारी व्यवस्थापन गर्ने पाटोमा एक खालको चुनौति छ । विकास भन्ने कुरा विस्तारै हुँदै जाने हो । आजको भोलि नै झट्ट भइहाल्ने कुरा पनि होइन तर हामी विकासको एउटा गतिमा हिँडिरहेका छौं ।

**चालु आर्थिक वर्षमा बजेट खर्चको अवस्था कस्तो छ ?**

गजुरी गाउँपालिका बजेट खर्चका हिसाबले गत वर्ष पनि राम्रो अंकमा पुगेका थियो । सशर्त बजेट र अन्य केही बजेटहरू आर्थिक वर्षको अन्तिममा आइदिने र केही बजेट त बिचमा काटियो पनि । त्यो हिसाबले बाहेक हाम्रो आन्तरिक स्रोतबाट व्यहोर्ने अथवा समानीकरणका बजेटहरू लगभग शतप्रतिशत खर्चमा छौं । अहिले पनि बजेट समयमै खर्च गर्ने गरी एउटा ट्र्याकमा हिँडिरहेका छौं । हामीले खर्चको मात्रामा भन्दा पनि काममा बढी जोड दिएको भएर खर्चका लागि खर्चभन्दा पनि त्यसलाई उत्पादनशिल बनाउनुपर्छ भन्ने किसिमले पदाधिकारीज्यूहरू पनि त्यही गतिमा हुनुहुन्छ । त्यो हिसाबले हामी सन्तुष्टको अवस्थामा छौं । हाम्रोमा त्यस्ता खराब सूचकहरू छैनन् ।

**सिद्धान्ततः स्थानीय तहमा पक्ष र विपक्ष नहुने भनिरहँदा पनि जनप्रतिनिधिहरूले त्यही खालको अभ्यास गर्न खोज्दा योजना कार्यान्वयनमै समस्या देखिने, अर्कोतिर सीमित स्रोत साधन, कानुनी उल्झन त्यस्तै दक्ष कर्मचारीको अभावका बीच सहजीकरण गर्दै**

## गजुरी गाउँपालिकाको राजनीतिक तथा प्रशासनिक संरचना

बागमती प्रदेश

जिल्लाः धादिङ

अध्यक्षः गणेशलाल श्रेष्ठ

उपाध्यक्षः शर्मिला बिसुराल

प्रमुख प्रशासकीय अधिकृतः राजु अधिकारी

वडा संख्याः ८

क्षेत्रफलः १३८.६६ वर्ग किलोमिटर

जनसंख्याः २८ हजार ६३४
(राष्ट्रिय जनगणना २०७८ अनुसार)

गाउँपालिकाको केन्द्रः गजुरी



**नागरिकका अपेक्षा सम्बोधन गर्नचाहिँ कत्तिको कठिनाई देख्नुहुन्छ ?**

स्थानीय तहमा, हो सैद्धान्तिकरूपमा पक्ष विपक्ष भन्ने छैन । यो कार्यकारी संरचना हो । संसदीय व्यवस्था होइन । यो कुरा ठीक हो तैपनि जनप्रतिनिधिभित्रै पक्ष विपक्ष नहुँदा पनि हामीसँग नागरिक समाज छ । विपक्षी पार्टी छ । पार्टीभित्रकै अरू मान्छेहरू पनि हुनुहुन्छ । त्यस्तै उहाँहरूले रचनात्मक कामहरूमा हामीलाई सहयोग गरिरहनु भएको छ । यो हिसाबले विपक्ष छैन, म भन्दिन, खबरदारी छ र हुनु पनि पर्छ । हामीलाई अहिले पनि राजनीतिक दल, नागरिक समाज, संचार माध्यमलगायत अन्य ठाउँबाट खबरदारी गरिरहनु भएको हुन्छ । सेवा प्रवाह र विकास डेलिभरी गर्ने भन्ने सन्दर्भमा हामी पारदर्शितामा विश्वास राख्छौं । जनप्रतिनिधिज्यूहरू पनि पारदर्शितामा विश्वास राख्नुहुन्छ । हामी खुल्ला छौं, खुल्ला भएको हिसाबले उहाँहरूबाट असहयोग गर्ने अथवा हामीलाई अप्ठ्यारो पार्ने काम भएको छैन । हामीले विकास र सेवा प्रवाहलाई एकैसाथ अगाडि लिएर गएका छौं । अहिले कर्मचारी र प्रतिनिधिहरूको राम्रो टिम तयार छ । एकआपसमा अन्तरघुलनको अवस्था एकदमै राम्रो छ । साथसाथै यहाँका राजनीतिक दलहरू र मिडियाहरू पनि उत्तिकै जिम्मेवार र सहयोगी भएको हुनाले हामीलाई काम गर्न पनि सहज भएको छ ।



> **गजुरी गाउँपालिकामा सेवा प्रवाह र विकास डेलिभरी गर्ने सन्दर्भमा हामी पारदर्शितामा विश्वास राख्छौं । अहिले कर्मचारी र जनप्रतिनिधिहरूको राम्रो टिम तयार छ । एकआपसमा अन्तरघुलनको अवस्था एकदमै राम्रो छ । साथसाथै यहाँका राजनीतिक दलहरू, नागरिक समाज र मिडियाहरू पनि उत्तिकै जिम्मेवार र सहयोगी भएको हुनाले हामीलाई काम गर्न पनि सहज भएको छ ।**

**स्थानीय तहप्रति नागरिकका अपेक्षा बढेसँगै जनप्रतिनिधिहरूले पनि नागरिकहरूसँग एक खालको प्रतिवद्धता गरेको हुन्छ । त्यहीअनुसार कार्यक्रम ल्याउन खोज्नु एउटा बाध्यता अथवा राजनीतिक उद्देश्य पनि होला । तर प्रशासनिक तहबाट प्रतिफल नदिने कार्यक्रमहरूलाई निरूत्साहित गर्न जनप्रतिनिधिहरूलाई कत्तिको घच्घच्याइ रहनुभएको छ नि ?**

स्थानीय तहको अवस्था र यथार्थता फरक छ । जस्तै हामी यहाँ ६४ करोडको बजेट भन्छौं । हाम्रा नागरिकहरूलाई पनि ६४ करोड पालिकाको बजेट हो भन्ने पर्छ । तर त्यो भित्र के के छ भन्ने कुरा बुझिदिनुपर्छ । सशर्त कार्यक्रम छ, समपुरक कार्यक्रम छ । त्यसपछि शिक्षक कर्मचारी, यतापट्टी स्वास्थ्यका कर्मचारीको तलबलगायत सबै कुरा त्यसैमा जोडिएको हुन्छ । त्यसले गर्दा बजेटको आकार ठूलो देखिएको छ । गाउँपालिकाले आफ्नो तलबिजमा काम गर्न पाउने बजेट भनेको १०/१२ करोडभन्दा बढी छैन । त्यही भित्रबाट सम्पूर्ण काम गर्नुपर्ने छ । यो हिसाबले अपेक्षितरूपमा जनभावना समेटिने गरेर पदाधिकारीज्यूहरूले पनि काम गर्न सक्नुभएन होला । तर हामीले उत्पादनशिल काममा जोड दिएका छौं । होला कहिँकतै सानातिना आयोजनाहरूमा पनि काम गर्नुपर्ला, त्यो गर्नुपर्दैन भन्ने कुरा चाहिँ हैन । तर दीगोरूपमा देखिने खालका काममा जाउँ भनेर अलिकति केही फरक खालका अहिले हामीले वडास्तरीय कार्यक्रममा एउटा २०/२५ लाखको अलि ठूलो आयोजना हाल्नै पर्ने नियम बनायौं । त्यो अहिले कार्यान्वयन भएको छ । जसले गर्दा अलिकति दीगो कार्यक्रमहरू पनि आएका छन् । पालिका आफैंले गर्ने कार्यक्रमहरूलाई पनि हामीले वितरणमुखी हैन, उत्पादनशीलमुखी बनाउन जोड दिएका छौं । हाम्रा पदाधिकारीज्यूहरूबाट पनि वितरणमुखी बजेटमा भन्दा उत्पादनमै जोड दिनुपर्छ भन्ने किसिमले बजेट बनेको छ । कार्यान्वयन पनि त्यही ढंगबाट भइरहेको छ ।

**आमनागरिकको जीवनस्तर उकास्न पालिकाले कस्ता कार्यक्रमहरू संचालन गरिरहेको छ ?**

अहिले संघीय सरकारका कार्यक्रमहरू बाहेक हाम्रो गाउँपालिका तहले गर्ने कार्यक्रमहरू उत्पादनशीलमुखी बनाउन जस्तै गोरू पाल्ने कृषकहरूलाई प्रोत्साहनमूलक कार्यक्रम भनेका छौं । त्यसपछि वेरोजगारहरूको लागि गजुरी स्वरोजगार कोष स्थापना गरेका छौं । त्यही कोषमा सीड मनी राखेर नागरिकहरूलाई विभिन्न किसिमका तालिमहरू दिने कुरा राखेका छौं । नागरिकको स्वास्थ्य उपचारका लागि बीमाका कार्यक्रमहरूमा जोड दिएका छौं । कृषका लागि समर्थन मूल्यका कार्यक्रमहरूलाई राखेका छौं । युवाहरूका लागि विभिन्न तालिमहरू लोकसेवा तयारी कक्षा, शिक्षक सेवा तयारी कक्षाहरूगायतका कार्यक्रमहरू रहेका छन् । गाउँले अर्थतन्त्र उकास्ने किसिमका कार्यक्रमहरू यसपालिको वार्षिक बजेटमा राखेका छौं ।

**दुवै पक्षबाट आर्थिक तथा प्रशासनिक अनुशासनको पालना नहुँदा स्थानीय तहमा भ्रष्टचार बढ्यो भनेर विभिन्न निकायका प्रतिवेदनले औंल्याइरहेको हुँदा जवाफदेहिताका लागि कत्तिको प्रतिवद्ध हुनुहुन्छ ?**

म गजुरी गाउँपालिकाको सेवा प्रदायक भए पनि अरू ठाउँको सेवाग्राही नै हो । तर हामीले गरेका विषयका सन्दर्भमा मैले यहाँ व्याख्या गरेर चोखिनुभन्दा आमनागरिकले नै हेर्ने विषय हो । तैपनि यी चिजहरूमा जुन किसिमका गुनासाहरू आएका छन्, ति चिजहरूको नियन्त्रण संयन्त्र बनाउनका लागि हाम्रा खर्चहरू कार्यपालिकामा पेश गर्छौं । आन्तरिक नियन्त्रण प्रणाली पनि छँदैछ । म अघिल्लो वर्षको माघ १८ गते हाजिर भएर काम गर्दै आउँदा आजको दिनसम्म एउटा पनि पत्र अख्तियारबाट आएको छैन । एक दुई वटा पत्र पनि पहिला पहिलाका पुराना अघिल्लो अघिल्लो सालको आएको छ । म आइसकेपछि मैले सम्पन्न गरेका कामकारबाहीको बारेमा अहिलेसम्म कुनै पनि पत्र यहाँ आएको छैन । लिखित उजुरी पनि अहिलेसम्म पालिकामा आएको छैन । अर्को आर्थिक सुशासनको पाटोमा बेरूजुको जुन अवस्था छ, त्यसमा सैद्धान्तिक बेरूजु, साविक गाविस हुँदा बखतका बेरूजुहरू जसमा उपभोक्ता समितिहरूलाई पेश्की दिएको कुराहरू छ । गाविसहरूबाटै

गाउँपालिका बनेको हिसाबले त्यो बेरूजु सँगसँगै तान्दै आइन्छ । त्यो हिसाबले चाहिँ बेरूजुको आकार अलिकति देखिन गएको हो । अहिले हाम्रोमा सैद्धान्तिक बेरूजु सीमित छ । असुल उपरका कुराहरू पनि अपेक्षितरूपमा भइसकेकोले बेरूजु पनि घट्दो छ । अख्तियारमा मुद्दाहरू परेका छैनन् । त्यो हिसाबले हामी सुरक्षित ठाउँमा छौं भन्ने लाग्छ ।

**प्रशासनिक नेतृत्वका हिसाबले कार्यसम्पादन गरिरहँदा जनप्रतिनिधिहरू, वडा, टोल, उपभोक्ता समितिलगायत आफ्नै कर्मचारीहरूबाट कत्तिको सहयोग पाइरहनु भएको छ ?**

जुन अपेक्षा गरेरै म यहाँ आएको थिएँ, अपेक्षा अनुकुल नै छ । हाम्रा जनप्रतिनिधिज्यूहरूलाई हामीले कामका विषयमा यस्तो हो भन्दा उहाँहरूले बुझिहाल्नु हुन्छ । अहिले उहाँहरूलाई हामीले पनि करेक्सन गराउनु पर्दैन । उहाँहरू आफैं सेल्फ करेक्सन मै हुनुहुन्छ । एउटा स्पिडमा हुनुहुन्छ । कर्मचारीहरू पनि फिल्डमा खटिएर काम गरिरहनु भएको छ । यसरी प्रशासनिक प्रमुखको हैसियतले मैले जति सहयोग पाउनु पर्ने हो, त्यो पुरै पाएको छु । यस हिसाबले एकदमै खुसी छु । मिडियामार्फत पनि उहाँहरूलाई आभार र कृतज्ञता व्यक्त गर्दछु ।

**गजुरी गाउँपालिकामा अहिले भइरहेको विकासबाट सन्तुष्ट हुने ठाउँ छ कि छैन ?**

जुन किसिमले जे हुनुपर्ने थियो, त्यो किसिमले भएको छैन । त्यसमा म आफु पनि स्वयम् कर्मचारी प्रमुखको हिसाबले जुन स्पिडमा हामीले काम गर्न सक्थ्यौं, अझै राम्रो गर्न सक्थ्यौं होला तर त्यो स्पिडमा छैनौं किनभने अहिले हामी सुरूवाती चरणमै छौं । यसपालि पनि हामीले केही परक कार्यक्रमहरू अगाडि सारेका छौं, जस्तै फोहोरमैला व्यवस्थापनका कुराहरू, दमकल खरिदका कुराहरू छन् । दुई तीन वटा पालिकाहरू मिलेर दमकल खरिदको प्रक्रियामा छौं । प्रशासनिक भवनहरू पनि बन्दैछन् । तर जति हुनुपर्थ्यो, जति हामीले गर्न सक्थ्यौं त्यो स्पिडमा छैनौं । साधन स्रोत र दक्ष जनशक्ति हुँदा काम आफैं स्पिडमा जाने हो । पर्याप्त स्रोत साधनको अभाव हुँदाहुँदै पनि अघिल्लो वर्षभन्दा यसपाली हामीले अझ राम्रो गर्‍यौं । ठेक्का समयमै भयो । अघिल्लो वर्ष चैत बैशाखमा ठेक्का हुन्थ्यो भने अहिले हामीले एक किस्ता भुक्तानी पनि दिइसक्यौं भनेपछि अलिकति ठीक ठाउँमा छौं । विकासप्रति जनताको जुन अपेक्षा र चाहना हो, राजनीतिक दल र हाम्रा जनप्रतिनिधिहरूज्यूहरूमा जुन एउटा हुटहुटी छ, त्यो अनुसार हामीले काम गर्न अझै पनि सकेका छैनौं । यसमा विशेषगरी साधन स्रोत र हाम्रा प्रशासनिक संरचनाकै अलिकति कमजोरी हो भन्ने लाग्छ ।

**स्थानीय तहमा बसेर कार्यसम्पादन गरिरहँदा स्थानीय प्रशासनमा जे जस्ता समस्याहरू देख्नुभयो, त्यसको सुधारका लागि व्यक्तिगतरूपमा के सुझाब दिनुहुन्छ ?**

हामीसँग काम गर्दिन भन्नका लागि थुप्रै बहानाहरू हुन्छन् । यदि हामीले चाहने हो भने मलाई काम गर्नको लागि अनुकुल वातावरण छैन भन्नलाई थुप्रै कुराहरू हुन सक्छन् । अहिले समग्रमा हामी सबैलाई भएको पनि त्यही छ । जो प्रशासनिक संरचनाको नेतृत्व तहमा छौं, सुधारको सुरूवात हामीबाटै गर्ने हो । त्यसपछि हाम्रा सबै कर्मचारीले पालना गरेर जाने कुरा हो । हामीसँग यो शासन प्रणाली र यो संरचनाको विकल्प छैन । यही संरचनाभित्रबाट विकास खोज्ने हो । सेवा प्रवाह र शासन संरचना खोज्ने हो । यसमा सुधार गर्नुपर्ने पाटाहरू छुट्टै छन् । तर सुधारलाई पर्खिएर अहिले सुशासन, सेवा प्रवाह र विकासका बाटामा हामी सम्झौता गर्न सक्दैनौं । यसैमा कति सकिन्छ, अधिकतम् प्रयास गरेर जानुपर्छ । ■


## सिद्धलेक गाउँपालिकाको अनुरोध

- **जन्म, मृत्यु, विवाह, बसाइसराई जस्ता व्यक्तिगत घटना घटेको ३५ दिनभित्र आफ्नो वडा कार्यालयमा अनिवार्यरुपमा दर्ता गरौं ।**
- **गाउँपालिकाका क्षेत्रभित्र रहेका सडक अतिक्रमण गरी बनाइएका घर, टहरा तथा अन्य संरचना यथाशीघ्र खाली गरी सार्वजनिक सडक तथा खाली जग्गा संरक्षण गर्ने अभियानमा जुटौं ।**
- **गाउँपालिकाबाट स्वीकृत भवन निर्माण तथा सहरी योजना आधारभूत मापदण्डलाई पालना गरौं, भवन निर्माण तथा जग्गा प्लानिङ गर्दा अनिवार्य स्वीकृति तथा इजाजत लिएर मात्र गरौं ।**
- **हामीले तिरेको कर हाम्रै निम्ति हो, त्यसैले कर तिरौं । विकास निर्माणमा सहभागी बनौं ।**
- **घर/पसलबाट निस्किएको फोहोर नाला वा सडकमा नफालौं । नगरलाई सफा र सुन्दर बनाउन आ–आफ्नो ठाउँबाट लागौं ।**
- **गाउँपालिका क्षेत्रभित्र रहेका पर्यटकीय क्षेत्र, ताल, तलैया र ऐतिहासिक सम्पदाको संरक्षण एवं सम्वर्द्धन गरौं ।**
- **महिला हिंसामुक्त समाजको निर्माण गरौं ।**
- **आफ्नो घर वरपर बोटविरुवा रोपी हरियाली बनाऔं ।**
- **घर बाहिर निस्कँदा अनिवार्यरुपमा मास्कको प्रयोग गरौं । सामाजिक दुरी कायम राखौं र नियमितरुपमा साबुनपानीले हात धुने बानी बसालौं ।**

**सिद्धलेक गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
वुङचुङ, धादिङ, बागमती प्रदेश



**। हरेराम साह**
प्रमुख प्रशासकीय अधिकृत
नेत्रावती डबजोङ गाउँपालिका
धादिङ

# ‘नेत्रावती डबजोङमा सुशासनसहितको विकासलाई तीव्रता दिएका छौं’

स्थानीय तहलाई प्रत्यक्षरूपमा एक किसिमले नागरिकको नजिकको सरकार भनिन्छ । आफ्नो नजिकको सरकार भएकाले जनताको अपेक्षा बढी हुनु स्वभाविक पनि हो । स्रोत साधनको सीमितताको बाबजुद नेत्रावती डबजोङ गाउँपालिकामा पक्ष विपक्ष, नागरिक समाज, कर्मचारीलगायत सबैसँगको सहकार्यमा विकासको गति अगाडि बढेको छ ।

**ने**त्रावती डबजोङ गाउँपालिका धादिङ जिल्लामा अवस्थित एउटा स्थानीय तह हो । २०७३ सालमा स्थापना भएको यस गाउँपालिका सुन्दर, मनमोहक, जैविक विविधता र प्राकृतिक स्रोतका हिसाबले पनि महत्वपूर्ण क्षेत्रअन्तर्गत पर्दछ । विशेषगरी कृषि, पर्यटन र प्राकृतिक स्रोतको माध्यमबाटै दीगो विकास र समृद्धिका लागि अगाडि बढिरहेको यस गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतको भूमिकामा हाल हरेराम साह हुनुहुन्छ । २०७४ सालमा नेपालको निजामती सेवामा प्रवेश गर्नुभएका साह एउटा कुशल प्रशासकको रूपमा चिनिनुहुन्छ । नेत्रावती डबजोङ गाउँपालिकाको दीगो विकास र सेवा प्रवाहलाई उच्च प्राथमिकतामा राखेर कार्यसम्पादन गरिरहनु भएका प्रमुख प्रशासकीय अधिकृत साहसँग पालिकामा विकासका आवश्यकता, सम्भावना र चुनौतिलगायतका विषयमा केन्द्रित भएर प्रधानसम्पादक सुरेशराज बरालले गरेको कुराकानी प्रस्तुत छः

**नागरिकलाई सुशासनसहितको डेलिभरी दिन मातहतका निकायबाट प्रवाह हुने सेवालाई प्रभावकारीरूपमा संचालन गर्न के कस्ता सुधारका प्रयास गरिरहनु भएको छ ?**

पहिलो कुरा नागरिकलाई सेवा दिने सवालमा जेष्ठ नागरिकलाई आफ्नो निर्वाह भत्ता लिनका लागि अहिले पालिकामै धाउनुपर्छ भन्ने छैन । बैंकमार्फत भत्ता भुक्तानी भइरहेको छ । तथापी कोहीकोही जेष्ठ नागरिक एकदमै अशक्त हुनुहुन्छ, अपांग हुनुहुन्छ भने त्यस्ता व्यक्तिलाई बैंकसँगको समन्वयमा वडा कार्यालयबाटै वितरण गर्ने, वडा कार्यालयमा पनि आउन नसकेका खण्डमा वडाको सिफारिसमा गाउँमै, घरमै, टोलमै गएर वितरण गर्ने गरिएको छ । सुशासनका लागि हाम्रा जति पनि वडाहरूबाट हुने सेवा प्रवाहहरू छन्, ती सबैलाई सफट्वेयर बेस बनाएका छौं । राजश्वसम्बन्धीदेखि लिएर पालिकाबाट हुने गतिविधिका विषयमा जानकारी दिनको लागि पनि सफट्वेयर व्यवस्था भएको छ । फेसबुक पेज छ, पालिकाको आफ्नो वेव पेज पनि भएकाले त्यसबाट नागरिकलाई जानकारी गराउने गरेका छौं । अहिले नयाँ सफ्टवेयरको पनि विकास गरेका छौं । यदि गाउँपालिका भरिका जनतामा कुनै विषयमा जिज्ञासा भए त्यो सफ्टवेयरमार्फत राख्न सकिन्छ । त्यसमा रेडियो कार्यक्रम हुन्छ । नागरिकलाई केही कुराको विज्ञासा राख्नु परेको खण्डमा रेडियो संचालकले एकदिन अगाडि नै एउटा सूचना पठाउने, अनि त्यो सूचना सबै नागरिकमा पुग्छ । त्यसमा आज अथवा कुनै एक दिन जनतासँग अध्यक्षको कार्यक्रम हुँदैछ, यदि तपाइँहरूको केही जिज्ञासा भए राख्न सकिन्छ भनेको हुन्छ । कर्मचारीको विषयमा पनि जिज्ञासा या केही गुनासा भए त्यसमा राख्न सकिन्छ । यसरी हामीले गुनासो सुन्ने संयन्त्रको विकास गरेका छौं ।

**नेत्रावती डबजोङ गाँउपालिकामा विकासका आवश्यकता, सम्भावना र चुनौतिहरू के के देख्नुहुन्छ ?**

चुनौति पनि छ, सम्भावना पनि बोकेको छ । नेत्रावती डबजोङ गाउँपालिका एक हिसाबले भौगोलिक दृष्टिकोणले अलि बिकटै छ । विकासको दृष्टिकोणले पनि अहिलेसम्म पछि नै परेको छ । जिल्ला सदरमुकामको नजिक हुँदा पनि जुन किसिमले यहाँको विकास हुनुपर्थ्यो त्यस हिसाबले अहिलेसम्म त्यतिधेरै नभइसकेको अवस्था छ । तर अहिले सुशासनसहितको विकास निर्माणको कार्यलाई हामीले तीव्रता दिएका छौं । अर्को यहाँका ३, ४ र ५ वडाहरूमा कृषि कार्यका लागि निकै नै सम्भावना छ । यहाँका कृषकहरूले कृषि पेशालाई जोड दिएका छन् । त्यसैको फलस्वरूप गाउँपालिकाले

> **'**
>
> **नेत्रावती डबजोङमा चुनौति पनि छन् । पालिका भौगोलिक दृष्टिकोणका हिसाबले अलि बिकटै छ । विकासको दृष्टिकोणले पनि जिल्ला सदरमुकामको नजिक हुँदा जुन किसिमले यहाँको विकास हुनुपर्थ्यो त्यस हिसाबले नभइसकेको अवस्था छ । सयम समयमा विभिन्न किसिमका अवरोधहरू सिर्जना भइरहने, समयमै काम सम्मन्न नहुने जस्ता कारणहरू पनि छन् ।**

## नेत्रावती डबजोङ गाउँपालिकाको राजनीतिक तथा प्रशासनिक संरचना

**बागमती प्रदेश**
**जिल्लाः धादिङ**
**अध्यक्षः मेघनाथ रिजाल**
**उपाध्यक्षः सितामाया गुरूङ**
**प्रमुख प्रशासकीय अधिकृतः हरेराम साह**
**वडा संख्याः ५**
**क्षेत्रफलः १८१.७८ वर्ग किलोमिटर**
**जनसंख्याः ११ हजार ३१०**
**(राष्ट्रिय जनगणना २०७८ अनुसार)**
**गाउँपालिकाको केन्द्रः सेमजोङ**



अघिल्लो आर्थिक वर्षमा तीस लाख रूपैयाँ विनियोजित गरेर एउटा पाइलट प्राजेक्टको रूपमा किसानहरूलाई टनेल निर्माण गर्नका लागि सहयोग गरेको थियो । त्यसका लागि किसानलाई प्रतिटनेल ३० हजारका दरले दियौं । अहिले कृषि उत्पादन राम्रो हुँदै गएको छ । एउटा किसानले कम्तिमा पनि वर्षभरीमा ६ देखि लाखसम्म आम्दानी गरिरहेको अवस्था छ । जुन कार्यक्रमलाई गाउँपालिकाले यो वर्ष पनि निरन्तरता दिएको छ । आगामी वर्षमा पनि कृषिको विकासका लागि निरन्तरता दिने कुरा छ । साथसाथै यहाँको एउटा वाकाराहा, बिन्दुकेश्वर महादेवलगायतका ठाउँ पर्यटकीय दृष्टिकोणले अति नै सम्भावना बोकेका क्षेत्र हुन् । त्यसको विकास निर्माणमा गाउँपालिका लागि परेको अवस्था छ । चुनौतिका सवालमा भन्नुपर्दा ठेकेदारहरूले पनि समयमै काम नगरी दिने, सयम समयमा विभिन्न किसिमका अवरोधहरू सिर्जना भइरहने कारणहरू पनि छन् । समयमै काम सम्पन्न हुँदा सबैलाई राम्रो हुन्थ्यो । तथापी दोस्रो पक्षबाट जे जति सहयोग पाउनुपर्ने त्यो अलिअलि नभएको होकी भन्ने आभास हुन्छ ।

**अहिले बजेट खर्चको अवस्था कस्तो छ ?**

अघिल्लो आर्थिक वर्षमा हामीले करिब ९० प्रतिशत पुँजीगत खर्च गरेका थियौं भने करिब ९२ प्रतिशत चालु खर्च गरेको अवस्था थियो । चालु आर्थिक वर्षका योजनाहरूको अहिले ठेक्का सम्झौता भइसकेको अवस्था छ । सबैजसो विकास निर्माणका सवालमा उपभोक्ता समिति र इविडबाट भएका ठेक्कापट्टाको कामहरू तीव्र गतिमा अगाडि बढिरहेको अवस्था छ । अहिलेसम्म करिब करिब एक चौथाई सम्पन्न भइसकेका छन् । साथसाथै इगर्नेन्सलाई कार्यान्वयन गर्नका लागि २० लाखभन्दा माथिका जति पनि आयोजनाहरू हुन्छन्, ती सबै इविडमार्फत नै संचालन हुने गरेका छन् ।

**सिद्धान्ततः स्थानीय तहमा पक्ष र विपक्ष नहुने भनिरहँदा जनप्रतिनिधिहरूले त्यहीखालको अभ्यास गर्न खोज्दा योजना कार्यान्वयनमै समस्या देखिने, अर्कोतिर सीमित स्रोत साधन, कानुनी उल्झन त्यस्तै दक्ष जनशक्तिको अभावका बीच सहजीकरण गर्दै नागरिकका अपेक्षा सम्बोधन गर्न कत्तिको कठिनाई देख्नुहुन्छ ?**

स्थानीय तहमा पक्ष विपक्ष हुँदैन भन्नेचाहिँ हुँदैन । तथापी नेत्रावती डबजोङ गाउँपालिकाको हकमा भने पक्ष विपक्ष, नागरिक समाजलगायत सबैसँगको सहकार्यमा विकासको गति अगाडि बढेको छ । स्वस्थ विकासका लागि पक्ष र विपक्ष दुवै हुनुपर्छ । जसले विकासमा निखारता ल्याउँछ । जहाँ पनि पक्ष र विपक्ष भइहाल्छन् त्यो स्वभाविक पनि हो । यहाँ दुवै पक्ष मिलेरै अहिलेसम्म राम्रोसँग काम गरिराखेको अवस्था छ । हामीले अघिल्लो आवमा करिब ९० प्रतिशत जुन पुँजिगत खर्च गर्न सफल भयौं त्यसैको फलस्वरूप हो । यहाँ पालिकाको विकासका लागि सबै एकमत हुने, दुईमत नभइदिने, विपक्षसँग पनि सल्लाह लिने त्यस्तै सरोकारावाहरू सबैसँग सरसल्लाह लिएर नै अहिलेसम्म विकासको गतिमा अगाडि बढिरहेको अवस्था छ ।

**नागरिकको जीवनस्तर उकास्नका लागि पालिकाले कस्ता कार्यक्रमहरू संचालन गरिरहेको छ ?**

नागरिकको जीवनस्तरमा प्रत्यक्षरूपमा प्रभाव पार्ने तथा जीवनस्तर उकास्नका लागि सहयोग पुग्ने कार्यक्रमहरू लिनुपर्दा हाम्रो पालिकाबाट पहिलो कुरा जेष्ठ नागरिक, गर्भवती महिलाहरूको स्वास्थ्यमा सहयोग पुगोस् भनेर प्रत्येक तीन तीन महिनामा शिविर संचालन गर्छौं । प्रत्येक एउटा वडामा भ्याएसम्म दुई ठाउँ, तीन ठाउँ गएर जेष्ठ नागरिकको स्वास्थ्य अवस्थाको चेक जाँच गर्ने, सरसल्लाह दिने र आवश्यक औषधी प्रदान गर्ने गरेका छौं । आँखा शिविर पनि संचालनलगायतका काम पनि गरिरहेका छौं । जसले गर्दा जेष्ठ नागरिकलहरूमा आँखासम्बन्धी रोगमा मोति बिन्दुको समस्या अलि बढी नै देखिने हुँदा त्यस्ता रोगहरूको समयमै निदान भइरहेको अवस्था छ । हामीले दोस्रो पक्षसँग समन्वय गरेरै त्यस्ता शिविरहरू संचालन गर्ने गरेका छौं । जसबाट जनतालाई एक किसिमको घर दैलोमै गएर सेवा प्रवाह भइरहेको अवस्था छ । त्यसैगरी प्रत्येक महिना टोल टोलमा स्वास्थ्य क्लिनिक चलाएका छौं । हामी सबै एक जुट भई स्वास्थ्य स्वयंसेवीकाहरू, स्वास्थ्यकर्मीहरू टोलटोलमा गएर जनताको स्वास्थ्यमा के कस्ता समस्या छन् बुझ्ने र त्यसको निराकरण गर्नेतर्फ सहयोग भइरहेको अवस्था छ । हाम्रा कर्मचारीहरूले पनि सहयोगीको भूमिका खेलिरहेका छन् । साथसाथै कृषिको क्षेत्रमा हाम्रा कर्मचारीहरूबाट फिल्डमै गएर कृषकहरूको समस्या बुझ्ने, गुनासा सुन्ने गरेका छौं । कृषकले लगाएका बालीमा रोग लागे नगलागेको कुरा बुझेर आवश्यक सरसल्लाह पनि दिने गरेका छौं ।



**अघिल्लो आर्थिक वर्षमा हामीले करिब ९० प्रतिशत पुँजीगत खर्च गरेका थियौं भने करिब ९२ प्रतिशत चालु खर्च गरेको अवस्था थियो । चालु आर्थिक वर्षका योजनाहरूको अहिले ठेक्का सम्झौता भइसकेको अवस्था छ । सबैजसो विकास निर्माणका सवालमा उपभोक्ता समिति र इविडबाट भएका ठेक्कापट्टाको कामहरू तीव्र गतिमा अगाडि बढिरहेको अवस्था छ । अहिलेसम्म करिब करिब एक चौथाई सम्पन्न भइसकेका छन् ।**

**स्थानीय तहमा पक्ष विपक्ष हुँदैन भन्नेचाहिँ हुँदैन । तथापी नेत्रावती डबजोङ गाउँपालिकाको हकमा भने पक्ष विपक्ष, नागरिक समाजलगायत सबैसँगको सहकार्यमा विकासको गति अगाडि बढेको छ । स्वस्थ विकासका लागि पक्ष र विपक्ष दुवै हुनुपर्छ । जसले विकासमा निखारता ल्याउँछ ।**

**स्थानीय तहप्रति नागरिकका अपेक्षा बढेकाले जनप्रतिनिधिहरूले त्यहीअनुसार कार्यक्रम ल्याउन खोज्नु एउटा बाध्यता अथवा राजनीतिक उद्देश्य पनि होला । तर प्रशासनिक तहबाट प्रतिफल नदिने कार्यक्रमहरूलाई निरूत्साहित गर्न जनप्रनिधिहरूलाई कत्तिको घच्घच्याई रहनुभएको छ ?**

स्थानीय तहलाई प्रत्यक्षरूपमा एक किसिमले नागरिकको नजिकको सरकार भनिन्छ । आफ्नो नजिकको सरकार भएकाले जनताको अपेक्षा बढी हुनु स्वभाविक पनि हो । यो कुरा धेरै ठाउँमा समस्याकै रूपमा रहेछ । तर स्रोत साधनको सीमितताको बाबजुद कसरी सम्बोधन गर्ने भन्ने एउटा कुरा छ । तथापी पालिकाबाट ऐन, कानुन, नीति, नियममा टेकेर गर्न सक्ने जति कुरामा प्रशासनको तर्फबाट मेरो बढी नै जोड हुन्छ । यदि कानुन, नियम, ऐन, विधिले दिएको छ भने त्यसलाई नरोकी दिने तर ऐन नियम, कानुनले त्यस्ता कुरालाई रोकेको छ अथवा आर्थिक पक्षबाट मिल्दै नमिल्ने छ भने त्यस्तोलाई हामीले निरूत्साहित गरिरहेको अवस्था छ ।

**दुवै पक्षबाट आर्थिक तथा प्रशासनिक अनुशासनको पालना नहुँदा स्थानीय तहमा भ्रष्टचार बढेको भनेर विभिन्न निकायका प्रतिवेदनले औंल्याइरहेको हुँदा जवाफदेहिताका लागि कत्तिको प्रतिवद्ध हुन्नुहुन्छ ?**

मेरो तर्फबाट अथवा दुवै तर्फबाट जुन समय समयमा माथिल्लो निकायबाट निर्देशन, सुझाब आइरहेको हुन्छ, त्यस्ता विषयहरूलाई कार्यपालिकामा छलफल गराउने गरेका छौं । जनप्रतिनिधिहरूलाई माथिबाट यस्तो सुझाब आएको छ, यसलाई कार्यान्वयन गर्नुपर्छ, अवमूल्यन गरेर जानु हुँदैन भन्ने कुरा हामीले बारम्बार भनिरहेका छौं । यस्ता कुराहरू जनप्रतिनिधिहरूले पनि बुझ्नुहुन्छ । त्यसको फलस्वरूप अहिले पालिकामा आर्थिक अनियमितासँग सम्बन्धित त्यस्ता किसिमका समस्या नदेखिएको अवस्था छ ।

**जनप्रतिनिधिहरू दीगो विकासको लक्ष्यप्रति कत्तिको सचेत भएर लागेको पाइरहनु भएको छ ?**

दीगो विकासको लक्ष्यप्रति जनप्रतिनिधिहरू पनि सजगै हुनुहुन्छ । उहाँहरू वातावरणमैत्री विकास गर्नुपर्छ भन्नेतर्फ अलि सजगै भएर लागेको देखिन्छ । यहाँको मुख्य समस्या भनेको पहिला पहिला खानेपानीको मुहान सुक्ने कुराहरू थियो । खानेपानीको मुहान सुक्ने कारणले गर्दा तल्लो भेगका जनतालाई स्वच्छ खानेपानीको अभाव हुने जस्ता कुराहरू पालिकाले झेलिरहेको अवस्था थियो । अहिले मुहानमा साना साना ड्यामहरू बनाएर हुन्छ कि, के गरेर हुन्छ, त्यसलाई जगेर्ना गर्नको लागि गर्नुपर्ने सबै कामहरू पालिकाबाट भइरहेको अवस्था छ । त्यसैले वातावरणमैत्री विकास गर्नुपर्छ भन्ने कुराको चाहना जनप्रतिनिधहरूमा रहेको छ ।

**नेत्रावती डबजोङ गाँउपालिकाको समग्र विकासको अवस्थाप्रति तपाइँ आफुचाहिँ सन्तुष्ट हुने अवस्था छ कि छैन ?**

म मेरो तर्फबाट भन्नुपर्दा अहिले आव २०८०/०८१ चलिरहेको छ । तर २०७९/८० मा विकासको गति जुन थियो त्यो सन्तुष्ट हुन लायककै थियो । त्यसमा गर्व गर्ने एउटा पाटो पनि थियो । एक हिसाबले विकासको रफ्तार चलेको थियो । यो वर्ष भर्खर भर्खर सुरू भएको अवस्था छ । यसको मूल्यांकन र समिक्षाचाहिँ आर्थिक वर्षको अन्त्यतिर गर्नुपर्ने हुन्छ । अघिल्लो आर्थिक वर्षसँग तुलना गर्दा अहिले झनै राम्रो हुँदै गएको हुनाले यहाँको समग्र विकासप्रति सन्तुष्ट हुने अवस्था बनिरहेको छ । ■


## गल्छी गाउँपालिकाको अनुरोध

- जन्म, मृत्यु, विवाह, बसाइसराईं जस्ता व्यक्तिगत घटना घटेको ३५ दिनभित्र आफ्नो वडा कार्यालयमा अनिवार्यरुपमा दर्ता गरौं ।
- गाउँपालिकाका क्षेत्रभित्र रहेका सडक अतिक्रमण गरी बनाइएका घर, टहरा तथा अन्य संरचना यथाशीघ्र खाली गरी सार्वजनिक सडक तथा खाली जग्गा संरक्षण गर्ने अभियानमा जुटौं ।
- गाउँपालिकाबाट स्वीकृत भवन निर्माण तथा सहरी योजना आधारभूत मापदण्डलाई पालना गरौं, भवन निर्माण तथा जग्गा प्लानिङ गर्दा अनिवार्य स्वीकृति तथा इजाजत लिएर मात्र गरौं ।
- हामीले तिरेको कर हाम्रै निम्ति हो, त्यसैले कर तिरौं । विकास निर्माणमा सहभागी बनौं ।
- घर/पसलबाट निस्किएको फोहोर नाला वा सडकमा नफालौं । नगरलाई सफा र सुन्दर बनाउन आ-आफ्नो ठाउँबाट लागौं ।
- गाउँपालिका क्षेत्रभित्र रहेका पर्यटकीय क्षेत्र, ताल, तलैया र ऐतिहासिक सम्पदाको संरक्षण एवं सम्वर्द्धन गरौं ।
- महिला हिंसामुक्त समाजको निर्माण गरौं ।
- आफ्नो घर वरपर बोटविरुवा रोपी हरियाली बनाऔं ।
- घर बाहिर निस्कँदा अनिवार्यरुपमा मास्कको प्रयोग गरौं । सामाजिक दुरी कायम राखौं र नियमितरुपमा साबुनपानीले हात धुने बानी बसालौं ।

**गल्छी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
बैरेनी, धादिङ, बागमती प्रदेश

# नेपालमा श्रमशक्तिको वर्तमान अवस्था र स्थिति

**नेपालमा प्रतिवर्ष करिब ५ लाख व्यक्ति श्रमबजारमा थपिने गरेको अनुमान छ । तर श्रम बजारमा आउने व्याक्तिहरूलाई रोजगारी उपलब्ध गराउने विषय अझै पनि चुनौतीको रूपमा रहेको छ ।**



**गम्भीरबहादुर हाडा**

खेतमा काम गर्ने किसान, कारखानामा काम गर्ने मजदुर, घर बनाउने सिकर्मी, डकर्मी, ज्यामीहरु आदि श्रमिकहरु हुन् । यिनीहरूले आफ्नो परिश्रम खर्च गरेर जीवन बिताईरहेका हुन्छन् । दोश्रो प्रकारको मानिसहरु जस्तो कर्मचारी, डाक्टर, वकिल, शिक्षक, ज्योतिष आदिले पनि श्रम नै गरिरहेका हुन्छन् । पहिलो प्रकारको श्रममा अधिकांश बल, शक्ति प्रयोग गर्नुपर्ने भएको हुनाले यसलाई शारीरिक श्रम भनिन्छ । दोश्रो प्रकारको श्रममा शारीरिक मेहनतभन्दा वुद्धि विवेक, बिचार आदि ज्ञानद्वारा गर्नुपर्ने कार्य भएको हुँदा यस्तो श्रमलाई मानसिक श्रम भनिन्छ । अर्थ उपार्जन हुने श्रम र अर्थ उपार्जन नहुने श्रम दुई प्रकारका श्रम हुन्छन् । जुन श्रम गर्दा अर्थ उपार्जन हुन्छ अर्थशास्त्रको दृष्टिकोणले त्यो श्रम हुन्छ । त्यसकारण मानवीय मेहनत मात्र श्रम हो । शारीरिक वा मानसिक मध्ये दुवै वा एक हुनु जरूरी छ । मेहनत गरिए वापत आर्थिक लाभ पाएको हुनु पर्दछ ।

विश्व इतिहास वर्ग संघर्षको रक्तिम आवरणहरूले भरिएको छ । सत्रौं शताब्दीदेखि श्रमिक वर्गले आफ्नो आन्दोलनमा तीव्रता ल्याएको पाइन्छ । काम गरेको ज्याला, उचित दर रेटमा ज्याला, कामको सुरक्षा, पेशाको सुरक्षा, हित संरक्षणका लागि प्रतिरोध गर्नसक्ने अधिकार, संगठन खडा गर्न सक्ने अधिकार र अन्य उपायजस्तै संयुक्त सम्झौता, हडताल र सामाजिक जीवनको अन्य क्रियाकलापमा एउटा नागरिकको हैसियतले भाग लिन पाउने अधिकार इत्यादिका लागि श्रम आन्दोलनले विश्व सभ्यता र इतिहासमा पर्याप्त असर पारेको पाइन्छ ।

**नेपालमा श्रम शक्तिको वर्तमान अवस्था र स्थितिः**

नेपालमा प्रतिवर्ष श्रमबजारमा थपिने अनुमानित ३ लाख श्रमशक्तिलाई रोजगारीका अवसर सिर्जना गर्न सकेको छैन । देशभित्र उद्यमशीलता र स्तरीय सीप विकासका अवसरहरू तथा रोजगारी सिर्जनाको दर न्यून रहेको छ । व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्यसम्बन्धी कानुनको अभाव रहेको छ । दक्ष, जनशक्तिको माग र आपूर्तिबीच तालमेल कायम हुन सकेको छैन । श्रम कार्यालयहरूको जनशक्ति र भौतिक पूर्वाधारमा सुधार गर्न नसक्दा विद्यमान नीति तथा कानूनहरूको प्रभावकारी कार्यान्वयन हुन नसकेको स्थिति छ । औद्योगिक प्रतिष्ठानहरूमा व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्यसम्बन्धी प्रदूषण मापदण्डहरू लागू गर्न सकेको छैन । अन्तर्राष्ट्रिय श्रम बजारमा प्रतिस्पर्धा गर्न सक्ने दक्ष जनशक्ति उत्पादन गर्नु, वैदेशिक रोजगारमा जानेहरूलाई आवश्यक सहयोग तथा संरक्षण उपलब्ध गराउनु, तालिमका कार्यक्रमहरूलाई अद्यावधिक, स्तरीय र समन्वयित गर्नु, श्रमका नयाँ स्वरूपहरू, बढ्दो अनौपचारिकीकरण जस्ता समस्याहरू मौजुद रहेका छन् । यसको साथसाथै नयाँ व्यवस्थापकीय तथा सांगठनिक अभ्यासअनुरूप कानुनी र संस्थागत प्रावधानहरू अद्यावधिक गर्नु र महिला, दलित, आदिवासी, जनजाति, मधेसी, मुस्लिम, अपाङ्गता भएका व्यक्तिहरू तथा सीमान्तकृत वर्गको श्रम बजारमा उपलब्ध अवसरहरूमा पहुँच बढाउनु चुनौतिपूर्ण रहेको छ । शान्ति सम्झौतापछि मुलुकमा स्थिर राजनीतिक वातावरण बनेको, औद्योगिक शान्ति कायम हुँदै गएको, आर्थिक सामाजिक क्रियाकलापहरू स्वतःस्फूर्त रुपमा सञ्चालन हुने क्रममा रहेका र स्वदेशी तथा वैदेशिक लगानीको वातावरण अनुकूल बन्दै गएको छ । तुलनात्मकरूपमा नेपाली श्रम सस्तो, अनुशासित र परिश्रमी भएकोले क्षेत्रीय तथा अन्तर्राष्ट्रिय श्रम बजारमा दक्ष श्रमशक्ति आपूर्तिबाट विप्रेषण बढ्ने र विदेशी श्रमबजारबाट लाभ लिन सकिने देखिएको छ ।

हाम्रो जस्ता कृषिमा आधारित निर्वाहमूखी अर्थव्यवस्था भएको देशमा आफ्नै उपयोगको लागि खेतीपाती तथा पशुपालन कार्य तथा पारिवारिक उपयोगका लागि वस्तु उत्पादन कार्यमा सम्लग्न जनशक्तिलाई यसअधिको सर्वेक्षणमा रोजगार मानिएका भए तापनि यस पटकको नयाँ परिभाषाअनुसार त्यस्ता क्रियाकलापहरु रोजगारअन्तर्गत परेका छैनन् ।

परिवार मूलीको पेशाअनुसार गरिबीको दर फरक देखिएको छ । कृषि क्षेत्रको ज्यालादारीमा लागेका परिवार मूली भएका घरपरिवारहरू अन्य क्षेत्रको ज्यालादारीमा लागेका परिवार मूली भएका परिवारहरूको तुलनामा बढी गरिब देखिएका छन् । कृषि क्षेत्रको ज्यालादारीमा लागेका परिवार मूली भएका घरपरिवारहरू ४७ प्रतिशत गरिब छन् भने अन्य व्यवसायिक क्षेत्रका ज्यालामा लागेका परिवार मूली भएका घरपरिवारहरू ६ प्रतिशत गरिब छन् तर यी दुवै क्षेत्रले जम्मा जनसंख्याको ७ प्रतिशत ओगटेको छ । आफ्नै खेतीपातीमा लागेका परिवार मूली भएका घर परिवारमध्ये २७ प्रतिशत गरिब छन् । जुन अन्य ज्यालादारीमा लाग्ने

र वेरोजगार र परिवार मूली भएका घर परिवारको गरिबीसँग लगभग बराबर छ । त्यसैगरी निष्कृय परिवार मूली भएका घर परिवारमध्ये १७ प्रतिशत घर परिवारहरू गरिब छन् । नेपालको गरिबीको स्थिति हेर्दा सहरी तथा ग्रामीण एवम् विभिन्न भौगोलिक क्षेत्र र समूहहरु बीचको भिन्नता अफ्र पनि निकै ठूलो रूपमा देखिएको छ ।

श्रम क्षेत्रमा यति धेरै जनसंख्या सहभागी भए पनि नेपालमा श्रमिकको सामाजिक आर्थिक अवस्था सुदृढ हुन सकेको छैन । अफै पनि धेरै यस्ता क्षेत्र छन् जहाँ श्रमिकहरूले काम गरेवापत न्युनतम पारिश्रमिक पनि पाइरहेका छैनन् । त्यसमाथि उनीहरू रोजगारदाताबाट शोषित र पिडीत छन् । श्रमिकको काम गर्ने समयावधी, पारिश्रमिक, सामाजिक सुरक्षाको विषय, सुविधा, भत्ता आदि कुरा अफै पनि श्रम ऐनले तोकेवमोजिम हुन सकेको छैन । दिनरात मिहिनेत गरे पनि दुई छाक टार्न धौधौ हुने स्थितिमा छन् । श्रमिकका लागि अधिकांश अन्तर्राष्ट्रिय सन्धि अनुमोदन गरेका छन् । तथापि ती सबै यहाँ लागु हुन सकिरहेका छैनन् । अफै पनि मजदुरहरू श्रमशोषित, रोजगारदाताबाट पीडित र व्यवसायजन्य सुरक्षाको अभावमा जोखिममा रहेर काम गर्न बाध्य छन् । अफ्र देशमा व्याप्त रहेको दस वर्षे ȁन्ȁका कारण धेरै मानिस ग्रामीण क्षेत्रबाट विस्थापित भएका छन् र उनीहरू सहरमा अथवा वैदेशिक रोजगारमा जान बाध्य छन् । श्रमको खोजीमा यस्ता विस्थापित मानिस सहर आएर निम्नस्तरको काम गर्न बाध्य छन् । जीविकोपार्जनका लागि जस्तोसुकै शोषणको बाबजुद उनीहरूको काम गर्नुपर्ने बाध्यता छ । यसैक्रममा बाध्य भएर वैदेशिक रोजगारमा जाने श्रमिक विदेशमा छन् । वैदेशिक रोजगारमा जान बाध्य पारिएका मानिस विदेशमा काम गर्ने क्रममा व्यवसायजन्य सुरक्षाको ज्ञानको कमीले वा अभावमा कहिले कारखाना त कहिले घर निर्माणको क्षेत्रमा, सडकमा दुर्घटनामा पर्ने गर्दछन् । यस्ता नेपाली श्रमिकको संख्या धेरै छ भने जसले अकालमा ज्यान गुमाउनु परिरहेको छ । यति हुँदहुँदै पनि यसका बारेमा राज्यले ठोस कानुन ल्याएर यहाँका मेनपावर कम्पनीलाई कानुनको दायरामा ल्याउन सकेको छैन ।

नेपालमा प्रतिवर्ष करिब ५ लाख व्यक्ति श्रमबजारमा थपिने गरेको अनुमान छ । तर श्रम बजारमा आउने व्याक्तिहरूलाई रोजगारी उपलब्ध गराउने विषय अफै पनि चुनौतीको रूपमा रहेको छ । उत्पादनमूलक रोजगारी सिर्जना तथा मुलुकमा उपलब्ध युवा श्रमशक्तिको उपयोग गरी आर्थिक विकासलाई गति प्रदान गर्नु परेको छ । कृषि क्षेत्रमा भएको अनुत्पादक अधिक जनशक्तिलाई उद्योग, व्यापार, पर्यटन, स्वाथ्य, शिक्षा जस्ता सेवा क्षेत्रमा स्थानान्तरण गर्नुपर्ने भएको छ । श्रमशक्ति सर्भेक्षण, २०७४ अनुसार हाल नेपालमा वेरोजगारी दर ११.४ प्रतिशत रहेको छ । पन्ध्रौ योजनाले सबै नागरिकलाई मर्यादित र उत्पादनशील रोजगारीका अवसर उपलब्ध गराउन दीर्घकालीन सोच लिएको छ । यस्तै योजनाले देशभित्र उत्पादनशील र मर्यादित रोजगारीका अवसर विस्तार गर्ने, असल औद्योगिक श्रमसम्बन्ध विकास गर्ने, बालश्रमलगायत सबै प्रकारका श्रमशोषण अन्त्य गर्ने, वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र व्यवस्थित गर्नेलगायतका उद्देश्यहरु राखेको छ ।

नेपालको संविधान २०७२ ले रोजगारी र श्रमको हकलाई मौलिक हकको रूपमा स्थापित गरेको छ । रोजगारीको हकसम्बन्धी ऐन, २०७५ ले प्रत्येक स्थानीय तहमा रोजगार सेवा केन्द्रको स्थापना गरी वेरोजगारहरूको पहिचान, सूचीकरण गर्ने र रोजगार सेवा केन्द्रहरूमा सूचीकृत भएका वेरोजगार व्याक्तिहरूलाई एक आर्थिक वर्षमा न्युनतम् सय दिनको रोजगारी प्रत्याभूतिको व्यवस्था गरेको छ । सरकारले क्षेत्रगतरूपमा राष्टि«य रोजगार नीति, २०७१ र वैदेशिक रोजगार नीति, २०६८ कार्यन्वयनमा ल्याएको छ । अन्तर्राष्ट्रिय क्षेत्रमा दीगो विकास लक्ष्य र अन्तर्राष्ट्रिय श्रम संगठन अभिसन्धीमार्फत सुरक्षित रोजगारीको प्रतिवद्धता व्यक्त गरेको छ । यसका लागि आन्तरिक रोजगारीको प्रवर्द्धन, बाध्यात्मक वैदेशिक रोजगारीको अन्त्य र उत्पादत्व अभिवृद्धि गर्ने रणनीतिअनुरूप विभिन्न कार्यक्रमहरु सञ्चालनमा रहेका छन् ।

**आर्थिक वर्ष २०८०/८१ को बजेट वक्तव्यमा उल्लेख गरिएअनुसार श्रमको सम्मान राष्ट्रको अभियान** भन्ने नाराका साथ मर्यादित रोजगारीका अवसर सिर्जना गर्न जोड दिइनेछ । असल श्रम सम्बन्ध स्थापना गरी श्रमिकको हकहितको सुरक्षा गर्नुका साथै उत्पादकत्व अभिवृद्धि गरिनुका साथै वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र व्यवस्थित बनाइने कार्यक्रम राखिएको छ । प्रधानमन्त्री रोजगार कार्यक्रमलाई पुनर्संरचना गरिनुका साथै उत्पादनशील रोजगारी सिर्जना गर्ने र श्रम बजारको नतिजामा सुधार गर्ने उद्देश्यसहित कार्यक्रम ढाँचामा परिमार्जन गरिने नीति लिइएको छ । स्थानीय तहबाट कार्यान्वयन हुने श्रममूलक काममा यस कार्यक्रमअन्तर्गत सूचीकृत वेरोजगारलाई कार्यस्थलमा आधारित तालिमसहितको न्यूनतम रोजगारी प्रदान गरिने कार्यक्रम राखिएको छ । स्थानीय तहबाट नै श्रम, सीप, उद्यमशीलता विकासलगायतका सेवा प्रदान गर्न सक्ने गरी रोजगार सेवा केन्द्रको स्तरोन्नति गरिनुका साथै प्रधानमन्त्री रोजगार कार्यक्रमका लागि रू. ५ अर्ब ९४ करोड विनियोजन गरिने कार्यक्रम राखिएको छ ।

नयाँ र आकर्षक गन्तव्य मुलुकहरूमा वैदेशिक रोजगारीका अवसरहरूको पहिचान र उपयोग गरिनुका साथै **अबको जीवन स्वदेशमा नै** भन्ने नाराका साथ वैदेशीक रोजगारबाट फर्किएका व्यक्तिलाई उद्यमशीलता विकास गर्ने र रोजगारीमा आवद्ध गर्ने गरी कार्यक्रम सञ्चालन गरिने नीति लिइएको छ । गरिबीको रेखामुनि रहेका र वैदेशीक रोजगारीबाट फर्केका व्यक्तिलाई लघु उद्यमीको रूपमा विकास गर्न स्थानीय तहमार्फत सीप विकास तालिम र व्यावसायिक परामर्श सेवा सञ्चालन गरिने कार्यक्रम राखिएको छ । वैदेशिक रोजगारको सिलसिलामा विदेशमा अलपत्र परेका नागरिकहरूको शीघ्र उद्दार गरिनुका साथै वैदेशिक रोजगारीका क्रममा घाइते वा मृत्यु भएका श्रमिकको परिवारलाई प्रदान गरिने राहत, क्षतिपूर्ति, छात्रवृत्तिलगायतका कल्याणकारी सेवा सम्बन्धित स्थानीय तहबाटै प्राप्त गर्न सक्ने व्यवस्था मिलाइने नीति लिइएको छ ।

**समस्या तथा सुफाबहरूः**

कामको अवसर समान हुँदाहुँदै पनि पैतृक सम्पत्ति छोरामा हस्तान्तरण गरिने प्रथाले मानिसको सम्पत्ति र आयमा असमानता हुन्छ । त्यसकारण यो प्रथालाई पनि बन्द गरिनु पर्दछ । व्यक्तिहरूको बढी आम्दानी जग्गाबाट आय र व्यापारिक लाभहरूको परिणामस्वरूप प्राप्त हुन्छ र कम आय कम मजदुरीको परिणाम हो । विकासोन्मुख देशका प्रत्येक सरकारले आफ्नो साधनको पर्याप्त भाग सामाजिक सेवाहरूमा खर्च गरिने योजना बनाउनु आवश्यक देखिन्छ । यी सेवाहरूमा वेरोजगारी, बिरामी र वृद्धावस्थाको कठिनाईहरूबाट रक्षा गर्ने योजनाहरु सम्मिलित छन् । थोरै आम्दानी हुनेहरूको आम्दानीमा वृद्धि गरेर पनि आर्थिक असमानता धेरै हदसम्म हटाउन सकिन्छ । यसको निम्ति सर्वप्रथम प्रत्येक सरकारद्वारा मालिकहरूले

थोरै ज्याला दिएर श्रमिकहरूलाई शोषण गर्न नपाउने गरी ज्यालासम्बन्धी ऐन नियमहरु बनाउनु पर्दछ र मजदुर संगठनहरूलाई प्रोत्साहन दिनु पर्दछ । आर्थिक व्यवस्थामा आमूल परिवर्तन ल्याएर पनि देशभित्रका विद्यमान भईरहेका आय र सम्पत्तिको असमानतालाई हटाउन सकिन्छ ।

कृषि क्षेत्र अल्पकालीन समयमा नै उत्पादनशीलताका साथ श्रमशक्ति ग्रहण गर्न सबैभन्दा ठूलो क्षमता राख्ने क्षेत्र भएकोले यसलाई सघन र विविधिकरण गर्न सिंचाई, नगदेवालीको विकास, कृषि, वन जस्ता कृषि कार्यक्रमहरूमा सरकारले जोड दिन आवश्यक छ । उच्च गुणस्तर हासिल गरेका व्यक्तिहरूलाई बढी आकर्षण गराउन तलब र भत्तालगायत अरु सुविधाहरु बढाउनु पर्ने, विदेशमा काम गर्नको लागि छुट्टै ऐन नियमको व्यवस्था हुनुपर्ने, ग्रामीण क्षेत्रमा बढी विकास गर्ने आदि उपयुक्त कदमहरु चालिएमा प्रतिभा पलायनको समस्या केही हदसम्म हटाउन सकिन्छ ।

निजी क्षेत्रको लगानीले प्रविधि र आधुनिक व्यवस्थापन प्रणालीको विकासद्वारा प्रतिस्पर्धात्मक क्षमता बढाउने हुँदा निजी क्षेत्रको लगानी आकर्षित गर्नको लागि पनि नीतिगत र कानुनी संरचनाहरूलाई लगानी अनुकुल बनाउनु अति आवश्यक रहन आएको छ । विश्व व्यापार संगठनको सदस्यता नेपालले प्राप्त गरिसकेको र सोअनुरूप करका दरहरु समायोजन गर्नुपर्ने आवश्यकता रहेको परिप्रेक्ष्यमा देशको राजश्व असुलीमा ऱ्हास आउन दिन नहुने चुनौति पनि रहेको छ । त्यस्तै राजश्व चुहावट रोक्नुका साथै जनतामा कर तिर्ने प्रवृत्तिको पनि विकास गर्नु पर्दछ । मौद्रिक नीति र वित्त नीति बीच समन्वयकारी भूमिका सुनिश्चित गर्न सके मूल्य, विनिमय दर, शोधनान्तर र आन्तरिक भुक्तानीमा हुने स्थायित्वले आर्थिक विकासको दरलाई उच्च र दीगो पार्नुका साथै असमान आयको वितरणमा कमी ल्याउन पनि मद्दत पुग्ने हुँदा यसअनुरूपको अनुकुल नीति तर्जुमा र कार्यान्वयन गर्नुपर्ने चुनौति रहेको छ । विदेशी मुद्रा आर्जनको मुख्य स्रोतका रूपमा रहेका निर्यात, पर्यटन अन्य सेवा तथा विप्रेषण आयमा निरन्तररूपमा वृद्धि गर्दै जानु चुनौतिपूर्ण रहेको छ भने संचित विदेशी मुद्राद्वारा वस्तु तथा सेवा आयात धान्न सक्ने उचितस्तर निर्धारण गरी सोभन्दा बढी संचितीको सवल र सक्षम व्यवस्थापन गरी त्यसबाट हुने आयमा वृद्धि गर्नुका साथै अर्थतन्त्रमा सकारात्मक प्रभाव अभिवृद्धि गर्दै जानुसमेत अर्को चुनौतिको रूपमा रहेको देखिन आउँछ । हाम्रो अर्थव्यवस्थाको आयोजना छनौटमा अत्याधिक राजनैतिक हस्तक्षेप छ । योजना, बजेट र आयोजनाहरूको छनौटलाई राजनैतिक हस्तक्षेपबाट मुक्त पार्नु जरूरी देखिन आउँछ । राजनैतिक स्थिति र प्रतिवद्धता बिना वैदेशिक सहयोगको परिचालन र उपयोग कार्यान्वयन हुन सक्दैन । उक्त कठोर राजनैतिक प्रतिवद्धतासहित वैदेशिक सहयोगबाट सञ्चालित योजनाहरूको अनुगमन, मूल्यांकन र सुपरिवेक्षण गर्ने हो भने नेपालको वैदेशिक सहयोगको वर्तमान उत्पादनशीलतालाई राम्रो गर्न सकिने सम्भावना बढी छ । राष्ट्रिय भावना र आवश्यकता अनुकूल हुने गरी विदेशी सहायतामा आधारित आयोजनाहरु शर्तसहितको अवस्थामा मात्र स्वीकार गर्ने गरेमा राम्रो हुनेछ । आन्तरिक स्रोतको परिचालनमा वृद्धि गरी बचतको अंश र परिमाण बढाई अथवा न्यून वित्तको परिमाण बढाई राजश्व बचत र आवश्यक लगानीको खाँचोबीच रहेको खाडल पूर्ति गर्नु पर्दछ । ■

**– सहप्राध्यापक, अर्थशास्त्र,**
**भक्तपुर बहुमुखी क्याम्पस**

## धुनिवेशी नगरपालिकाको अनुरोध

- **जन्म, मृत्यु, विवाह, बसाइसराईं जस्ता व्यक्तिगत घटना घटेको ३५ दिनभित्र आफ्नो वडा कार्यालयमा अनिवार्यरुपमा दर्ता गरौं ।**
- **नगरपालिका क्षेत्रभित्र रहेका सडक अतिक्रमण गरी बनाइएका घर, टहरा तथा अन्य संरचना यथाशीघ्र खाली गरी सार्वजनिक सडक तथा खाली जग्गा संरक्षण गर्ने अभियानमा जुटौं ।**
- **नगरपालिकाबाट स्वीकृत भवन निर्माण तथा सहरी योजना आधारभूत मापदण्डलाई पालना गरौं, भवन निर्माण तथा जग्गा प्लानिङ गर्दा अनिवार्य स्वीकृति तथा इजाजत लिएर मात्र गरौं ।**
- **हामीले तिरेको कर हाम्रै निम्ति हो, त्यसैले कर तिरौं । विकास निर्माणमा सहभागी बनौं ।**
- **घर/पसलबाट निस्किएको फोहोर नाला वा सडकमा नफालौं । नगरलाई सफा र सुन्दर बनाउन आ–आफ्नो ठाउँबाट लागौं ।**
- **नगरपालिका क्षेत्रभित्र रहेका पर्यटकीय क्षेत्र, ताल, तलैया र ऐतिहासिक सम्पदाको संरक्षण एवं सम्वर्द्धन गरौं ।**
- **महिला हिंसामुक्त समाजको निर्माण गरौं ।**
- **आफ्नो घर वरपर बोटविरुवा रोपी हरियाली बनाऔं ।**
- **घर बाहिर निस्कँदा अनिवार्यरुपमा मास्कको प्रयोग गरौं । सामाजिक दुरी कायम राखौं र नियमितरुपमा साबुनपानीले हात धुने बानी बसालौं ।**

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

**धुनिवेशी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**खानीखोला, धादिङ, बागमती प्रदेश**

# विषयगत प्रश्नोत्तर

**१. राष्ट्रिय सतर्कता केन्द्रको काम, कर्तव्य र अधिकार उल्लेख गर्नुहोस् ।**

भ्रष्टाचार विवारण ऐन, २०५९ बमोजिम राष्ट्रिय सतर्कता केन्द्रको काम, कर्तव्य र अधिकार निम्नानुसार छन्ः

क) नेपाल सरकारका मन्त्रालय, विभाग, कार्यालय र सार्वजनिक संस्थाबाट सम्पादन हुनु पर्ने कार्यहरु नियमित रुपमा भए/नभएको विषयमा सूचना संकलन गर्ने,
ख) नेपाल सरकारका मन्त्रालय, विभाग, कार्यालय वा सार्वजनिक संस्थाबाट नियमितरुपमा हुनुपर्ने कार्य भएको नपाइएमा त्यस्ता निकायलाई सो विषयमा सतर्क गर्ने,
ग) सार्वजनिक पद धारण गरेको व्यक्तिले प्रचलित कानुनबमोजिम दिइएको सम्पत्ति विवरण र आयको अनुगमन गर्ने,
घ) भ्रष्टाचार हुन सक्ने स्थान वा काममा नियमित निगरानी राख्ने, छड्के जाँच र अन्वेषण गर्ने आवश्यक व्यवस्था मिलाउने,
ङ) भ्रष्टाचार नियन्त्रण सम्बन्धमा अपनाउनु पर्ने नीति, रणनीति र तत्सम्बन्धी कानुनमा कुनै सुधार गर्नुपर्ने देखिएमा नेपाल सरकारलाई आवश्यक सुझाव दिने,
च) नेपाल सरकारका मन्त्रालय, विभाग, कार्यालय वा सार्वजनिक संस्थामा उजुरीपेटिका राख्ने व्यवस्था मिलाउने,
छ) भ्रष्टाचारको रोकथाम गर्ने उद्देश्यले आवश्यकताअनुसार सम्बन्धित निकायलाई कुनै सुझाब वा निर्देशन दिने,
ज) भ्रष्टाचारसम्बन्धी कसुरमा अनुसन्धान गर्ने निकाय वा पदाधिकारीबाट भ्रष्टाचारसम्बन्धी आवश्यक विवरण वा सूचना प्राप्त गरी अद्यावधिक गराई राख्ने,
झ) भ्रष्टाचारसम्बन्धी प्राप्त कुनै जानकारी सम्बन्धित निकायमा लेखी पठाउने,
ञ) भ्रष्टाचार नियन्त्रणसम्बन्धमा आइपर्ने अन्य कार्य गर्ने वा गराउने।
ट) नेपाल सरकारले तोकेको अन्य कार्य गर्ने, गराउने।

**२. अन्तःशुल्कको परिभाषा र उद्देश्यमाथि प्रकाश पार्दै नेपालमा कस्ता कस्ता वस्तुहरूमा अन्तःशुल्क लाग्ने गर्छ लेख्नुहोस् ।**

**अन्तःशुल्क**

- देशभित्र उत्पादन भई बिक्री वितरण तथा उपभोग हुने वस्तुमा लगाइने शुल्कलाई अन्तःशुल्क भनिन्छ ।
- अन्तःशुल्क वस्तु तथा सेवामा लाग्ने अप्रत्यक्ष कर हो ।
- साविकमा यो कर देशभित्र उत्पादित वस्तु तथा सेवामा मात्र उठाइने भएकाले यसको नाम अन्तःशुल्क रहन गएको हो । तर, अहिले यो कर आन्तरिक उत्पादनको अतिरिक्त आयातित वस्तु तथा सेवामा पनि लगाउने व्यवस्था गरिएको छ।
- मानव स्वास्थ्य र वातावरणमा असर गर्ने वस्तुको उत्पादन एवम् प्रयोगलाई निरूत्साहित गर्न र नियन्त्रण गर्न यो करको व्यवस्था गरिएको हो ।
- नेपालमा पहिले मदिराजन्य र सुर्तीजन्य वस्तुलगायतका वस्तुमा अन्तःशुल्क लगाउने गरिएकोमा अन्तःशुल्क ऐन, २०५८ ले आयात र सेवामा पनि अन्तःशुल्क लगाउन सक्ने नयाँ व्यवस्था गरी यसको दायरालाई फराकिलो बनाएको छ ।
- आर्थिक ऐन, २०६८ ले ५० वटा वस्तुमा अन्तःशुल्क लगाउन सक्ने व्यवस्था गरेको छ ।

**अन्तःशुल्कका उद्देश्यहरू**

- मानव स्वास्थ्य एवम् वातावरणमा हानी पुऱ्याउने वस्तुको उत्पादन र उपभोगमा नियन्त्रण गर्ने,
- विलासिताका वस्तुको उत्पादन तथा उपभोगलाई व्यवस्थित गर्ने,
- राजश्वको संकलन गर्ने,
- नेपालमा उत्पादित वा पैठारीजन्य वस्तुको सेवामा अन्तःशुल्क लगाउने र असुलउपर गर्ने कार्यद्वारा अन्तःशुल्क व्यवस्थापनलाई नियमित गर्ने,
- सामाजिक न्याय, शान्ति सुरक्षा र अनुशासन कायम गर्ने,
- मुलुकको आर्थिक विकासको लागि आवश्यक राजस्व संकलनमा अभिवृद्धि गर्ने,

**अन्तःशुल्क लाग्ने केही वस्तुहरू**

- सुर्ती र सुर्तीजन्य पदार्थ,
- मदिरा र मदिराजन्य पदार्थ,
- सवारी साधन,
- मार्वल,
- फलामे डण्डी,
- चाउचाउ,
- इँटा, सिमेन्ट,
- कत्था, कत्थारस,
- पानमसला,
- खुदो,
- तयारी फलफुलको रस आदि ।

**३. मूल्य अभिवृद्धि कर भनेको के हो ? मूल्य अभिवृद्धि करका उद्देश्यहरू के-के हुन् ?**

**मूल्य अभिवृद्धि कर**

- वस्तु तथा सेवाको मूल्यमा वृद्धि हुँदा बढेको मूल्यमा लाग्ने करलाई मूल्य अभिवृद्धि कर भनिन्छ ।
- मूल्य अभिवृद्धि कर वस्तु तथा सेवामा आधारित अप्रत्यक्ष कर हो ।
- जर्मनीका बिल हेल्म भोन साइमन्सले सन् १९१९ मा पत्ता लगाएका हुन् । नेपालमा वि. सं. २०५४ मंसिर १ गतेदेखि कार्यान्वयनमा आएको हो ।
- मूल्य अभिवृद्धि कर मूलतः दुई अवधारणाको आधारमा गर्ने गरिन्छ । ती हुन्, उत्पत्तिको सिद्धान्त र गन्तव्यको सिद्धान्त । उत्पत्तिको सिद्धान्तमा आयात करमुक्त हुन्छ भने निर्यात करको दायरामा आउँछ, अर्कोतर्फ गन्तव्यको सिद्धान्तमा निर्यात करमुक्त हुन्छ भने आयात करको दायरामा आउँछन् ।
- करकट्टी र कर फिर्ता यसका महत्वपूर्ण विशेषताहरु हुन् ।
- यो बिक्री करको सुधारिएको रुप हो साथै लेखामा आधारित आधुनिक कर हो ।
- नेपालमा मूल्य अभिवृद्धि करको गणना ट्याक्स क्रेडिट मेथडबाट गरिन्छ ।
- नेपालमा हाल १३ प्रतिशत मू.अ.क. कायम गरिएको छ ।
- मूल्य अभिवृद्धि करलाई व्यवस्थित गर्न नेपालमा मु.अ. कर ऐन, २०५२ र नियमावली २०५३ लागू गरिएको छ ।

**मूल्य अभिवृद्धि करका उद्देश्यहरू**

- करको दायरा फराकिलो बनाउने,
- राजश्व चुहावट नियन्त्रण गर्ने,
- राजश्व संकलनमा वृद्धि गर्ने,
- वैज्ञानिक कर प्रणालीको रूपमा कार्य गर्ने,
- स्वयं कर निर्धारण प्रणालीलाई प्रोत्साहन गर्ने,
- निकासीलाई प्रोत्साहन गर्ने,
- आर्थिक असक्षमता हटाउने,

**४. धरौटी स्रेस्ता प्रणालीको परिचय दिनुहोस् ।**

**धरौटी स्रेस्ता प्रणाली**

- धरौटी रकम भन्नाले कुनै काम टुंगो नलागेसम्म सुरक्षणवापत राखिएको जमानत रकम (रिटेन्सन मनी) वा अर्नेस्ट मनी वा सो वापतको बिडवण्ड वा परफरमेन्स वण्ड सम्झनुपर्छ र सो शब्दले अन्य कुनै कारणले सुरक्षण राख्नुपर्ने भई सोवापत राखिएको रकम समेतलाई जनाउँछ ।
- यस्तो रकम सरकारी खातामा जम्मा गरेता पनि काम टुंगो लागी सदर स्याहा नभएसम्म सरकारको आम्दानी वा राजश्व होइन ।
- यस्तो रकम या त सदर स्याहा भई राजश्वमा आम्दानी बाधिन्छ या त काम सम्पन्न भएपश्चात् सम्बन्धित पक्षलाई फिर्ता गरिन्छ ।
- अतः सरकारलाई प्राप्त धरौटी रकम फिर्ता गर्ने, जफत गर्ने र सदर स्याहाको कारवाहीलाई व्यवस्थित गर्न राखिने स्रेस्ता प्रणाली नै धरौटी स्रेस्ता प्रणाली हो ।
- अर्को अर्थमा भन्नुपर्दा, धरौटी रकमको व्यवस्थित अभिलेखांकन र सोको प्रतिवेदन गर्ने गरी तयार पारिएको स्रेस्ता हो, जसले धरौटी प्रशासनलाई स्वच्छ, पारदर्शी, नियमित र उत्तरदायी बनाउन मद्दत गर्छ ।

**५. पन्धौं योजनाका राष्ट्रिय उद्देश्य र रणनीति उल्लेख गर्नुहोस् ।**

**पन्धौं योजनाका राष्ट्रिय उद्देश्य**

- सर्वसुलभ, गुणस्तरीय र आधुनिक पूर्वाधार निर्माण, उत्पादनशील र मर्यादित रोजगारी अभिवृद्धि, उच्च, दीगो र समावेशी आर्थिक वृद्धि तथा गरिबी निवारण गर्दै समृद्धिको आधार निर्माण गर्नु ।
- गुणस्तरीय स्वास्थ्य शिक्षा, स्वास्थ्य तथा सन्तुलित वातावरण, सामाजिक न्याय र जवाफदेही सार्वजनिक सेवा कायम गरी संघीय शासन व्यवस्थाको सुदृढीकरण गर्दै नागरिकलाई मर्यादित र परिस्कृत जीवनयापनको अनुभूति गराउनु ।
- सामाजिक आर्थिक रूपान्तरण तथा स्वाधीन राष्ट्रिय अर्थतन्त्र निर्माण गरी देशको स्वाभिमान, स्वतन्त्रता र राष्ट्रिय हितको संरक्षण गर्नु ।

**पन्धौं योजनाका राष्ट्रिय रणनीति**

- तीव्र, दिगो र रोजगारमूलक, आर्थिक वृद्धि गर्ने,
- सुलभ तथा गुणस्तरीय स्वास्थ्य सेवा र शिक्षाको सुनिश्चितता गर्ने,
- आन्तरिक तथा अन्तरदेशीय आवद्धता एवं दिगो सहर/बस्ती विकास गर्ने
- उत्पादन तथा उत्पादकत्व अभिवृद्धि गर्ने,
- पूर्ण दिगो, उत्पादनशील सामाजिक सुरक्षा तथा संरक्षण प्रदान गर्ने,
- गरिबी निवारण र आर्थिक सामाजिक समानता सहितको न्यायपूर्ण समाज निर्माण गर्ने,
- प्राकृतिक स्रोतको संरक्षण र परिचालन तथा उत्थानशिलताको विकास गर्ने,
- सार्वजनिक सेवाको सुदृढीकरण, प्रादेशिक सन्तुलन र राष्ट्रिय एकता सम्बर्द्धन गर्ने।

**६. नेपालका स्थानीय तहहरूले के-कस्ता अनुदान प्राप्त गर्छन् ?**

संघीयताको कार्यान्यनसँगै नेपालका स्थानीय तहहरूले वित्तीय सामान्यीकरण, सशर्त अनुदान, समपुरक अनुदान गरी तीन किसिमका अनुदान प्राप्त गर्छन् । यसलाई निम्नानुसार प्रस्तुत गरिएको छः

**१. वित्तीय सामान्यीकरण**

- नेपाल सरकार र स्थानीय तहको आवश्यकता र राजश्व आर्जन क्षमताको आधारमा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसमा कानुनबमोजिम स्थानीय तहलाई प्रदान गर्ने अनुदान वित्तीय सामान्यीकरण हो ।
- प्रदेश सरकारले पनि नेपाल सरकारबाट प्राप्त अनुदान र आफ्नो स्रोतबाट उठेको राजश्वलाई कानुनबमोजिम स्थानीय तहलाई प्रदान गर्ने कार्य गर्छ ।

**२. सशर्त अनुदान**

- कुनै योजना कार्यान्वयन गर्न स-सर्तसहित प्रदान गरिने अनुदान स-सर्त अनुदान हो ।
- नेपाल सरकारले राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्तीय आयोगको तोकेका आधारमा र प्रदेश सरकारले कानुनबमोजिम स्थानीय तहलाई यस्तो अनुदान दिने गर्छ ।

**३. समपुरक अनुदान**

- पूर्वाधार विकाससम्बन्धी कुनै योजना कार्यान्वयन गर्न प्रदान गरिने रकम समपुरक रकम हो ।
- स्थानीय तहको एकल प्रयास पूरा हुन नसक्ने ठूला प्रकृतिका आयोजनाको लागि समपुरक अनुदान प्रदान गरिन्छ ।
- यो अनुदान आयोजनाको कुल लागतको आधारमा प्रदान गरिन्छ ।

**७. अन्तर सरकारी वित्त व्यवस्थापन भनेको के हो ? यसअन्तर्गत पर्ने विषयहरू के के हुन् ?**

तहगत सरकारहरूबीच आय व्यय, बजेट, ऋणलगायतका क्षेत्रमा आपसमा समन्वय एवं सहकार्य गर्दै आफ्नो वित्तीय क्षमता सुदृढ गर्ने कार्यलाई अन्तरसरकारी वित्त व्यवस्थापन भनिन्छ । यसमा तहगत सरकारहरूबीचमा वित्त साधन परिचालनमा आफ्नो अनुभव, सूचना आदानप्रदान गर्ने, साधन स्रोतको बाँडफाँड गर्ने, देखिएका समस्या समाधान गर्नेलगायतका कार्य भई तहगत सरकारबीचको सम्बन्ध थप सुदृढ गरिन्छ । यो संघीयताको एक महत्वपूर्ण पक्ष हो । त्यसैले संघीयता यसैमा निर्भरसमेत हुने गर्दछ । यसले वित्तीय संघीयतालाई तहगत सरकारबीच व्यवस्थापनको कार्य गर्दछ ।

**यस अन्तर्गत पर्ने विषयहरू :**

- राजस्वको अधिकार,
- राजस्व बाँडफाँड,
- अनुदान वितरण,
- ऋण व्यवस्थापन,
- बजेट व्यवस्थापन,
- सार्वजनिक खर्च व्यवस्थापन,
- वित्तीय अनुशासन तथा जवाफदेहिता,
- वित्त व्यवस्थापनमा समन्वय गर्न कानुनी र संस्थागत संयन्त्र ।

# वस्तुगत प्रश्नोत्तर

रातो मच्छिन्द्रनाथको भोटो जात्रा हेर्ने पहिलो लिच्छवि राजा को हन् ?

- वरदेव

पहिलो विश्वयुद्धमा बेलायती सेनामा खटिएका र अंगभंग भई फर्केका सैनिकलाई वार्षिकरूपमा निश्चित रकम दिने परम्परा कुन राणा प्रमले बसालेका हुन् ?

- चन्द्र शमशेर

कुन राणा प्रमले सैनिक द्रव्यकोषको स्थापना गरी तोकिएको वर्ष सेवा पुरा गरेका जंगीतर्फका अफिसरहरूका लागि सैनिक द्रव्यकोषको व्यवस्था मिलाई नोकरी छुटेपछि एकमुष्ट रूपियाँ पाउने व्यवस्था मिलाएको थियो ?

- जुद्ध शमशेर

नेपाल सरकार मन्त्रिपरिषद्को कहिलेको निर्णयबाट कौशी तोषाखाना कार्यालयको नाम परिवर्तन गरी निवृत्तिभरण व्यवस्था कार्यालय कायम गरिएको छ ?

- वि.सं. २०६९ श्रावण १२

कर्मचारीलाई निवृत्तिभरण (पेन्सन) दिने प्रचलन विश्वमा सर्वप्रथम सन् १८८३ मा कुन देशबाट प्रारम्भ भएको हो ?

- जर्मनी

रोमन राम्राज्यका पहिलो सम्राट को हुन् जो ४० वर्ष लामो शासकका रूपमा रहेका थिए ?

- अगस्टस्

विश्वविख्यात योद्धा अलेकजेण्डर द ग्रेटकी पत्नीको नाम के थियो ?

- रोक्सना

सन् १४९२ मा अमेरिका पत्ता लगाउने भौगोलिकवेत्ता क्रिस्टोफर कोलम्बसको जन्म कुन देशमा भएको थियो ?

- इटली

सर्वप्रथम राष्ट्रिय झन्डा प्रयोग गर्ने देश कुन हो ?

- डेनमार्क

शनिबार नेपालले जस्तै बिदा दिने देश कुन हो ?

- इजरायल

रवरको सडक कुन देशमा छ ?

- फ्रान्स

पृथ्वीको पहिलो मानिसलाई के नाम दिइएको छ ?

- रामापिथेकस

बाबुले लेख्न सुरु गरेर छोराले पूरा गरेको विश्वप्रसिद्ध कृति कुन हो ?

- कादम्बरी

केन्द्रीय बैंक नभएको देश कुन हो ?

- पानामा

भारतका सम्राट अशोकले लडेको एउटा मात्र युद्ध कुन हो ?

- कलिङ्को युद्ध

विश्वका सात आश्चर्य मध्ये डायनादेभीको मुर्ती बनाउने ब्यक्ति को हुन् ?

- क्रोमस

इतिहासको बत्ति भन्नाले कुन देशलाई बुझाउँछ ?

- ग्रीस

गोल्डेन गेट नामक उपन्यासका लेखिका को हुन् ?

- सिर्जना शर्मा

सुदूरपश्चिममा कुसंस्कारका रूपमा रहेको छाउपडी प्रथामा आधारित कालो छायाँ उपन्यासका लेखिका को हुन् ?

- अनुपमा रोशी

बुद्ध धर्ममा भिक्षु जीवनको सुरुवातलाई के भनिन्छ ?

- प्रवज्या

विश्वमा क्रिश्चियन धर्म मान्नेहरूको संख्या विश्वको कुल जनसंख्याको कति प्रतिशत रहेको छ ?

- ३३.७ प्रतिशत

अर्थशास्त्रमा वस्तुको एकमात्र उत्पादन भएको अवस्थालाई मोनोपोली भनिन्छ भने कुनै पनि वस्तु एकमात्र खरिददार भएको अवस्थालाई के भनिन्छ ?

- मोनोब्सनी

'टाकिला' कुन मुलुकको राष्ट्रिय पेयपदार्थ हो ?

- मेक्सिको

नदीले कटान गरी ल्याएको माटो वा गिट्टीमा पाइने शुद्ध सुनको टुक्रा वा कणलाई के भनिन्छ ?

- प्लासर

मल्ल कालमा सैनिक अधिकारीलाई के भनिन्थ्यो ?

- उभय

जटजटिन नाच कुन जातिमा प्रचलित छ ?

- थारु

कुन जातिलाई 'कारभोटे' भनिन्छ ?

- ल्होमी

वाल्मीकि आश्रम कहाँ रहेको छ ?

- नवलपरासी (नारायणी नदीको किनारमा)

कौटिल्यको वास्तविक नाम के हो ?

- विष्णु गुप्त

नेपाल र बंगलादेशबिच दोहोरो करमुक्ति सम्झौता कहिले भयो ?

- वि.सं २०७१ माघ १५ गते

विश्वमा नागरिक बडापत्रको सुरूवात कहिलेदेखि भएको हो ?

- सन् १९९१

समाज सुधारक, किराँत धर्म प्रणेता एवं दर्शनदाता फाल्गुणानन्दको जन्म कहिले र कहाँ भएको थियो ?

- वि.सं १९४२ कार्तिक २५, इलाम

तपस्वी महागुरू फाल्गुणानन्दलाई कहिले राष्ट्रिय विभूति घोषणा गरिएको हो ?

- वि.सं २०६६ मंसिर १६ गते

वालन नाचगान कुन समुदायसँग सम्बन्धित छ ?

- ब्राहमण-क्षेत्री दुबै

नेपालको हालको राष्ट्रिय गानको संगित संयोजन कोद्वारा गरिएको हो ?

- अम्बर गुरूङ

नेपालमा सबभन्दा पहिला बजेट प्रस्तुत कहिले भएको हो ?

- वि.सं. २००८ माघ २१ गते

नेपालको पोखरा पछि धेरै पानी पर्ने ठाउँ कुन हो ?

- संखुवासभा

दैलेख सावर छालाको लागि प्रसिद्ध छ भने खोकना के को लागि प्रसिद्ध छ ?
- तेल

सिट्टा सिँचाई आयोजना कुन जिल्लामा सञ्चालीत छ ?
- बाँके

द्वित्तिय विश्वयुद्धको अन्त्य कहिले भयो ?
- सन् १९४५

नेपाल पिक कुन जिल्लामा पर्छ ?
- ताप्लेजुङ

नेपालमा सबैभन्दा बढी सुपारी फल्ने जिल्ला कुन हो ?
- झापा

लाभा सतहमा आउने मार्गलाई के भनिन्छ ?
- नली (neck)

नेपालले कहिलेदेखि हिमाल पर्वतारोहण गर्न थालेको हो ?
- सन् १९४९

सुर्योदयको दृष्यावलोकनको लागि प्रसिद्ध स्थल इलामको अन्तु डाँडा कति उचाईमा रहेको छ ?
- १६७७ मिटर

८ हजार मिटरभन्दा अग्ला संसारका १४ वटा हिमाल मध्ये नेपालमा कतिवटा छन् ?
- ८ वटा

च्छो रोल्पा हिमताल कुन जिल्लामा पर्दछ ?
- दोलखा

ग्रिनविच कति डिग्री देशान्तरमा पर्दछ ?
- ० डिग्री

'चिना हराएको मान्छे' पुस्तकको लेखकको हुन् ?
- हरिवंश आचार्य

गेरूको लागि प्रसिद्ध स्थान कुन हो ?
- सिन्धुपाल्चोक

लिच्छविकालको राजकीय भाषा कुन थियो ?
- संस्कृत

पानीको विशिष्ट ताप धारण क्षमता कति हुन्छ ?
- 4200 J/kg °C

EPR Paradox नामक सिद्धान्त कसले पत्ता लगाएका हुन् ?
- अल्वर्ट आइन्सटाईन

नेपाल अधिराज्यको संविधान २०१५ मा कति भाग कति धारा र कति अनुसूचीहरू थिए ?
- १० भाग ७७ धारा ३ अनुसूची

नेपालमा कफि खेतिको सुरूवात कति सालमा भएको थियो ?
- वि स २०११ सालमा

जनक हिमाल कुन जिल्लामा पर्दछ ?
- ताप्लेजुङ

सगरमाथालाई पहिला के नामले चिनिन्थ्यो ?
- पन्ध्रौं चुली

नेपालमा ८५०० मिटर भन्दा बढी उचाई भएको हिमशिखरहरू कति वटा छन् ?
- ३

माछापुच्छ्रे हिमाल कुन हिमश्रृंखाला अन्तर्गत पर्दछ ?
- अन्नपुर्ण

नेपाल पिक र सिंहलिला पर्वत कुन जिल्लामा पर्दछ ?
- ताप्लेजुङ

हिल स्टेसन अफ नेपाल भनेर केलाई बुझिन्छ ?
- महाभारत पर्वत श्रेणी

त्रिभुवन राजपथको सबैभन्दा अग्लो भाग कुन हो ?
- सिमभञ्जाङ

नेपालमा पर्यटन परिषदको अध्यक्ष को रहन्छ ?
- प्रधानमन्त्री

विश्वको पहिलो नगदेवाली कुन हो ?
- चिया

पशुपति क्षेत्रले कति भूभाग ओगटेको छ ?
- २६४ हेक्टर

साहित्यमा कति वटा रस छन ?
- ९ रस

सर्वप्रथम मदन पुरस्कार पाउने कृति कुन हो ?
- मन

नेपाल कहिले बारूदी सुरूङमुक्त क्षेत्र घोषित भएको हो ?
- वि.सं २०६८ जेठ ३१ गते

राष्ट्रिय भूउपयोग नीति २०६९ ले जग्गालाई कति भागमा विभाजन गरेको छ ?
- ७ भाग

सबैभन्दा सिधा सूर्यको ताप परी गर्मी हुने अक्षांश रेखा कुन हो ?
- भू-मध्ये रेखा

दुइ अक्षांश रेखाबीच कति दुरीको फरक हुन्छ ?
- १११ कि.मि.

नाइल नदिको उत्पति कहाँ बाट हुन्छ ?
- भिक्टोरिया ताल

पृथ्वीमा कति वटा महासागर रहेको छ ?
- ५ वटा

दक्षिण ध्रुबीय महासागरको नामले कुन महासागरलाई चिनिन्छ ?
- कुमेरू महासागर

त्रिभुज आकारको महासागर भनेर कुन महासागरलाई बुझिन्छ ?
- प्रशान्त महासागर

रहस्यमय बर्मुडा त्रिकोण कुन महासागरमा पर्दछ ?
- आन्द्र महासागर

अमेरिका र दक्षिण अमेरिकालाई जोड्ने नहर कुन हो ?
- पानामा नहर

नयाँ संसार भनेर कुन महादेशलाई चिनिन्छ ?
- उत्तर अमेरिका

हजारौ तालको देश भनेर कुन देशलाई चिनिन्छ ?
- फिनल्याण्ड

प्रायद्विपको पनि प्रायद्विप भनेर कुन महादेशलाई चिनिन्छ ?
- युरोप

अमेरिका महादेशको सबैभन्दा लामो नदिको नाम के हो ?
- मिसिसिपी

जनशुन्य महादेश भनेर कुन महादेशलाई चिनिन्छ ?
- अन्टार्कटिका

कुन महादेशमा मरूभूमि रहेको छैनन् ?
- युरोप

कुन महादेशलाई भू-मध्यरेखाले बीच भागमा काटेको छ ?
- अफ्रिका

भूपरिवेष्ठित राष्ट्र नभएको महादेश कुन हो ?
- उत्तर अमेरिका

## नेत्रावती डबजोङ गाउँपालिकाको अनुरोध

- जन्म, मृत्यु, विवाह, बसाइसराइं जस्ता व्यक्तिगत घटना घटेको ३५ दिनभित्र आफ्नो वडा कार्यालयमा अनिवार्यरुपमा दर्ता गरौं ।
- नगरपालिकाका क्षेत्रभित्र रहेका सडक अतिक्रमण गरी बनाइएका घर, टहरा तथा अन्य संरचना यथाशीघ्र खाली गरी सार्वजनिक सडक तथा खाली जग्गा संरक्षण गर्ने अभियानमा जुटौं ।
- नगरपालिकाबाट स्वीकृत भवन निर्माण तथा सहरी योजना आधारभूत मापदण्डलाई पालना गरौं, भवन निर्माण तथा जग्गा प्लानिङ गर्दा अनिवार्य स्वीकृति तथा इजाजत लिएर मात्र गरौं ।
- हामीले तिरेको कर हाम्रै निम्ति हो, त्यसैले कर तिरौं । विकास निर्माणमा सहभागी बनौं ।
- घर/पसलबाट निस्किएको फोहोर नाला वा सडकमा नफालौं । नगरलाई सफा र सुन्दर बनाउन आ-आफ्नो ठाउँबाट लागौं ।
- नगरपालिका क्षेत्रभित्र रहेका पर्यटकीय क्षेत्र, ताल, तलैया र ऐतिहासिक सम्पदाको संरक्षण एवं सम्वर्द्धन गरौं ।
- महिला हिंसामुक्त समाजको निर्माण गरौं ।
- आफ्नो घर वरपर बोटविरुवा रोपी हरियाली बनाऔं ।
- घर बाहिर निस्कँदा अनिवार्यरुपमा मास्कको प्रयोग गरौं । सामाजिक दुरी कायम राखौं र नियमितरुपमा साबुनपानीले हात धुने बानी बसालौं ।

**नेत्रावती डबजोङ गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
सेमजोङ, धादिङ, बागमती प्रदेश

---

## मालपोत कार्यालय बर्दिबासको अनुरोध

- तपाईं मालपोत कार्यालयमा कुनै काम लिएर आउँदै हुनुहुन्छ भने, आफ्नो सक्कल नागरिकताको प्रमाण-पत्र, पासपोर्ट साइजको फोटो, सक्कल जग्गाधनी दर्ता प्रमाण पुर्जा, घर जग्गा लिँदाको लिखत, चालु आ.व. को मालपोत तिरेको तिरो रसिद र काम अनुसारको आफु बसेको वडाको सिफारिससमेत अनिवार्यरुपमा साथमा लिएर आउनुपर्छ ।
- मालपोत कार्यालयमा पेश गर्नुपर्ने लिखत फारम र निवेदनहरु सामान्य लेखपढ गर्न सक्नेहरुले भर्न सक्ने गरी तयार गरिएको छ । सरलीकृत निवेदन र फारमहरु भूमि व्यवस्थापन तथा अभिलेख विभागको वेवसाईट www.dolma.gov.np बाट डाउनलोड गर्नुहोस् ।
- फारम भर्न कुनै अलमलमा पर्नुभएको छ भने सहजिकरणको लागि मालपोत कार्यालयको सहायता कक्षबाट सहयोग लिनुहोस् ।

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
**मालपोत कार्यालय बर्दिबास**
महोत्तरी

# प्रशासनिकसरोकार

प्रशासनिक, राजनीतिक र आर्थिक परिदर्शन

प्रशासनिक सरोकार मासिकको आधिकारिक वेबसाइट




www.prashasaniksarokar.com

## प्रशासनिक सरोकार मिडिया ग्रुप

अनामनगर, काठमाडौं